
वैशाख - १

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

वर्ष २७, अङ्क १ | २०७५, वैशाख १-१५ | पूर्णाङ्क ६१९



प्रकाशक

## सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७२८, ४२००७२९, ४२००७५० Ext.२५११ (सम्पादन), २५१४ (छापाखाना), २१३१ (बिक्री)

फ्याक्सः ४२००७४९, पो.व.नं. २०४३८

**Email:** info@supremecourt.gov.np, **Web:** www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

| | |
|---|---|
| **माननीय न्यायाधीश श्री हरिकृष्ण कार्की, सर्वोच्च अदालत** | **- अध्यक्ष** |
| **मुख्य रजिष्ट्रार श्री राजनप्रसाद भट्टराई** | **- सदस्य** |
| **नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय** | **- सदस्य** |
| **रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय** | **- सदस्य** |
| **अधिवक्ता श्री खम्मबहादुर खाती, महासचिव, नेपाल बार एसोसिएसन** | **- सदस्य** |
| **वरिष्ठ अधिवक्ता श्री शैलेन्द्रकुमार दाहाल, अध्यक्ष, सर्वोच्च अदालत बार एसोसिएसन** | **- सदस्य** |
| **प्रा.डा.ताराप्रसाद सापकोटा, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय** | **- सदस्य** |
| **सहरजिष्ट्रार श्री भद्रकाली पोखरेल, सर्वोच्च अदालत** | **- सदस्य सचिव** |

**सम्पादक :** श्री रामप्रसाद बस्याल

**सम्पादन :** श्री रामप्रसाद पौडेल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री निलकण्ठ बराल
शाखा अधिकृत श्री मिनबहादुर कुँवर
कम्प्युटर अधिकृत श्री विक्रम प्रधान
ना.सु. श्री विनोदकुमार यादव
ना.सु. श्री पुष्पराज शर्मा
ना.सु. श्री अर्जुनबाबु सापकोटा
सि.कं. श्री ध्रुव सापकोटा
कम्प्युटर अपरेटर श्री विजय खड्का
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कार्यालय सहयोगी श्री राजेश तिमल्सिना

**भाषाविद् :** सहप्रा. श्री रामचन्द्र फुयाल

**बिक्री शाखामा कार्यरत् कर्मचारी**

डि.श्री नरबहादुर खत्री

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

सुपरभाइजर श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
सिनियर प्रेसम्यान श्री नरेन्द्रमुनि बज्राचार्य
सिनियर हेल्पर श्री तुलसीनारायण महर्जन
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सहायक डिजायनर श्री रसना बज्राचार्य
सिनियर बुकबाइन्डर श्री रमेश बासुकला
बुकबाइन्डर श्री यमनारायण भडेल
बुकबाइन्डर श्री मीरा वाग्ले
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| संयुक्त इजलास | २२ |
| इजलास नं. १ | ४ |
| इजलास नं. २ | ४ |
| इजलास नं. ३ | २ |
| इजलास नं. ४ | ९ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | २ |
| इजलास नं. ८ | ६ |
| जम्मा | ५५ |

| | |
|---|---|
| इजलास नं. ९ | ५ |
| इजलास नं. १० | २ |
| इजलास नं. ११ | १ |
| इजलास नं. १२ | ४ |
| इजलास नं. १३ | ११ |
| इजलास नं. १४ | २ |
| इजलास नं. १५ | ४ |
| इजलास नं. १६ | २ |
| इजलास नं. १९ | १ |
| एकल इजलास | २ |
| जम्मा | ३४ |

**कूल जम्मा** **५५ + ३४ = ८९**

नेपाल कानून पत्रिकामा

२०१५ सालदेखि २०६९ साल असोजसम्म

प्रकाशित

# निर्णयहरूको सारसङ्ग्रह

## विषयगत आधारमा

### वर्गीकृत

एघार खण्ड पुस्तकहरू बिक्रीमा छन् ।

मूल्य रू.५,५००।-

<u>पाइने ठाउँ</u>

- नेपाल कानून पत्रिका बिक्री कक्ष, सर्वोच्च अदालत
- न्यायाधीश समाज नेपाल, बबरमहल
- सर्वोच्च अदालत बार एसोसिएसन, नेबाए भवन

यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः

सअ बुलेटिन २०७... ... .... १ वा २, पृष्ठ ....

(साल) (महिना)

उदाहरणार्थः सअ बुलेटिन २०७५, वैशाख – १, पृष्ठ १

का.जि.द.नं. ३९।०४९।०५०

सर्वोच्च अदालतलगायत मातहतका अदालतहरू एवम् अन्य न्यायिक निकायहरूका कामकारवाहीसँग सेवाग्राहीहरूको कुनै गुनासो, उजुरी र सुझाव भए सर्वोच्च अदालत, प्रधानन्यायाधीशको निजी सचिवालयमा रहेको

**Toll Free Number**

**१६६०–०१–३३३–५५**

वा

**इमेल ठेगाना**

**cjs@supremecourt.gov.np**

मा सम्पर्क गर्न सकिने छ।

**मूल्य रू.१५।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

# विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **संयुक्त इजलास** | | | **१ - ११** |
| १. | उत्प्रेषण / परमादेश | दीपकबहादुर साउदसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | |
| २. | उत्प्रेषण | रामकृष्ण गिरी वि. पुनरावेदन अदालत पाटनसमेत | |
| ३. | विनाइजाजत लौठ सल्लाको पात ओसारपसार | नेपाल सरकार वि. कृष्णबहादुर भ्लोनसमेत | |
| ४. | उत्प्रेषण / परमादेश | डा. सबरी साह वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत | |
| ५. | भ्रष्टाचार | नेपाल सरकार वि. मोहमद आलमसमेत | |
| ६. | भ्रष्टाचार | नेपाल सरकार वि. योगेन्द्रप्रसाद भगतसमेत | |
| ७. | भ्रष्टाचार | नेपाल सरकार वि. मुकेशकुमार यादवसमेत | |
| ८. | दा.खा. निर्णय बदर | राजिव विक्रम शाह वि. माला राज्यलक्ष्मी शाह | |
| ९. | उत्प्रेषण / परमादेश | नेत्रप्रसाद अचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत | |
| १०. | कर्तव्य ज्यान / रहजनी चोरी | डम्बरबहादुर बुढा वि. नेपाल सरकार | |
| ११. | कर्तव्य ज्यान | नेपाल सरकार वि. वीरबहादुर घर्ती | |
| १२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. भोला खपाङ्गी मगर | |
| १३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. महानन्द कपाडीसमेत | |
| १४. | कर्तव्य ज्यान (साधक) | नेपाल सरकार वि. कुमार शेर्पा | |
| १५. | उत्प्रेषण / परमादेश | मायादेवी अधिकारी वि. मालपोत कार्यालय, मोरङसमेत | |
| **इजलास नं. १** | | | **११ - १२** |
| १६. | डाँका चोरी | नेपाल सरकार वि. विष्णु लामासमेत | |
| **इजलास नं. २** | | | **१२ - १५** |
| १७. | डाँका | नेपाल सरकार वि. रोहितबहादुर थापा मगरसमेत | |
| १८. | कर्तव्य ज्यान | दीपेन्द्रबहादुर जेठरा वि. नेपाल सरकार | |
| १९. | उत्प्रेषण | भोलीदेवीसमेत वि. विन्देश्वरीप्रसाद दाससमेत | |
| २०. | ज्यान मार्ने उद्योग | नेपाल सरकार वि. हरिलाल यादवसमेत | |
| **इजलास नं. ३** | | | **१५ - १६** |
| २१. | डाँका | विष्णुप्रसाद श्रेष्ठसमेत वि. नेपाल सरकार | |
| २२. | निषेधाज्ञा | जीतन ठाकुर वरही वि. हरि यादवसमेत | |

| | | |
|---|---|---|
| **इजलास नं. ४** | | **१६ - २२** |
| **२३.** | कर्तव्य ज्यान | कमारी नेपाली वि. नेपाल सरकार |
| **२४.** | कर्तव्य ज्यान, रहजनी चोरी | देउबहादुर मगर वि. नेपाल सरकार |
| **२५.** | उत्प्रेषण | सुर्मिला देवी यादव वि. रौतहट जिल्ला अदालत गौरसमेत |
| **२६.** | उत्प्रेषण / परमादेश | सुरेन्द्र भण्डारी वि. नेपाल सरकारसमेत |
| **२७.** | उत्प्रेषण / परमादेश | डा.पदमराज अधिकारी वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत |
| **२८.** | उत्प्रेषण / परमादेश | राममणि घिमिरे वि. जिल्ला स्वास्थ्य कार्यालय, नुवाकोटसमेत |
| **२९.** | डाँका | नेपाल सरकार वि. नुरबहादुर मगरसमेत |
| **३०.** | उत्प्रेषण / परमादेश | डा. किरणकुमार के.सी. वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **इजलास नं. ५** | | **२२ - २५** |
| **३१.** | कर्तव्य ज्यान तथा जातिय छुवाछुतसमेत | नेपाल सरकार वि. मिमबहादुर शाहीसमेत |
| **३२.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. रामकुमार श्रेष्ठ |
| **३३.** | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. लेखनाथ प्रसाई |
| **इजलास नं. ६** | | **२५ - २६** |
| **३४.** | उत्प्रेषण, परमादेश र निषेधाज्ञा | रेगनकुमार बस्नेतसमेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण केशरमहलसमेत |
| **३५.** | परमादेश | भोलाप्रसाद मिश्र वि. जिल्ला शिक्षा कार्यालय, नेपालगञ्जसमेत |
| **३६.** | कर्तव्य ज्यान | कल्पना लामा (तामाङ) वि. नेपाल सरकार |
| **इजलास नं. ७** | | **२६ - २८** |
| **३७.** | उत्प्रेषण / परमादेश | रामनारायण यादव वि. मध्यक्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाका नायब प्रहरी प्रहरी महानिरीक्षकसमेत |
| **३८.** | उत्प्रेषण | अधिवक्त रोशनकुमार झासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत |
| **इजलास नं. ८** | | **२८ - ३२** |
| **३९.** | बाटो मिचेको | प्रताप सिंह रावल वि. नर्वदा थापा भण्डारीसमेत |
| **४०.** | नकबजनी चोरी | नेपाल सरकार वि. आलोक यादवसमेत |
| **४१.** | वैदेशिक रोजगार | नेपाल सरकार वि. बटुकृष्ण कार्कीसमेत |
| **४२.** | लिखत बदर दर्ता नामसारी | चम्पादेवी चौधरीसमेत वि. चन्द्र शेखर चौधरीसमेत |

| | | |
|---|---|---|
| ४३. | घर हटाई खिचोला मेटाई चलन चलाई पाउँ | हरिप्रसाद केवट वि. चन्द्र गुजुली केवट |
| ४४. | जबरजस्ती करणी | विक्रम सिंह ठगुन्ना वि. नेपाल सरकार |
| **इजलास नं. ९** | | **३२ - ३४** |
| ४५. | उत्प्रेषण | विजयकुमार चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत |
| ४६. | उत्प्रेषण | देवदत्त पन्तसमेत वि. त्रिभुवन विश्वविद्यालय सभा, किर्तिपुरसमेत |
| ४७. | भ्रष्टाचार | इन्दिरा सुवेदी पोखरेल वि. नेपाल सरकार |
| ४८. | भ्रष्टाचार | नेपाल सरकार वि. प्रकाशचन्द्र भट्ट |
| ४९. | उत्प्रेषण | अंशु वैद्य वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत |
| **इजलास नं. १०** | | **३४ - ३५** |
| ५०. | उत्प्रेषण | अशोककुमार चौधरी वि. सप्तरी जिल्ला अदालतसमेत |
| ५१. | बन्दी प्रत्यक्षीकरण | ज्ञानु खनाल वि. उच्च अदालत, पाटनसमेत |
| **इजलास नं. ११** | | **३५ - ३६** |
| ५२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. प्रमोद सुनुवारसमेत |
| **इजलास नं. १२** | | **३६ - ३७** |
| ५३. | उत्प्रेषण | मनकुमारी लिम्बु वि. कृषि विकास बैंक लिमिटेड, क्षेत्रीय कार्यालय, विराटनगरसमेत |
| ५४. | उत्प्रेषण | तरबेनीदेवी संघई वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत |
| ५५. | उत्प्रेषण | विनोदकुमार दवाडी वि. चितवन जिल्ला अदालत, भरतपुरसमेत |
| ५६. | उत्प्रेषण | शंकर पाठक वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत |
| **इजलास नं. १३** | | **३८ - ४४** |
| ५७. | भ्रष्टाचार | नेपाल सरकार वि. केशवप्रसाद भट्टराईसमेत |
| ५८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. मिश्री सहनीसमेत |
| ५९. | उत्प्रेषण | प्रा.डा. अशोकरत्न बज्राचार्य वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसमेत |
| ६०. | उत्प्रेषण | चन्द्रमान गुरूङ वि. पुनरावेदन अदालत, पोखरासमेत |
| ६१. | उत्प्रेषण | विक्रमादित्य पाण्डे वि. पुनरावेदन अदालत, बुटवलसमेत |
| **इजलास नं. १४** | | **४४ - ४६** |
| ६२. | कर्तव्य ज्यान | नेपाल सरकार वि. रमेश वि.क. |
| ६३. | उत्प्रेषण / परमादेश | विन्देश्वर इसरसमेत वि. जलस्रोत मन्त्रालयसमेत |
| **इजलास नं. १५** | | **४६ - ४८** |
| ६४. | कर्तव्य ज्यान | नानीमैया सार्की वि. नेपाल सरकार |

| | | |
|---|---|---|
| ६५. | उत्प्रेषण | उपनाम ए कार्की वि. महान्यायाधिवक्ताको कार्यालय रामशाहपथसमेत |
| ६६. | उत्प्रेषण | कृष्णप्रसाद रिमाल वि. जिल्ला प्रशासन कार्यालय, काठमाडौंसमेत |
| ६७. | उत्प्रेषण / परमादेश | रामनाथ शाह वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत |
| **इजलास नं. १६** | | **४८ - ५१** |
| ६८. | कर्तव्य ज्यान | नेपाल सरकार वि. कमल राईसमेत |
| ६९. | अदालतको अवहेलना | नागरिक उड्डयन प्राधिकरण, बबरमहल वि. कम्प्लिट कन्ट्र्याक्ट कम्पनी प्रा.लि.समेत |
| **इजलास नं. १९** | | **५१ - ५२** |
| ७०. | उत्प्रेषण | सागर शर्मा वि. उच्च अदालत, पाटनसमेत |
| **एकल इजलास** | | **५२** |
| ७१. | उत्प्रेषण / परमादेश | विनोद गोहियार यादव वि. उच्च अदालत, जनकपुरसमेत |

## संयुक्त इजलास

१

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०३६८, उत्प्रेषण / परमादेश, दीपकबहादुर साउदसमेत वि. मन्त्रिपरिषद् प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

विपक्षी युवा तथा खेलकुद मन्त्रालयबाट तदर्थ समिति गठन गर्ने मिति २०७१।७।२८ को पत्रसमेतको काम कारवाही कार्यान्वयन नगर्नु भनी यस अदालतबाट मिति २०७१।८।८ मा आदेश भई उक्त कार्य यथा अवस्थामा कार्यान्वयनमा रहेको देखिन्छ । रिट निवेदकहरू नेपाल क्रिकेट संघको मिति २०६८।९।३ को साधारण सभाबाट सो संघको पदाधिकारीमा निर्वाचित भएको र उक्त संघको विधानमा त्यसरी निर्वाचित पदाधिकारीहरूको कार्यकाल चार वर्ष रहने भन्ने व्यवस्था रहेको सन्दर्भमा उक्त चार वर्षको कार्यकाल अब व्यतित भइसकेको देखिएकोले रिट निवेदकहरूको माग दाबीको सम्बन्धमा अब आदेश जारी गर्न निरर्थक हुने हुँदा निवेदन माग दाबीबमोजिम आदेश जारी गरिरहनु परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : विश्वनाथ भट्टराई
कम्प्युटर: रामशरण तिमिल्सिना
इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

२

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७१-WO-०४३४, उत्प्रेषण, रामकृष्ण गिरी वि. पुनरावेदन अदालत पाटनसमेत

सम्बन्धविच्छेद मुद्दा दायर हुनुभन्दा अघि सगोलमा रहेको भनी पुनरावेदन अदालत पाटनले रिट निवेदकको जग्गा अ.बं.१७१क नं. बमोजिम रोक्का राख्ने आदेश गरेको देखिन्छ। उल्लिखित अवस्थामा लेनदेन र सम्बन्ध विच्छेद मुद्दामा ठहरेबमोजिम हुने नै हुँदा बिगोतर्फ कारवाही हुँदा रिट निवेदकको हक अधिकारमा आघात पर्न गए आफ्नो उपचार खोज्नसक्ने नै अवस्था बाँकी छँदै मुद्दाको कारवाहीको सिलसिला भएको आदेशउपर असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नुपर्ने अवस्था रहेको नदेखिने।

तसर्थ उपर्युक्त आधार र कारणसमेतबाट रिट निवेदकले बिगोतर्फ कारवाही हुँदा आफ्नो उपचार खोज्नसक्ने अवस्था बाँकी छँदै मुद्दाको कारवाहीको सिलसिलामा भएको आदेशउपर दायर गरेको प्रस्तुत रिट निवेदनबाट असाधारण अधिकारक्षेत्र ग्रहण गरी हस्तक्षेप गर्नुपर्ने अवस्था नभएकोले निवेदन मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विश्वनाथ भट्टराई
कम्प्युटरः अमिररत्न महर्जन
इति संवत् २०७२ साल फागुन ३ गते रोज २ शुभम्।

३

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०६७-CR-०२०४ र ०६८-CR-१३२२, विनाइजाजत लौठ सल्लाको पात ओसारपसार, नेपाल सरकार वि. कृष्णबहादुर भ्लोनसमेत र कृष्णबहादुर भ्लोन वि. नेपाल सरकार

वन नियमावली, २०५१ को नियम ११ बमोजिमको कानूनी प्रक्रियाअनुसार अनुमति प्राप्त गरी वन पैदावर ओसारपसार गरेको भन्ने कुराको प्रतिवादीले पुष्टि गर्नसकेको देखिँदैन । बरामदी मुचुल्काका मानिसहरू रेन्जर शिवराज थापा, ना.सु. भरत थापाको अदालतसमक्ष भएको बकपत्रबाट यी प्रतिवादीले विनाअनुमति बरामद भएको लौठ सल्लाको पात संकलन गरी ल्याएको भन्ने देखिइरहेको छ। यसरी मिसिल संलग्न बरामदी मुचुल्का, किटानी प्रतिवेदन एवम् बरामदी मुचुल्काका मानिसहरूको अदालतसमक्षको बकपत्रसमेतका प्रमाणबाट

प्रतिवादीको मौकाको साबिती बयान समर्थित हुन आएको देखिँदा यी प्रतिवादीले आरोपित कसुर गरेको भन्ने शङ्कारहित रूपबाट पुष्टि हुन आउने।

कैद र जरिवानामध्ये कुनै एक वा दुवै सजाय गर्न सकिने गरी न्यायकर्तालाई स्वविवेकीय अधिकार कानूनले प्रदान गरिसकेपछि दुईमध्ये कुनै एक सजाय गर्दैमा विधि निर्माताको मनसायप्रतिकूल फैसला हुन गएको भन्न मिल्दैन । कसुरको अवस्था प्रकृति हेरी कैद वा जरिवानामध्ये कुनै एक वा दुवै सजाय हुनसक्ने कसुरमा निरपेक्षरूपमा कैद र जरिवाना दुवै सजाय अनिवार्य हुनुपर्छ भन्न नमिल्ने।

धेरैजना प्रतिवादीहरू सम्मिलित भई गरेको कसुर अपराधमा कायम हुन आएको बिगो जतिजना भई त्यस्तो कसुर अपराध गरेको छ, सबैबाट दामासाहीले असुलउपर गर्नुपर्ने हुन्छ । कुनै मुद्दामा कायम हुन आएको बिगो जनही असुलउपर गर्दा हानि नोक्सानी भएको वास्तविक बिगो रकमभन्दा बढि असुलउपर हुन जान्छ, जुन न्यायसङ्गत हुँदैन। यसरी बिगो रकम दामासाहीले असुलउपर हुने भएपछि बिगोबमोजिम हुने जरिवाना चाहीँ जनही असुल हुने भन्न मिल्दैन। उक्त आधार कारणबाट प्रतिवादीहरूले गरेको कसुरमा कायम हुन आएको बिगोबमोजिमको जरिवाना दामासाहीले असुल गर्न मिल्ने नै देखिँदा जनही बिगो असुलउपर हुनुपर्छ भनी वादी नेपाल सरकारको तर्फबाट लिएको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ माथि विवेचित आधार कारणबाट प्रतिवादीहरू कृष्णबहादुर भ्लोन र गोपाल न्यौपानेले अवैधरूपमा लौठ सल्लाको पात संकलन गरेको पुष्टि हुन आएको हुँदा प्रतिवादीहरूले संकलन गरेको २६०२ के.जी. लौठ सल्लाको पातको जम्मा बिगो रू. ६५०५०।– को दोव्वर रू.१३०१००।– को दामासाहीले हुने रूपैयाँ मात्र जरिवाना गर्नुपर्नेमा दुवै प्रतिवादीलाई जनही रू.१३०१००।- जरिवाना हुने गरी मिति २०६३।३।१८ मा काभ्रेपलाञ्चोक जिल्ला अदालतबाट भएको फैसला सो हदसम्म उल्टी गरी प्रतिवादीद्वय गोपाल न्यौपाने र कृष्णबहादुर भ्लोनलाई जम्मा बिगो रू. ६५०५०।– को दोब्बर हुने जम्मा रू. १३०१००।– को दामासाहीले हुने रूपैयाँ मात्र जरिवाना हुने ठहऱ्याई पुनरावेदन अदालत पाटनबाट मिति २०६६।१०।१८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुरेशराज खनाल

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल भदौ ८ गते रोज ४ शुभम्।

**४**

**स.प्र.न्या.श्री कल्याण श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-WO-०४२९, उत्प्रेषण / परमादेश, *डा. सबरी साह वि. लोक सेवा आयोग केन्द्रीय कार्यालयसमेत*

कुनै पनि संगठनमा छड्के प्रवेशबाट जनशक्ति भर्ना गर्नुको उद्देश्य संगठनका लागि आवश्यक उच्च क्षमता र दक्षतायुक्त जनशक्तिलाई सेवा प्रवेश गराउनु हो । खुला प्रतियोगिताबाट पूर्ति हुने पदमा आवश्यक योग्यता प्राप्त सबैले प्रतिस्पर्धा गर्ने हक हुन्छ । यसले छनौटको दायरा फराकिलो बनाई योग्य व्यक्तिको छनौटलाई सुनुश्चित गर्ने हुन्छ । यसमा योग्यता पुगेका वा मापदण्डभित्र पर्ने जो कोही योग्य नागरिकलाई समानरूपमा प्रतिस्पर्धा गर्ने अधिकार रहने हुँदा यसबाट कसैको हक अधिकार कुण्ठित हुने अवस्था आउँदैन। खुला प्रतियोगिताद्वारा पूर्ति गरिने एघारौँ तहको पदका लागि आवश्यक योग्यता र अनुभव विपक्षी डा. रामदेव यादवको नरहेकोले उक्त विज्ञापनमा दरखास्त दिन पाउने होइन भनी निवेदकले दाबी गरेको भए तापनि विपक्षी डा. रामदेव यादवले गुजरात युनिभर्सिटी इन्डियाबाट काय चिकित्सा विषयमा स्नातकोत्तर गरी त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारणसमेत भइसकेको देखिँदा न्यूनतम शैक्षिक योग्यता पूरा नभएको भन्ने देखिँदैन । यसरी स्वास्थ्य सेवा ऐन,

२०५३ र ऐ. को नियमावली, २०५५ ले निर्धारित गरेको योग्यता पूरा भएकै देखिँदा निजको दरखास्त फाराम नै रद्द गरी परीक्षा दिनबाट वञ्चित गरिपाउँ भन्ने निवेदकको दाबी कानूनसम्मत्, विवेकसम्मत नदेखिने।

रिट निवेदक आफू अधिकृत आठौं तहमा कार्यरत रहेको भन्ने स्वयम् निवेदन लेखबाटै देखिएको छ । स्वास्थ्य सेवा ऐनमा सेवाभित्र रहेका विभिन्न तह नाघी स्तरवृद्धि हुनसक्ने कानूनी व्यवस्था रहेको पाइँदैन। यसरी आठौं तहमा कार्यरत रहेका यी निवेदक दशौं तहको स्तरवृद्धिका लागि सम्भाव्य उम्मेदवारसम्म रहेको देखिँदैन । जसअनुसार विपक्षीको दशौं तहको स्तरवृद्धि बदर भएको खण्डमा पनि उक्त स्थानमा यी निवेदकको स्तरवृद्धि हुनसक्ने सम्भावना देखिँदैन । यसरी दशौं तहमा स्तरवृद्धि हुनुपर्ने निवेदकको हक स्थापित भएको नदेखिँदा विपक्षीको स्तरवृद्धिको निर्णयबाट निवेदकको हकमा कुनै प्रतिकूल असर परेको मान्न नमिल्ने।

तसर्थ माथि विवेचित आधार कारणबाट स्वास्थ्य सेवा ऐन, नियमले निर्धारण गरेबमोजिमको सेवा अवधि र योग्यताका सर्त पूरा गरी कानूनसम्मत तवरबाट भएको स्तरवृद्धिको निर्णयबाट निवेदकको कुनै पनि हक अधिकार हनन् भएको नदेखिँदा मागबमोजिमको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः सुरेशराज खनाल

कम्प्युटर: अभिषेक कुमार राय

इति संवत् २०७२ साल फागुन १२ गते रोज ४ शुभम्।

५

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री मीरा खड्का** ०७२-CR-१३९७, सरकारी अनुदान रकम हिनामिना गरी भ्रष्टाचार गरेको, *नेपाल सरकार वि. मोहमद आलमसमेत*

"भ्रष्टाचार" शब्दले अख्तियारप्राप्त व्यक्तिले आफूलाई वा अरू कसैलाई फाइदा पुऱ्याउने नियतले आफ्नो पद वा शक्तिको दुरूपयोग गरी सरकारी सम्पत्ति हिनामिना गरेको अवस्थालाई जनाउँछ । भ्रष्टाचारमा मनसायतत्त्व निहित रहेको हुन्छ । आफ्नो वा अरू कसैको फाइदाको लागि खराब नियत राखी पद वा शक्तिको दुरूपयोग गरी वा दबाब दिई पद वा शक्तिको दुरूपयोग गर्न लगाई सरकारी सम्पत्ति हिनामिना गर्ने कार्य गरेको अवस्थामा भ्रष्टाचारजन्य कसुर गरेको मानिने । प्रतिवादीहरूले जनता प्राथमिक विद्यालय गम्हरिया पर्साको दुई कोठे शौचालय र विद्यालयको एउटा कोठा निर्माणका लागि लिएको रकम सोही कार्यमा प्रयोग गरी निर्माण कार्यसमेत सम्पन्न गरी उक्त कक्षा कोठा एवम् शौचालय विद्यालयको प्रयोगमा आइसकेको भन्ने देखिएको अवस्थामा उक्त कानूनी व्यवस्थाअनुसार प्रतिवादीहरूले सरकारी सम्पत्ति अनियमित तवरबाट मासी वा आफ्नो हितमा प्रयोग गरी भ्रष्टाचारजन्य कार्य गरेका हुन् भन्न मिल्ने नदेखिँदा प्रतिवादीहरूलाई अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः माथि विवेचित तथ्य, कानूनी व्यवस्था एवम् प्रमाणबाट प्रतिवादीहरूले अभियोग दाबीबमोजिमको सरकारी अनुदान रकम रू.३,८५,३१७।- हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने नदेखिँदा प्रतिवादी मोहमद आलम, मोहनप्रसाद केसरी, सोनेलाल साह, सन्जय पाण्डे, विनोदकुमार ठाकुर, घनश्यामप्रसाद चौधरी र जितेन्द्रकुमार कर्णलाई अभियोग दाबीबाट सफाइ दिने गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।७।१७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ कात्तिक ७ गते रोज १ शुभम्।

- यसै लगाउको ०७२-CR-०८६०, भ्रष्टाचार (अनुदान रकम हिनामिना), *नेपाल सरकार*

*वि. रासिन्द्रप्रसाद यादवसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

६

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या श्री मीरा खड्का** ०७२-CR-१३५३, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. योगेन्द्रप्रसाद भगतसमेत*

निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने कार्य सर्वसाधारणको हितसँग गाँसिएको विषय हो। उक्त कार्यक्रम ढिलो स्वीकृत भई ढिलो गरी रकम निकासा र खर्चको अख्तियारी प्राप्त भएको भन्ने कारणले मात्र उक्त शिविर सञ्चालन नहुने अवस्था उत्पन्न हुन जाँदा त्यसको प्रत्यक्ष असर सर्वसाधारण जनतामा नै पर्न जाने।

निःशुल्क स्वास्थ्य शिविर जनताको प्रत्यक्ष स्वास्थ्यसँग सम्बन्धित विषय भएको र सो शिविर सञ्चालन हुन नसक्दा सर्वसाधारण जनतालाई सरकारको तर्फबाट पुऱ्याउनु पर्ने सेवाबाट आम जनता वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुने देखिन्छ। प्रतिवादीहरूले जनतालाई पुऱ्याउनु पर्ने सेवा नपुऱ्याउने उद्देश्यले औषधी खरिद गरेको भन्ने वादी पक्षले प्रमाण गुजारी पुष्टि गर्नसकेको नपाइने।

निःशुल्क स्वास्थ्य शिविर सञ्चालन हुने भन्ने विषयमा स्वास्थ्य सेवा विभागसँग जिल्ला जनस्वास्थ्य कार्यालयको बारम्बार पत्राचार र सम्पर्क रहेको र स्वास्थ्य सेवा विभागले मिति २०६९।१।६ मा झापा जिल्लामा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गर्ने सम्बन्धमा जिल्ला विकास समितिसँग पत्राचार गरी २०६९।३।१७ मा सो कार्यक्रम स्वीकृत गरी अख्तियारी दिए पश्चात् उक्त शिविर तीनवटा गाउँ विकास समितिमा मिति २०६९।३।२२ देखि ऐ. २७ सम्म सञ्चालन भएको देखिन्छ। शिविर सञ्चालनमा लाईफलाइन अस्पताल, दमक, तोपगाछी हेल्थपोष्ट, खजुरगाछी हेल्थपोष्ट, बनियानी हेल्थपोष्टसमेतबाट स्वास्थ्यकर्मीहरू खटिई शिविर सञ्चालन गरेको भन्ने प्रमाण मिसिलबाट देखिँदा प्रत्यर्थी प्रतिवादीहरूले छोटो समयमा जनस्वास्थ्यसँग सम्बन्धित निःशुल्क शिविर सञ्चालन गर्न उक्त शिविर सञ्चालन गर्ने अख्तियारी प्राप्त गर्नुभन्दा अगाडिदेखि नै सजग र सतर्क रही व्यवस्था मिलाई शिविर सञ्चालन गरेको कार्यलाई बद्नियतपूर्वक भएको भ्रष्टाचारजन्य कार्य भन्न नमिल्ने।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतबाट विभिन्न समुदायलाई पुऱ्याउनु पर्ने स्वास्थ्य सेवाको मागलाई पन्छाएर कार्यक्रम नै सञ्चालन नगर्दा सर्वसाधारण जनताले स्वास्थ्य सेवाबाट वञ्चित हुनु पर्ने अवस्था सिर्जना हुन जाने देखिँदा जनतालाई सेवा पुऱ्याउने स्वच्छ भावना लिई प्रत्यर्थी प्रतिवादीहरूले गरेको कार्यलाई भ्रष्टाचार भन्न नमिल्ने हुँदा प्रतिवादीहरू योगेन्द्रप्रसाद भगत, महेन्द्रप्रसाद चौधरी, दलजित भण्डारी र सुनिलकुमार रायलाई आरोपित कसुरबाट सफाइ दिने ठहर गरी भएको विशेष अदालत, काठमाडौंबाट मिति २०७२।५।२५ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७३ कार्तिक ७ गते रोज १ शुभम्।

७

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या श्री मीरा खड्का,** ०७२-CR-०९८७, भ्रष्टाचार (रकम हिनामिना), *नेपाल सरकार वि. मुकेशकुमार यादवसमेत*

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले जुन रकमलाई भ्रष्टाचार गरेको भनी दाबी लिएको हो सोही रकमलाई शिक्षा मन्त्रालयसमेतले बेरूजु भनी बेरूजु दाखिला गर्न सम्बन्धित विद्यालयलाई पत्राचार गरेको र सोबमोजिम उक्त रकम जिल्ला शिक्षा कार्यालयले तोकेको बेरूजु खातामा जम्मा गरिसकेको भन्ने देखिँदा त्यस्तो रकम नै प्रतिवादीहरूले हिनामिना दुरूपयोग गरी भ्रष्टाचार गरेका हुन् भनी कसुर कायम

गर्न नमिल्ने ।

"भ्रष्टाचार" शब्दले अख्तियारप्राप्त व्यक्तिले आफूलाई वा अरू कसैलाई फाइदा पुऱ्याउने नियतले आफ्नो पद वा शक्तिको दुरूपयोग गरी सरकारी सम्पत्ति हिनामिना गरेको अवस्थालाई जनाउँछ । भ्रष्टाचारमा मनसायतत्त्व निहित रहेको हुन्छ । आफ्नो वा अरू कसैको फाइदाको लागि खराब नियत राखी पद वा शक्तिको दुरूपयोग गरी वा दबाब दिई पद वा शक्तिको दुरूपयोग गर्न लगाई सरकारी सम्पत्ति हिनामिना गर्ने कार्य गरेको अवस्थामा भ्रष्टाचारजन्य कसुर गरेको मानिने ।

"बेरूजु" शब्दले अख्तियारप्राप्त व्यक्तिले सरकारी रकम खर्च गर्दा राख्नु पर्ने लेखा दुरूस्त नराखी वा एउटा शीर्षकमा प्राप्त रकम अर्को शीर्षकमा खर्च गरी वा तत्काल उब्जिएको सङ्कटलाई व्यवस्थापन गर्नु परेको अवस्थामा कुनै रकम खर्च गरेको तर त्यसलाई रूजु गराई फरफारक गर्न नसकेको अवस्थालाई बुझिने । बेरूजु व्यक्तिगत फाइदाको लागि गलत नियत राखी सरकारी सम्पत्ति मासे वा मास्न लगाएको अवस्था नभई सरकारी रकम खर्च गर्दा नियमितरूपमा राख्नु पर्ने स्रेस्ता अद्यावधिक गर्न नसकेको कारण त्यस्तो सरकारी रकमको नियमितता र औचित्यता पुष्टि हुन नसकी अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार भएको भनी लेखा परीक्षणबाट औंल्याइएको अवस्था हो । बेरूजु रकमलाई सम्बन्धित निकायबाट संपरीक्षण गराई वा बेरूजु रकम भुक्तानी भएपछि जसका नाममा बेरूजु औंल्याइएको हो त्यस्तो व्यक्तिले सो दायित्वबाट उन्मुक्ति पाउने ।

राष्ट्रिय जनता प्रा.वि. का नाममा निकासा भएको अभियोगपत्रमा उल्लिखित रकमलाई शिक्षा मन्त्रालयसमेतले बेरूजु भएको भनी औंल्याई सो रकम नेपाल सरकारको बेरूजु खातामा जम्मा गर्न प्रतिवादीहरूलाई दिएको निर्देशनअनुसार प्रतिवादीहरूले जिल्ला शिक्षा कार्यालयले तोकिदिएको बेरूजु खातामा जम्मा गरिसकेको भौचरसहित जिल्ला शिक्षा कार्यालयबाट बेरूजु फछ्र्योट भइसकेको भनी मिसिल संलग्न कागजातबाट खुल्न आएको अवस्थामा प्रतिवादीहरूले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ अनुसार बद्नियतले नै उक्त रकम खर्च गरी सरकारी सम्पत्ति हिनामिना गरेको भनी व्याख्या गर्न नमिल्ने हुँदा प्रतिवादीहरूलाई अभियोग दाबीअनुसार सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

अतः माथि विवेचित तथ्य एवम् प्रमाणसमेतको आधारमा प्रतिवादीहरू उपेन्द्रकुमार यादव र मुकेशकुमार यादवलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरी विशेष अदालत, काठमाडौंबाट मिति २०७२।४।२७ मा भएको फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति सवंत् २०७३ साल कार्तिक ७ गते रोज १ शुभम् ।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०७२-CR-०९४८, भ्रष्टाचार, *नेपाल सरकार वि. कोमलकान्त झासमेत*
- ०७२-CR-०९९१, भ्रष्टाचार, *नेपाल सरकार वि. यादव विनोदकुमारसमेत*
- ०७२-CR-११६६, भ्रष्टाचार, *नेपाल सरकार वि. किशोर शाह सोनारसमेत*
- ०७२-CR-१३५६, भ्रष्टाचार, *नेपाल सरकार वि. नागेश्वर रायसमेत*
- ०७२-CR-१३५७, भ्रष्टाचार, *नेपाल सरकार वि. निकुकुमारी साहसमेत*
- ०७२-CR-१३५८, भ्रष्टाचार, *नेपाल सरकार वि. कृष्णदेव यादवसमेत*

## ८

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०६९-CI-०००६, दा.खा.निर्णय

बदर, राजिव विक्रम शाह वि. माला राज्यलक्ष्मी शाह

निवेदकको दाबीबमोजिम मालपोत ऐन, २०३४ को दफा ३२ख बमोजिम बदर हुने र मूल स्रोत कि.नं.१४२ कित्ताफोड भई कायम भएको कि.नं.२०५१ पनि फोड भई हाल निज राजिवविक्रम शाहका नाउँमा कायम रहेको कि.नं.२३३३ बिन्दुदेवी राणाकै नाउँमा स्रेस्ता कायम हुने र पर्सा जिल्ला अदालतको मिलापत्र भूमिसुधार कार्यालयको रोक्काले कार्यान्वयन नभई स्थगित रहेको मिति २०४८।८।५ को निर्णय स्रेस्तामा नजनाउने तत्कालीन कर्मचारीलाई विभागीय कारवाही हुने ठहर्‍याएको भूमिसुधार तथा व्यवस्थापन विभागका महानिर्देशकबाट निर्णय भएको देखिने।

भूमिसुधार व्यवस्थापन विभागका महानिर्देशकको मिति २०६६।४।१ को निर्णयमा चित्त बुझे, सो निर्णय बदर गरिपाउँ भन्ने पुनरावेदकको माग भएकोमा सो निर्णय सर्वोच्च अदालतको मिति २०६७।५।३० रिट नं. ३६४ को निवेदनमा भएको आदेशबाटै बदर भइसकेको देखिन आएकोले त्यसतर्फ विचार गरिरहनु परेन भन्ने पुनरावेदन अदालत पाटनबाट मिति २०६८।७।६ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः रामप्रसाद बस्याल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७३ साल मङ्सिर १३ गते रोज २ शुभम्।

९

**स.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०६९-WO-०७५४, उत्प्रेषण / परमादेश, नेत्रप्रसाद अचार्य वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत

कानूनबमोजिम गठन हुने कुनै पनि सार्वजनिक जवाफदेहिता रहेको पदमा नियुक्ति गर्दा कानूनद्वारा निर्धारित सर्त र प्रक्रियाअनुसार नै गरिनु पर्दछ। कानूनद्वारा निर्धारित सर्त र प्रक्रियाविपरीतका नियुक्तिलाई वैध मान्न मिल्दैन। यो एक स्थापित मान्यता हो। यस दृष्टीले विवादित नियुक्तितर्फ दृष्टिगत गर्दा गुठी संस्थान ऐन, २०३३ को दफा १२ क. बमोजिम बढीमा २ वर्षका लागि नेपाल सरकारले गुठी संस्थानको प्रशासक पदमा योग्यता पुगेका व्यक्तिलाई नियुक्त गर्न सकिने देखिन्छ। "बढीमा २ वर्ष" भन्ने शब्दावलीले नियुक्ति गर्न निर्णय गर्ने निकाय (नेपाल सरकार) लाई केही तजबिजी अधिकार दिएको भन्ने देखिन आउँदछ। यसको तात्पर्य नेपाल सरकारले कसैलाई नियुक्त गर्दा दुई वर्षमा नबढ्ने गरी कुनै अवधि किटान गरी नियुक्त गर्न बाधा पर्ने देखिँदैन। सोही प्रावधान विपक्षी मध्येका बलिरामप्रसाद तेलीलाई नियुक्ति गर्दा सुरूमा मिति २०६८।६।१ मा "बढीमा २ वर्ष" भन्ने उल्लेख गरिएको पाइयो। यसप्रकार भएको नियुक्तिको अवधि अझ स्पष्ट होस् भन्ने अभिप्रायले मिति २०६८।११।१५ मा निर्णय गरी दुई वर्ष भनी किटान गरिएको पाइयो। कानूनद्वारा निर्धारित सीमा र परिधिभित्रै रहेर अवधि किटान गरिएको देखिँदा उल्लिखित निर्णयलाई कानूनप्रतिकूल भनी मान्न मिल्ने देखिँदैन। निज बलिरामप्रसाद तेलीको योग्यता सम्बन्धमा कुनै प्रश्न उठाइएको पाइएन। यसका अतिरिक्त निजलाई मिति २०६८।६।१ देखि दुई वर्षका लागि नियुक्त गरिएको देखिन्छ। सो दुई वर्षको अवधि अहिले भुक्तान भई निजको पदावधिसमेत समाप्त भइसकेको पाइयो। तसर्थ प्रस्तुत रिट निवेदनको औचित्य र प्रयोजन रहेको देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विदुर काफ्ले

कम्प्युटरः अमिररत्न महर्जन

इति संवत् २०७३ साल असोज ५ गते रोज ४ शुभम्।

१०

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०७०-CR-०२३०, कर्तव्य ज्यान / रहजनी चोरी, *डम्बरबहादुर बुढा वि. नेपाल*

*सरकार*

पुनरावेदक प्रतिवादीहरू अर्का प्रतिवादी कुलबहादुर सँगसाथ भएका, मिति २०६८।४।१२ मा कालिकोट जाने सन्दर्भमा सँगै बाटोमा हिँड्ने क्रममा मृतक प्रेमबहादुर कठायतसँग डाँकमा पैसा आउँछ आउँदैन भन्ने विषयमा सोधपुछ भएको, मृतकसँग विवाद भएपछि प्रतिवादी कुलबहादुर सिंहले मृतकलाई चक्कुले प्रहार गरेको र प्रेमबहादुरलाई मारीसकेपछि लास दबाउने छिपाउने कार्यमा पुनरावेदक प्रतिवादीसमेत रहेको भन्ने जाहेरी दरखास्त, प्रतिवादीको मौकाको र अदालतको बयान, मौकामा कागज गर्ने मानिसहरूको कथनबाट पुष्टि हुन आएकोले हुलाकी प्रेमबहादुर कठायतको ज्यान मार्ने, रहजनी चोरी गर्ने र डाँक लुटी लिने कार्यमा निजहरूको संलग्नता नरहेको भन्ने तथ्य वस्तुनिष्ठ प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा पुनरावेदक प्रतिवादीहरूको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अतः उपर्युक्त तथ्य तथा प्रमाणसमेतबाट पुनरावेदक प्रतिवादी डम्बरबहादुर बुढा र भक्तबहादुर कँडेललाई ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको सुरू दैलेख जिल्ला अदालतको मिति २०६९।३।५ को फैसला सदर हुने गरी पुनरावेदन अदालत, सुर्खेतबाट मिति २०६९।९।२४ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: दीलिपराज पन्त

कम्प्युटर: रामशरण तिमिल्सिना

इति संवत् २०७३ साल वैशाख २३ गते रोज ५ शुभम्।

११

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल** ०७०-RC-०१२२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. वीरबहादुर घर्ती*

वारदात घटाउनमा प्रतिवादीले कुनै हातहतियारको प्रयोग गरेको नदेखिए तापनि झगडा हुँदा मृतकले निजलाई कुटपिट गर्दा निजले हुत्याई मृतक लडेपछि यी प्रतिवादी पुनः मृतकको जिउमाथि चढी घाँटी अँठ्याएको देखिन्छ । यसरी मानिसको घाटी अँठ्याउँदा उसको ज्यान जानसक्छ भन्ने कुरा जो कोहीको सामान्य समझको विषय भएकोले निजको उक्त कार्य मृतकको ज्यान लिनको लागि गरेका होइनन् भन्ने विश्वसनीय र तथ्यपरक प्रमाणबाट नदेखिएबाट निजलाई अभियोग माग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. विपरीतको कार्यको लागि सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद ठहर गरेको सुरू अदालतको फैसलालाई सदर गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत हुँदा परिवर्तन गरिरहनु नपर्ने।

वारदात हुँदाको परिस्थितिलाई विश्लेषण गरी हेर्दा मृतकले नै पहिला प्रतिवादीउपर कुटपिट गरेको देखिन्छ। यस अर्थमा वारदात घटाउनमा मृतक स्वयम्‌को व्यवहारको पनि भूमिका रहेको देखिन्छ । यद्यपि प्रतिवादीले प्रतिक्रिया जनाउन बढी शक्तिको प्रयोगसम्म गरेको जसको कारण होमबहादुर भण्डारीको मृत्यु भएको देखिन्छ । वारदात हुँदाको अवस्थामा मृतक र प्रतिवादी दुवैले मादक पदार्थ सेवन गरेको मिसिल संलग्न कागजबाट देखिन्छ। यी प्रतिवादी कुनै पेसेवर अपराधीसमेत नभएको र निजले अनुसन्धानको क्रममा एवम् अदालतमा समेत बयान गर्दा आफ्नो कसुर स्वीकार गरी न्याय निरूपणमा सहयोग गरेको अवस्थासमेतलाई विचार गर्दा ऐनबमोजिम सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अ.बं. १८८ नं. बमोजिम १० वर्ष कैद सजाय गर्दा यी प्रतिवादीलाई सजायको महसुश हुने भई ऐनको मनसाय पनि पूरा हुने देखिएकोले सुरू अदालतले १० वर्ष कैद सजाय हुन व्यक्त गरेको रायलाई सदर गरेको पुनरावेदन अदालतको राय न्यायसम्मत नै देखिन आउने।

अतः माथि विवेचित आधार कारणबाट

प्रतिवादी वीरबहादुर घर्तीले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(३) नं. को विपरीतको कसुर गरेको देखिएकोले निजलाई सोही १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहऱ्याई मुलुकी ऐन, अ.बं.१८८ नं. बमोजिम १० वर्ष कैद सजाय हुने भनी रोल्पा जिल्ला अदालतबाट व्यक्त रायलाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७०।०१।२३ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल वैशाख १३ गते रोज २ शुभम्।

१२

**स.का.मु.प्र.न्या.श्री सुशीला कार्की र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०७२-RC-००७२, कर्तव्य ज्यान, *नेपाल सरकार वि. भोला खपाङ्गी मगर*

प्रतिवादीले अदालतमा उपस्थित भई बयान गर्दा आरोपित कसुरमा इन्कार रहेको देखिए तापनि सो इन्कारी बयानलाई पुष्टि हुने अन्य कुनै वस्तुगत सबुद प्रमाण एवम् साक्षी पेस गर्नसकेको अवस्था देखिँदैन । अधिकारप्राप्त अधिकारीसमक्ष अनुसन्धानको क्रममा कागज गर्ने धनबहादुर तामाङले वारदातस्थलमा छुरी हान्यो भनी आवाज आएकोले हेर्दा मृतक आशाबहादुरको पेटबाट रगत बगिरहेको देखेको र एकजना मानिस कुद्दै गरेको देखेको हुँ । भोला मगरले छुरी हानेको भनी मृतकले मर्नुअगाडि भनेको भनी किटानी व्यहोरा लेखाइदिएको पाइन्छ । यसरी अनुसन्धानको क्रममा कागज गर्ने धनबहादुर तामाङको कागज व्यहोरा, मृतकको दाजुको जाहेरी दरखास्त, प्रतिवादीको अनुसन्धानको क्रममा भएको बयान व्यहोरासमेतबाट यी प्रतिवादी भोला खपाङ्गी मगरले आशाबहादुर लामा (तामाङ) को कर्तव्य गरी ज्यान मारेको अभियोग दाबी प्रमाणित हुन आएको देखिने।

प्रतिवादी भोलाबहादुर खपाङ्गी मगरले छुरी प्रहार गरी कर्तव्य गरी आशाबहादुरको ज्यान मारेको पुष्टि भएकोले निजको सो कार्य मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं. विपरीतको रहेको देखिन्छ । निजलाई हुने सजायको सम्बन्धमा विचार गर्दा यी प्रतिवादीले आशाबहादुरसँग झगडा हुँदा पटकपटक छुरी प्रहार गरेको देखिन्छ । यसबाट निजले आशाबहादुरको ज्यान लिने मनसायसहित सो धारिलो हतियार छुरी प्रहार गरेको पुष्टि हुन आउँछ । यसका साथै निजको अनुसन्धानको क्रममा भएको बयानबाट निजले यसअगाडि पनि अपराध गरी जेल सजाय भुक्तानसमेत गरेको देखिँदा निज पटके अपराधीसमेत रहेको देखिएकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(१) नं. बमोजिम सर्वस्वयसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला कानूनसम्मत नै हुँदा परिवर्तन गरिरहनु नपर्ने।

अतः उल्लिखित आधार, कारण एवम् प्रमाणबाट यी प्रतिवादी भोला खपाङ्गी मगरले मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ र १३(१) नं.मा उल्लिखित अपराध गरेकोले निजलाई ऐ.१३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट भएको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६९।०३।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृत: रामु शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल वैशाख १३ गते रोज २ शुभम्।

१३

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१- CR -०१३१, कर्तव्य ज्यान, *नेपाल सरकार वि. महानन्द कपाडीसमेत*

मृतक अर्जुनसिंह विष्ट, जाहेरवाला वलबहादुर

विष्ट तथा प्रतिवादीहरू जान पहिचानका, आपसमा साथी भाइको स्वभाबिक सम्बन्ध भएका मानिस हुन् भन्ने तथ्य निर्विवादरूपमा स्थापित छ । स्वभाविक सामाजिक सम्बन्ध भएका कारण खोचलेक बजारमा प्रतिवादीहरूले मादक पदार्थ (रक्सी) सेवन गरेको स्थानमा अर्जुनसिंह विष्ट पुगेको र रक्सी ख्वाउन आग्रह गरेको, तर प्रतिवादीहरूले पैसा छैन आफैँ किनेर खाउ भनी त्यहाँबाट हिडेका भन्ने सन्दर्भ उल्लेख गरिएको देखिन्छ । यसपछि घरतर्फ जाने क्रममा बाटोमा गणेश भाट र रतनसिंह विष्टबीच सामान्य कुटपिट, धकेला धकेल भएको अवस्थामा मृतक अर्जुनसिंह विष्ट संयोगवश बीचमा आइपुगेको, निजले झगडा मिलाउन र बचाउ गर्न खोज्दा मादक पदार्थ (रक्सी) सेवन गरेको कारणबाट मातेका प्रतिवादीहरूबाट धकेलिन पुगी सडकमा लड्न पुगेको, चोट लागेको र मर्न गएको देखिन आउँछ । यी समग्र घटनाक्रमतर्फ विचार गर्दा ज्यान मार्ने हदसम्मको कुरा मात्र नभएर मृतक अर्जुनसिंह विष्टको शरीरमा कुनै प्रकारको चोट वा क्षति पुऱ्याउने उद्देश्य वा मनसाय यी प्रतिवादीहरूले राखेका थिए भन्नेसम्म पनि देखिन आउँदैन । यस अवस्थामा विवादित वारदातलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने कसुर ठहर गर्नु न्यायोचित नदेखिने ।

स्वभावतः भवितव्य ठहर हुनको लागि फौज्दारी अपराध हुन आवश्यक पर्ने मनसाय तत्त्वको अभाव रहेको हुनुपर्दछ र आफूले गरेको कामबाट मानिस मर्नसक्छ भन्ने परिणामको ज्ञान सो कार्य गर्नेलाई रहे भएको हुनु हुँदैन । मनसाय नहुँदानहुँदै अप्रत्यासितरूपमा वा संयोगवश कुनै कार्य भएको परिणामस्वरूप मानिस मर्न गएमा भवितव्य मानिने विधिशास्त्रीय मान्यता रही पाइने ।

प्रतिवादीहरूलाई तोकिएको तजबिजी सजायका सम्बन्धमा विचार गर्दा प्रतिवादीहरूले गरेको लापरवाही वा हेलचेक्र्याइँको मात्रा भने तुलनात्मक रूपमा गम्भीर प्रकृतिको देखिएको छ । मादक पदार्थ सेवन गरेको भए पनि आफूले गरेको कार्यको सम्बन्धमा कुनै चेतना नै नराख्ने अवस्थामा प्रतिवादीहरू पुगेका थिए भन्ने देखिँदैन । नशाको केही उन्माद भए पनि गम्भीर बेहोसीको अवस्था थियो भन्ने देखिन आउँदैन । यस अवस्थामा मानिसले हेलचेक्र्याईपूर्ण तवरबाट धक्का, ठेलठाल गरेको, एक अर्काउपर जाई लागेको र मानिस जमिनमा पछारिन पुगेपछि निजलाई उठाउने, आफैँसँग लैजाने, आवश्यकतानुसार उपचार गराउने तर्फ लाग्नु पर्नेमा जमिनमा लड्न पुगेको मानिसलाई त्यहि छाडेर आफू घरतर्फ गएको देखिएको छ । उल्लिखित घटनाका सन्दर्भमा प्रतिवादीहरूले न्यूनतम मानवीय संवेदनशीलता अपनाएको स्थिति देखापरेन । त्यसैले भवितव्यको वारदात ठहर गरेपछि तजबिजी सजाय भने अपेक्षाकृत बढी अर्थात् हेलचेक्र्याइँको मात्राअनुसार समानुपातिक किसिमको हुने गरी तोकिनु आवश्यक देखियो । तर प्रस्तुत मुद्दामा सुरू अदालत र पुनरावेदन अदालतबाट तोकिएको तजबिजी सजाय कसुरको मात्राअनुकूल देखिन नआउने ।

अतः माथि विवेचित आधार, कारण र प्रमाणबाट प्रस्तुत मुद्दामा पुनरावेदन अदालत, महेन्द्रनगरबाट भएको मिति २०७०।४।२१ को फैसला केही उल्टी भई प्रतिवादीहरू गणेशदत्त कपाडी, महानन्द कपाडी र रतनसिंह भण्डारीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको ६ नं. को देहाय (४) बमोजिम जनही रू.५००।– (पाँच सय रूपैयाँ) जरिवाना र २ (दुइ) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: विकेश गुरागाई

इति संवत् २०७४ साल वैशाख २० गते रोज ४ शुभम् ।

१४

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०७३-RC-०१७३, कर्तव्य ज्यान (साधक), नेपाल सरकार वि. कुमार शेर्पा

प्रतिवादी कुमार शेर्पाले अनुसन्धानको क्रममा बयान गर्दा अभियोग दाबीबमोजिमको कसुर गरेको कुरामा साबित भई बयान गरेकोमा अदालतमा उपस्थित हुँदा जाँड रक्सी खाई मातेर घरमा आएको अवस्थामा बुबाले टाउकोमा कुटेकोले आफूले बोकेको चुप्पीले बाबुलाई मुटुमा घोपेर मारेको हो । आमा र दाजुलाई छुट्याउन आउँदा चोट लागेको होला । मैले बुबालाई छुरी घोपेको कारण बुबाको मृत्यु भएको हो भनी वारदातमा प्रयोग भएको चुप्पी सनाखत गरी बयान गरेको देखियो । यसरी मिसिल संलग्न प्रमाण कागजबाट फुर्वा शेर्पालाई आफ्नै छोरा यी प्रतिवादी कुमार शेर्पाले धारिलो हतियार चुप्पी, छुरीले छाती, टाउकोसमेतमा घोपी सख्त घाइते बनाएकाले सोही चोटका कारण निजको मृत्यु भएको भन्ने पुष्टि हुन आएकाले निज प्रतिवादी कुमार शेर्पालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वश्वसहित जन्मकैदको सजाय हुने ठहर गरी सुरू जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत इलामबाट भएको फैसला मिलेकै देखिने ।

मृतक बाबुले आफूलाई गाली गरी टाउकोमा लठ्ठिले हानेको र जोत्न पठाएको कारण उठेको रिसले आवेशमा आई निजलाई मारेको भनी प्रतिवादीले अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दासमेत स्वीकार गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा सहजता प्रदान गरेको तथा बाबुलाई मार्नुपर्नेसम्मको पूर्वरिसइवी रहेको भन्ने पुष्टि हुनसकेको नदेखिएको र अपराध गर्दाको अवस्थासमेतलाई विचार गर्दा यी प्रतिवादी चाउरे र मिङमा भन्ने कुमार शेर्पालाई मुलुकी ऐन ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम निजलाई १५ वर्ष कैद सजाय गर्दा न्यायको मकसद पूरा हुने देखिन आउने ।

अतः उल्लिखित तथ्य एवम् आधार प्रमाणबाट प्रतिवादी चाउरे र मिङमा भन्ने कुमार शेर्पाले अभियोग दाबीअनुसारको कसुर गरेकोले निजलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहर्‍याएको पुनरावेदन अदालत इलामबाट मिति २०७३।५।२० मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ठहर्छ । साथै सोबमोजिम निजलाई सजाय गर्दा चर्को पर्न जाने हुँदा अ.बं. १८८ नं. बमोजिम राय व्यक्त गरी १५ वर्ष कैदको सजाय हुन मनासिब देखिएकोले निज चाउरे र मिङमा भन्ने कुमार शेर्पालाई १५ वर्ष कैदको सजाय हुने ।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

कम्प्युटरः विकेश गुरागाईं

इति संवत् २०७४ साल असार २७ गते रोज ३ शुभम् ।

१५

**स.का.मु.प्र.न्या.श्री गोपाल पराजुली र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०६९-WO-०००१, उत्प्रेषण / परमादेश, मायादेवी अधिकारी वि. मालपोत कार्यालय, मोरङसमेत

कि.नं. ६४ को जग्गा र सोबाट कित्ता फोड भई कायम भएका कि.नं. १८३ र १८४ का जग्गाको सर्भे नापीको नक्सा हेर्दा ८ नं. भनी उल्लेख भएको पाइन्छ । यसबाट उक्त जग्गा ८ नं. पर्ती रहेछ भन्ने बुझ्नु पर्ने हुन आयो । मालपोत कार्यालय मोरङबाट मिति २०५०/११/२८ मा उक्त कि.नं. ६४ र सोबाट कित्ताफोड भई कायम भएका कि.नं. १८३ र १८४ समेतको सर्जमिन मुचुल्कामा उक्त जग्गा पर्ती जग्गा भएको र सो जग्गामा हालसम्म सडक बाटो कायम रही सार्वजनिक जग्गा रहेको भनी सर्जमिन मुचुल्का भई आएको देखियो । त्यसैगरी सो जग्गाको फिल्डबुक हेर्दा जोताहाको नाम थर वतनको महल खाली रहेको र विरह महलमा पर्ती जनिएको देखिन्छ । साथै रिट निवेदक मायादेवी अधिकारीको नामको जग्गाधनी प्रमाण पुर्जामा समेत निजले दाबी गरेको कि.नं.१८३ को जग्गाको विवरणमा पर्ती भन्ने उल्लेख भएको

देखिएबाट उक्त जग्गा जोतभोग गरेको भन्ने देखिन नआउने।

कसैले सार्वजनिक जग्गा दर्ता गरेकोमा मालपोत कार्यालयले जहिलेसुकै त्यस्तो दर्ता बदर गरी जग्गा सार्वजनिक कायम गर्नसक्ने अधिकार मालपोत ऐन, २०३४ को दफा २४(४) ले मालपोत कार्यालयलाई भएको देखिएको र जग्गा खिचोला मुद्दामा मोरङ जिल्ला अदालतबाट मिति २०३९/५/२५ भई आएको नक्सा मुचुल्कामा उक्त जग्गाको प्रकृति पर्ती तथा सार्वजनिक रहेको भन्नेलगायतका मिसिल संलग्न तथ्य एवं प्रमाणबाट निवेदकले दाबी गरेको कि.नं. १८३ को जग्गा तथा सोको मूल कित्ता जग्गा कि.नं. ६४ नै सार्वजनिक प्रकृतिको देखिएको र जग्गा दर्ता गराउने जयप्रसाद अधिकारी तथा निजका हकदारले मालपोत कार्यालयको निर्णयउपर पुनरावेदन अदालतमा पुनरावेदन गरेको र पुनरावेदनको फैसलाउपर सर्वोच्च अदालतमा पुनरावेदन परेकोमा सर्वोच्च अदालतबाट क्षेत्राधिकारको अभावमा पुनरावेदन सुनी पुनरावेदन अदालतले निर्णय गरेको भनी पुनरावेदन अदालत विराटनगरको फैसला बदर गरी फैसला भई मालपोत कार्यालय मोरङको उक्त कि.नं. ६४ र सोबाट कित्ताकाट भई कायम भएका जग्गाको दर्तासमेत बदर गर्ने गरी मालपोत कार्यालयबाट भएको निर्णय कायम रहेकोमा चित्त बुझाई बसेकोसमेतका आधार प्रमाणबाट निवेदकसमेतका नामको कि.नं. १८३ समेतका जग्गाको दर्ता बदर गर्ने गरी मालपोत कार्यालयबाट मिति २०५१/१/९ मा भएको निर्णय बदर हुनसक्ने अवस्था नदेखिने।

अतः जिल्ला अदालतबाट भएको नक्सा मुचुल्कामा विवादित जग्गा सार्वजनिक प्रकृतिको देखिएको छ। तहतह हुँदै भएको फैसलाको प्रतिकूल पक्षको हकलाई असर पर्ने गरी सामान्यतः फैसला गर्न हुँदैन, तथापि जग्गा खिचोला मुद्दामा नै उक्त जग्गा सार्वजनिक प्रकृतिको देखिएको भन्ने उल्लेख भएको अवस्थामा तत्पश्चात् साधिकार निकायले जग्गा सार्वजनिक कायम गर्ने गरी गरेको निर्णयमा कानूनी त्रुटि भएको नदेखिँदा निवेदन मागबमोजिम रिट जारी हुने अवस्थाको विद्यमानता देखिएन रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल असार २८ गते रोज ४ शुभम्।

## इजलास नं. १

**मा.न्या.श्री गिरीशचन्द्र लाल र मा.न्या.श्री दीपकराज जोशी,** ०६७-CR-००४३, डाँका चोरी, *नेपाल सरकार वि. विष्णु लामासमेत*

प्रतिवादीमध्येका विष्णु लामा, दिपक लामा र राजकुमार मगरले नैकापलगायतका तीन स्थानमा हामी तीन जना भई चोरी गरेका हौं भनी अधिकारप्राप्त अधिकारी र अदालतसमक्षसमेत बयान गर्दा कसुरमा पूर्ण साबित भई बयान गरेको पाइन्छ। यसरी किटानी जाहेरी दरखास्त, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारी र अदालतसमक्षको साबिती बयान, बरामदी मुचुल्का र जाहेरवालाको सनाखत बयानसमेतका मिसिल संलग्न प्रमाणबाट यी प्रतिवादीहरूले जाहेरवालाको घरमा जबरजस्तीरूपमा प्रवेश गरी निजको धनमाल चोरी गरेको तथ्य पुष्टि हुन आउने।

प्रतिवादीहरूमध्ये हिरा तामाङ, राकेश लामा र विनोद घलेको उक्त चोरीको वारदातमा के कस्तो संलग्नता रहेछ भनी हेर्दा यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष कसुरमा साबिती रही बयान गरे तापनि कसुरमा पूर्ण इन्कार रही अदालतमा बयान गरेको देखिन्छ। अधिकारप्राप्त अधिकारी र अदालतसमेतमा कसुरमा पूर्ण साबित रही बयान गर्ने अन्य सहअभियुक्तहरूले यी प्रतिवादीहरूको प्रस्तुत

चोरीको वारदातमा निजहरूको संलग्नता रहेको थियो भनी भन्नसकेको पाइँदैन भने यी प्रतिवादीहरूको साथबाट चोरीको कुनै दशी बरामद भएको थियो भनी अभियोग पत्रमा समेत उल्लेख गर्नसकेको देखिँदैन । यसरी अधिकारप्राप्त अधिकारीसमक्ष भएको साबिती बयान अन्य स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिँदा अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

अत: उल्लिखित तथ्य कानूनी व्यवस्था एवम् विवेचनासमेतको आधारमा प्रतिवादीहरूमध्ये विष्णु लामा, दिपक लामा र राजकुमार मगरले बरामद भएको बिगो रू.१०,५००।- जबरजस्ती चोरी गरेको हुँदा निज प्रतिवादीहरूलाई जबरजस्ती चोरीमा तेस्रो पटक मुलुकी ऐन, चोरीको महलको १४(२) नं. बमोजिम जनही ९ महिना कैद र बिगोको डेढी रू.१५,७५०।- जरिवाना हुने र जरिवानाबापतसमेत कैद हुने तथा अन्य प्रतिवादीहरू हिरा तामाङ, राकेश लामा र विनोद घलेले अभियोग दाबीबाट सफाइ पाउने ठहर गरेको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको मिति २०६६।९।२१ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: नगेन्द्रकुमार कालाखेती

कम्प्युटर: सुदर्शनप्रसाद आचार्य

इति संवत् २०७२ साल कात्तिक २९ गते रोज १ शुभम्।

यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन्:

- ०६७-CR-००४१, डाँका चोरी, *नेपाल सरकार वि. विष्णु लामासमेत*
- ०६७-CR-००४२, डाँका चोरी, *नेपाल सरकार वि. विष्णु लामासमेत*
- ०६७-CR-००४४, डाँका चोरी, *नेपाल सरकार वि. विष्णु लामासमेत*

## इजलास नं. २

१

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-१४६४, डाँका, *नेपाल सरकार वि. रोहितबहादुर थापा मगरसमेत*

२ जना प्रतिवादीहरू पक्राउ परेपछि निजहरूउपर अभियोग दाबी परेको देखिएको छ । प्रतिवादीहरू चन्द्रबहादुर भन्ने चबहादुर श्रेष्ठ र रोहित थापा मगरले अदालतमा बयान गर्दा आफूहरू तथा मिलन, आले र विष्णु भन्ने साथीको सल्लाह र योजनामा चोरी गरेको भनी बयान गरे तापनि निजहरूले समेत कानूनबमोजिमको ४ जनाभन्दा बढ्ताको समूह अर्थात् ५ जना व्यक्ति यो यस हुन् भनी नामथर ठेगाना किटान गरी पोल गरी सम्बद्ध प्रमाणबाट पुष्टि गर्नसकेको देखिँदैन । घटनाका प्रत्यक्षदर्शी सुन्दरी राजथला र रति राजथलाले वारदातमा संलग्न प्रतिवादीहरू चबहादुर श्रेष्ठ र रोहितबहादुर थापामगर हुन् ।अन्य प्रतिवादीहरू को को थिए यी प्रतिवादीहरूलाई नै थाहा होला भनी प्रतिवादीहरूको संख्या यकिन गर्नसकेको देखिँदैन। मिसिल संलग्न ठोस वा प्रत्यक्ष प्रमाणहरूबाट चार जनाभन्दा बढी व्यक्तिहरू वारदातमा संलग्न रहेको तथ्य पुष्टि हुन आएको नदेखिने।

मुलुकी ऐन, चोरीको ६ नं. मा "चार जनाभन्दा बढ्ताको जमात भई जबरजस्ती चोरी वा रहजनीमा लेखिएका रीतसँग वा हातहतियार लिई उठाई छाडी वा हुलहुज्जत गरी चोरी गरेकोमा डाँका गरेको ठहर्छ" भन्ने स्पष्ट व्यवस्था रहेको पाइँदा दुई जना प्रतिवादीहरूउपर अभियोगपत्र दर्ता भएको भए पनि मुलुकी ऐन, अ.बं. ८८ नं. बमोजिम अन्य व्यक्तिहरूका विरूद्ध हालसम्म पनि पूरक अभियोगपत्र दर्ता हुन नसकेको अवस्था र अन्य कुनै स्वतन्त्र प्रमाणहरूबाटसमेत ५ जनाको संलग्न रहेको पुष्ट्याइँको अभावमा यी पक्राउ परेका

प्रतिवादीहरूबाहेक अन्य व्यक्तिहरू समेत संलग्न रहेको अनुमान गरी डाँका चोरीको कसुर कायम गरी प्रतिवादीहरूलाई सजाय गर्नु न्यायोचित हुने नदेखिने।

प्रतिवादीहरूको मौकाको बयान व्यहोराबाट ४ जनाको नामसम्म उल्लेख गरे पनि आफूहरूबाहेक अन्यको संलग्नताको पुष्ट्याइँ अन्य स्वतन्त्र प्रमाणहरूले पुष्टि नगरेको हदसम्मको निजहरूको मौकाको बयान व्यहोरा प्रमाणमा ग्राह्य हुने नहुने र अन्य बरामदी मुचुल्कासमेतको मिसिल संलग्न प्रमाणहरूले पुष्टि गरेको हदसम्मको बयान व्यहोरा प्रमाणमा लिन मिल्ने नै देखिँदा बरामदीमा उल्लिखित सुन चाँदीका गरगहनासमेत जबरजस्तीका रीतले चोरी गरी लिएको भन्ने देखिँदा प्रतिवादीहरू चन्द्रबहादुर भन्ने चबहादुर श्रेष्ठ र रोहितबहादुर थापा मगरले मुलुकी ऐन, चोरीको ४ नं. बमोजिमको जबरजस्ती चोरी गरेको भन्ने अवस्था देखिन आउने।

पक्राउ परेका प्रतिवादीहरू चन्द्रबहादुर भन्ने चबहादुर श्रेष्ठ र रोहितबहादुर थापा मगरले मौकाको बयानमा नगद रू. ९००००।- सुनको गहना र मोबाइल चोरी गरेको भनी बयान गरे पनि बरामदीमा उल्लिखित सुनको गहना र मोबाइलसमेतको धनमालबाहेक नगद बरामद हुन सकेको देखिँदैन । जाहेरवालाले नगद र सिक्का गरी १३७०००। चोरी भएको भनी जिकिर लिए पनि सो तथ्य पुष्टि हुने गरी वादी पक्षबाट जाहेरीबाहेक वस्तुनिष्ठ प्रमाण पेस गर्नसकेको देखिँदैन। बरामदीमा उल्लिखित धनमालसम्म जबरजस्ती चोरी गरेको पुष्टि हुन आए तापनि जाहेरीबमोजिमको नगद चोरी गरेको वा सो नगद लिई खाई मासेको तथ्य वादी पक्षले सबुद प्रमाण पेस गरी पुष्टि गर्न नसकेबाट कम बिगो कायम गरेको भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादीहरूले मुलुकी ऐन, चोरीको ६ नं. बमोजिम डाँका चोरी गरेको ठहऱ्याएको हदसम्म सुरू भक्तपुर जिल्ला अदालतको मिति २०७०।११।१३ को फैसला केही उल्टी गरी प्रतिवादीहरू चबहादुर श्रेष्ठ र रोहित थापामगरले पहिलो पटक जबरजस्ती चोरी गरेको ठहराई चोरीको १४(२) नं. बमोजिम सोही १२ नं. ले हुने बिगोबमोजिम जरिवाना र कैद महिना एकमा डेढो बढाई कैदको हुन आउने कैद २ महिना १५ दिनका साथै बिगो रू.१,१३,५४८।- को डेढो बढाई हुन आउने बिगो रू. २,८३,८७०।- को कानूनबमोजिम हुने कैद सजायसमेत हुने ठहऱ्याएको पुनरावेदन अदालत, पाटनको मिति २०७२।१।८ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ र जरिवानाबापत दण्ड सजायको ३८(१) नं. बमोजिम दण्ड निर्धारणको नगरी चोरीको २७ नं. बमोजिम कैद ठेकेकोसम्म तपसिलमा त्रुटिपूर्ण देखिँदा प्रतिवादीहरू चबहादुर श्रेष्ठ र रोहित थापा मगरलाई कैदतर्फ लागेको २ महिना १५ दिन र जरिवानाबापत कैद गर्नुपर्दा चोरीको ३८(१) नं. बमोजिम हुन आउने ४ वर्ष गरी निज प्रतिवादीहरू चबहादुर श्रेष्ठ र रोहित थापा मगरलाई जनही ४ वर्ष २ महिना १५ दिन कैदको सजाय हुने गरी तपसिल सच्याई दिने।

इजलास अधिकृतः हर्कबहादुर क्षेत्री

कम्प्युटर : अभिषेक कुमार राय

इति संवत् २०७३ साल चैत १८ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ,** ०७२-CR-०४३१, ०७२-CR-०८४३, कर्तव्य ज्यान, *दीपेन्द्रबहादुर जेठरा वि. नेपाल सरकार, नेपाल सरकार वि. हर्कबहादुर बोहरासमेत*

प्रतिवादी दीपेन्द्रबहादुर जेठारासँग निज प्रतिवादी चक्रबहादुर घर्तीको फोन सम्पर्क वारदातपछि मात्रै भएको र निज प्रतिवादीलाई प्रहरीमा जान भनेर सल्लाह दिएको भन्ने कुरालाई कुनै निर्देशन दिएको वा षड्यन्त्र गरेको वा योजना बनाएको भनी मान्न मिल्ने देखिएन । निजले मृतकलाई मार्न तथा मार्न

लगाउनमा प्रतिवादी दीपेन्द्रबहादुर जेठारालाई कुनै निर्देशन दिएको षड्यन्त्र गरेको तथा योजना बनाएको भन्ने कुनै विश्वसनीय प्रमाणबाट पुष्टि हुन सकेको देखिएन। प्रमाण ऐन, २०३१ को दफा २५ बमोजिम फौजदारी कसुरमा अभियोग दाबी प्रमाणित गर्ने भार वादीको हुनेमा वादी पक्षबाट निज प्रतिवादीउपरको अभियोग दाबी निर्विवादरूपमा प्रमाणित गर्नसकेको नदेखिँदा निज प्रतिवादी चक्रबहादुर घर्तीलाई समेत अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्नसक्ने नदेखिने।

प्रतिवादीहरू दिपकबहादुर विष्ट र हर्कबहादुर बोहराले मृतकलाई मारपीट गरेको भए तत्काल भागी बेपत्ता हुनुपर्नेमा सोसमेत केही नगरी घाइतेको उपचारमा समेत सहयोग गरेको तथ्य प्रमाणित भएको अवस्थामा यी प्रतिवादीहरू निजहरूले अभियोग मागदाबीअनुसारको कुनै कसुर गरेको भन्नसकिने अवस्था देखिन नआएकोले निजहरूलाई पनि अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने पुनरावेदन जिकिर पुग्ने नदेखिने।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादी दीपेन्द्रबहादुर जेठारालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. अनुसार सर्वस्वसहित जन्मकैद हुने र अन्य प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई सुरू डोटी जिल्ला अदालतबाट भएको फैसला सदर हुने ठहऱ्याएको तत्कालीन पुनरावेदन अदालत, दिपायलको मिति २०७२।३।१५ को फैसला मिलेकै देखिँदा सदर हुने।

एकआपसमा साथीभाई भई प्रतिवादी दीपेन्द्रबहादुर जेठारा र मृतक दिपकबहादुर बमले रक्सी खाएको अवस्थामा विद्यालयको पढाई तथा आर्थिक विषयलाई लिएर भनाभन हुँदा तत्काल उठेको रिस थाम्न नसकी उक्त वारदात घटेको देखिँदा भवितव्य हो कि भन्नेसम्मको अवस्था रहेको तथा प्रतिवादीले सम्पूर्ण घटनालाई नलुकाई कसुर स्वीकार गरी प्रहरीसमक्ष आत्मसमर्पण गरी अनुसन्धान तथा न्यायिक प्रक्रियामा समेत सहयोग पुऱ्याएको अवस्थालाई समेत दृष्टिगत गर्दा सजायको हकमा निजलाई सर्वस्वसहित जन्मकैद गर्दा अलि चर्को नै पर्ने देखिएको र निजको हकमा कैद वर्ष १५(पन्ध्र) गर्दा सजायको मकसद पनि पूरा हुने देखिँदा प्रतिवादी दीपेन्द्रबहादुर जेठारालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १८८ नं. बमोजिम कैद वर्ष १५(पन्ध्र) हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल पुस ६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७०-WO-०३१०, उत्प्रेषण, *भोलीदेवीसमेत वि. विन्देश्वरीप्रसाद दाससमेत*

निवेदकहरूले आफ्नो हक हनन् भएको भनी दाबी लिएका उक्त लिखतहरू बदरका लागि निवेदकहरूले नै सप्तरी जिल्ला अदालतमा CP-०५८५ को लिखत बदर मुद्दा दायर गरी विचाराधीन रहेको भन्ने लिखित जवाफसमेतबाट देखिन आएको छ। यसरी जिल्ला अदालतमा विचाराधीन रहेको उक्त विवादित विषयको सम्बन्धमा यस अदालतबाट रिट क्षेत्राधिकार ग्रहण गरी हस्तक्षेप गर्न मिल्ने देखिएन। उक्त मुद्दामा बुझ्नुपर्ने प्रमाणहरू बुझी सुरू अदालतबाट विवादको निरूपण हुने नै हुँदा हाल निवेदकले उठाएको विषयमा वैकल्पिक उपचारको व्यवस्था नभएको मान्नसमेत मिलेन। वैकल्पिक उपचारको व्यवस्था नभएको वा त्यस्तो उपचार प्रभावकारी नभएको अवस्थामा मात्र रिट क्षेत्राधिकार आकर्षित हुने हो। प्रस्तुत रिट निवेदनमा निवेदकले उठाएको विवादित विषयमा जिल्ला अदालतमा परेको लिखत बदर मुद्दाबाट प्रमाण बुझी इन्साफ हुने नै हुँदा प्रस्तुत रिट निवेदनको विषयवस्तुमा प्रवेश गरिरहनु परेन। तसर्थ, वैकल्पिक उपचारको सिद्धान्तको आधारमा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः महेश खनाल

इति सवंत् २०७३ साल भदौ २९ गते रोज ४ शुभम्।

४

**मा.न्या.श्री गोपाल पराजुली र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७२-CR-१८९८, ज्यान मार्ने उद्योग, *नेपाल सरकार वि. हरिलाल यादवसमेत*

वारदातस्थल विद्यालयको प्राङ्गण रहेको, सार्वजनिक विद्यालयमा नयाँ ब्लक निर्माण गर्ने शिलान्यास कार्यक्रममा विद्यालयका पदाधिकारी र स्थानीय अभिभावकहरू समेतको समूहगत उपस्थिति रहेको देखिन्छ । यस्तो सार्वजनिक समारोह भएको ठाउँमा उपस्थित भएमध्येका केही व्यक्ति विशेष जाहेरवालाहरूलाई मार्ने उद्देश्यले प्रत्यर्थी प्रतिवादीहरू गएको भन्ने आरोप आफैँमा सन्देहात्मक छ। घातक हतियारको प्रयोग भनिए पनि दशी बरामद हुन सकेको देखिँदैन । समूह समूहबीच विद्यालयको भवन निर्माणको सामूहिक चासोको विषयमा मतान्तर भई रिसको आवेशमा कुटपिटजन्य कार्य हुँदा पीडित भोला यादव र वतहु यादव घाइते भएको अवस्था प्रमाणबाट पुष्टि भएपनि उक्त वारदात पीडित भोला यादवलाई मार्ने उद्देश्यले भएको भन्ने मिसिल संलग्न कुनै पनि तथ्यबाट समर्थित नहुने ।

मिसिल संलग्न समग्र तथ्यबाट प्रत्यर्थी र पीडितहरू समेतका दुई समूहबीच कुटपिट भएको देखिएको स्थितिमा तत्काल तेस्रो पक्षको उपस्थितिको कारण पीडितहरूको ज्यान मर्नबाट जोगिएको रहेछ भनी ज्यान मार्ने उद्योग कसुर मान्न न्यायोचित नहुने ।

तसर्थ, माथि विवेचित आधार र प्रमाणबाट सुरू सुनसरी जिल्ला अदालतको फैसला उल्टी गरी प्रतिवादीहरू बच्चालाल यादव, हरिलाल यादव, शिवलाल यादव, सुरज भन्ने सूर्यनारायण यादव र वीरेन्द्र भन्ने सूर्यनारायण यादवले ज्यान मार्ने उद्योगको अभियोग दाबीबाट सफाइ पाउने र सबै प्रत्यर्थी प्रतिवादीहरूको हकमा सरकारी मुद्दासम्बन्धी ऐन, २०४९ को दफा २७ बमोजिम मुद्दा कुटपिटमा परिणत हुने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०७२।८।२० मा भएको फैसला मिलेको हुँदा सदर हुने ।

इजलास अधिकृत: कपिलमणी गौतम

कम्प्युटर: मन्दिरा रानाभाट

इति संवत् २०७३ साल फागुन १५ गते रोज १ शुभम् ।

## इजलास नं. ३

१

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री जगदीश शर्मा पौडेल,** ०६९-CR-१०२३, डाँका, *विष्णुप्रसाद श्रेष्ठसमेत वि. नेपाल सरकार*

आफूसँग डाँका भएको माल सामानको व्यहोरा खुलाई जाहेरवाला रेशम मल्ल तथा सुशीला अधिकारीले बकपत्र गरिदिएको भए तापनि अन्य जाहेरवालाहरू लक्ष्मी अर्याल, विष्णु खत्री र मनसिरी गुरूङले मौकाको जाहेरी व्यहोरा समर्थन गरी बकपत्रसमेत गरेको नदेखिएकोले निजहरूको घरबाट धनमाल डाँका भएको हो भनी यकिनसाथ मान्न सकिने अवस्था पनि रहेन । प्रस्तुत अवस्थामा अदालतमा आई बकपत्र तथा सनाखत गर्ने जाहेरवालाहरू सुशीला अधिकारीको घरबाट रू.२,८९,०००।- र रेशम मल्लको घरबाट रू.१,४८,६२५।– गरी जम्मा रू.४,३७,६२५।– मूल्य बराबरको धनमाल यी प्रतिवादीहरूले डाँका गरेको भन्ने सप्रमाण पुष्टि हुन आउने ।

तसर्थ जाहेरवालाहरू सुशीला अधिकारी र रेशम मल्लको रू.४,३७,६२५।– मूल्य बराबरको धनमाल डाँका गरेको ठहर भएकोले बरामद भई जाहेरवालाहरूले बुझेको मालसामानको बिगो रू. ३५,९५०।– कट्टा गरी बाँकी बिगो जाहेरवाला सुशीला अधिकारी र रेशम मल्लले प्रतिवादीहरू कल्लु भन्ने लेखनाथ यादव, दीपेन्द्र चौधरी, विष्णुप्रसाद श्रेष्ठ, मीन बहादुर शाही र भोलेबाबा भन्ने शम्भु प्रसाद गौतमबाट भरिपाउने तथा निज प्रतिवादीहरू कल्लु भन्ने लेखनाथ

यादव, दीपेन्द्र चौधरी, विष्णु प्रसाद श्रेष्ठ, मीनबहादुर शाही र भोले बाबा भन्ने शम्भु प्रसाद गौतमलाई जनही ६ वर्ष कैद गरी बिगोको डेढी रू.६,५६,४३७।५० जरिवानासमेत हुने ठहर गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६९।२।३२ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७३ साल चैत ३० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री दीपकराज जोशी र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७१-CI-१५९२, निषेधाज्ञा, *जीतन ठाकुर वरही वि. हरि यादवसमेत*

जुन घर जग्गा मेरो हो भनी पुनरावेदक निवेदकले जिकिर लिएको छ, सोही घर जग्गा मेरो हो भनी विपक्षी हरि यादवले समेत जिकिर लिएको देखिएको र सो घर जग्गा आफ्नो हो भन्ने कुराको ठोस र लिखित प्रमाण निवेदक पक्षले पेस गर्नसकेको समेत देखिँदैन । यसकारण विवादित जग्गाको वास्तविक हकदार को हो भन्ने कुरामा नै विवाद रहेको स्थिति देखिएको छ। निषेधाज्ञाको निवेदनबाट हक बेहकमा निर्णय हुने अवस्था हुँदैन। निषेधाज्ञाको कारवाहीबाट कुनै काम कुरालाई तत्काल रोकी यथास्थितिमा राख्नेसम्मको आदेश जारी हुने हो। प्रस्तुत विवादमा एउटा घर जग्गामा दुवै पक्षको तेरो मेरो भन्ने स्थिति रहेको देखिएकोले निषेधाज्ञाको आदेश जारी हुनसक्ने अवस्था नदेखिने।

अत: उल्लिखित आधार प्रमाणहरूबाट पुनरावेदक / निवेदकको मागबमोजिम निषेधाज्ञाको आदेश जारी हुने अवस्था नरहेकोले निषेधाज्ञाको आदेश जारी गर्न नमिल्ने हुँदा निवेदन खारेज गर्ने गरी पुनरावेदन अदालत, जनकपुरबाट मिति २०७१।५।१० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: सुमनकुमार न्यौपाने

कम्प्युटर: पद्मा आचार्य

इति संवत् २०७३ साल चैत २० गते रोज १ शुभम्।

## इजलास नं. ४

१

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७०-CR-१५५१, कर्तव्य ज्यान, *कमारी नेपाली वि. नेपाल सरकार*

प्रतिवादीले अनुसन्धान अधिकारी तथा अदालतसमक्षको बयानमा जिउँदो बच्चा जन्माई आफूले लगाएको पेटिकोटमा बेरेर घरमा लैजादै गर्दा मृत्यु भएको भन्ने कुरामा साबित नै रहेको पाइन्छ । मृतक नवजात शिशुको श्वासप्रश्वास अवरूद्ध भई मृत्यु भएको कुरा शव परीक्षणबाट समर्थन भएको पाइन्छ। नवजात शिशुलाई कपडामा बेरी राख्दा मर्नसक्छ भन्ने सामान्य ज्ञान प्रतिवादीलाई थिएन भनी मान्न मिल्ने नदेखिने।

प्रतिवादी कमारी नेपालीले अवधि पुगेको नवजात शिशुलाई जन्माई लोक लज्जाबाट बच्न घाँटी थिची मारेको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी कमारी नेपालीलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने गरी दाङ देउखुरी जिल्ला अदालतबाट मिति २०७०।३।१८ मा भएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, तुलसीपुरबाट मिति २०७०।११।११ मा भएको फैसला सदर हुने।

अब, प्रतिवादी कमारी नेपालीको हकमा मृतकलाई मार्नै पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले मारेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन। निज प्रतिवादीले मृतकलाई मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवैध गर्भ धारण गरी नवजात शिशुलाई जन्माई लोक लज्जाबाट बच्न नवजात शिशुलाई कर्तव्य गरी मार्न पुगेको अवस्था देखिँदा प्रतिवादी कमारी नेपालीलाई ऐनबमोजिम हुने हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन,

अदालती बन्दोबस्तको १८८ नं. बमोजिम सजाय गर्न मनासिब हुने भनी ३ (तीन) वर्षको कैद सजाय गर्ने भनी पुनरावेदन अदालत, तुलसीपुरको राय मनासिबै हुँदा प्रतिवादी कमारी नेपालीलाई ३ (तीन) वर्ष कैद हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम्।

२

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री दीपककुमार कार्की,** ०७१-CR-००११, ०७१-CR-००१२ र ०७१-CR-००२१, कर्तव्य ज्यान, रहजनी चोरी, *देउबहादुर मगर वि. नेपाल सरकार, प्रेमबहादुर मगर वि. नेपाल सरकार र मनबहादुर मगर वि. नेपाल सरकार*

प्रतिवादीहरूले अदालतसमक्षको बयानमा इन्कारी बयान गरे तापनि प्रहरीमा भएको बयान आफूहरूको स्वेच्छापूर्वक भएको बयान होइन भन्ने जिकिर लिई बयान गर्दैमा निजहरूको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निर्दोष मान्न मिल्दैन । प्रतिवादीहरूको इन्कारी बयान स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ । आफूहरूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिनेले सो कुराको वस्तुनिष्ठरूपमा प्रमाणितसमेत गराउन सक्नुपर्छ । तर प्रतिवादीहरूले आफूहरूलाई बयान गर्न बाध्य पारिएको, धम्की दिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा निजहरूले अनुसन्धानको क्रममा व्यक्त गरेको भनाईलाई स्वेच्छाको होइन भन्न नमिल्ने भई अनुसन्धान अधिकारीसमक्ष गरेको स्वीकारोक्तिलाई निजहरूका विरूद्ध प्रमाणमा लिन मिल्ने।

प्रतिवादी प्रेमबहादुर मगरलाई मृतक तुलसी गिरीले ढुङ्गाले टाउकोमा हानि लडाई खुकुरीजस्तो हतियार ताकेका हुनकी भन्नलाई निज प्रतिवादीको शरीरमा कुनै घाउचोट देखिँदैन । वारदातस्थलमा उपस्थित मदनप्रसाद धितालसमेतका व्यक्तिहरूले मृतक र यी प्रतिवादीहरूबीच झगडा भइरहेकोमा प्रतिवादी प्रेमबहादुर मगरले खुकुरीले मृतकको पेटमा रोपेका हुन् भनी बकपत्र गरेको देखिन्छ । मदनप्रसाद धितालसमेतका व्यक्तिहरूले मृतकले यी प्रतिवादीलाई खुकुरी ताकेको भनी बकपत्रसमेत गरेको पाइँदैन। अतः मृतक तुलसी गिरीले आफूलाई ढुङ्गाले टाउकोमा हानि लडाई खुकुरी ताकेको र आफूले खुकुरी खोसेकोसम्म हुँ भन्ने प्रतिवादीको जिकिर पत्यारलायक नदेखिने।

प्रतिवादी प्रेमबहादुर मगरले खुकुरीले पेटमा रोपी घाइते भएका तुलसी गिरीको सोही चोटपीडाबाट मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी प्रेमबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्ने ठहऱ्याएको पुनरावेदन अदालत, इलामबाट मिति २०७०।११।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी देउबहादुर मगरलाई मृतक तुलसी गिरीको टाउकोमा ढुङ्गा प्रहार गरेको कुरा जाहेरी दरखास्त, वस्तुस्थितिका मानिसहरूको कागज, निज प्रतिवादी देउबहादुर मगरको अनुसन्धान अधिकारीसमक्षको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको देखिन्छ । प्रतिवादी देउबहादुर मगरलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।११।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी मनबहादुर मगरले मृतक तुलसी गिरीलाई बक्सिङ प्रहार गरेको कुरा जाहेरी दरखास्त, वस्तुस्थितिका मानिसहरूको कागज, निज प्रतिवादी मनबहादुर मगरको अनुसन्धान अधिकारीसमक्षको बयानसमेतका मिसिल संलग्न कागज प्रमाणबाट पुष्टि भएको देखिन्छ।

प्रतिवादी मनबहादुर मगरलाई मुलुकी ऐन,

ज्यानसम्बन्धीको महलको १ नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम जन्मकैदको सजाय गर्ने गरेको पुनरावेदन अदालत, इलामको मिति २०७०।११।५ को फैसला मिलेकै देखिँदा सदर हुने । प्रतिवादी प्रेमबहादुर मगरको हकमा स्वयम् मृतकले झिकेको निहुँमा दुवै पक्षबीच हात हालाहालको स्थिति उत्पन्न भई कुटपिटको परिणाम स्वरूप यी प्रतिवादी प्रेमबहादुर मगर आवेशमा आई मृतकले भिरी राखेको खुकुरी (खुकुरीको दाब मृतकसँगै भएको) खोसी प्रहार गरेको कारण मृत्यु भएको देखिएको छ । मृतकलाई मार्ने पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण प्रतिवादीले प्रहार गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी खुकुरी प्रहार गरेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा वारदातस्थलमा भएको सामान्य विवादको कारण तत्काल उठेको रिस थाम्न नसकी तत्काल खुकुरी रोपेको कारण तुलसी गिरीको मृत्यु भएको देखिँदा निज प्रतिवादीलाई हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम प्रतिवादी प्रेमबहादुर मगरलाई १० (दश) वर्ष कैद हुने ।

प्रतिवादीहरू देउबहादुर मगर र मनबहादुर मगरको हकमा स्वयम् मृतकले झिकेको निहुँमा दुवै पक्षबीच हात हालाहालको स्थिति उत्पन्न भई कुटपिटको परिणाम स्वरूप प्रतिवादी देउबहादुर मगर आवेशमा आई ढुङ्गाले मृतकको टाउकोमा प्रहार गरेको देखिएको छ । त्यस्तै प्रतिवादी मनबहादुरको हकमा दुवै पक्षबीच हात हालाहालको स्थिति उत्पन्न भई प्रतिवादीको कुहिनामा चोट लागेको परिणाम स्वरूप आवेशमा आई बक्सिङले मृतकलाई प्रहार गरेको देखिएको छ । मृतकलाई मार्नै पर्ने भन्ने पूर्वरिसइवी वा वैमनस्यताको कारण यी प्रतिवादीले प्रहार गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । प्रतिवादीहरूले मृतकलाई मार्छौं नै भनी ढुङ्गा र बक्सिङ प्रहार गरेका होइनौं भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा वारदातस्थलमा भएको सामान्य विवादको कारण तत्काल उठेको रिस थाम्न नसकी ढुङ्गा र बक्सिङ प्रहारको कारण तुलसी गिरीको मृत्यु भएको देखिँदा प्रतिवादीहरू देउबहादुर मगर र मनबहादुर मगरलाई हदैसम्मको सजाय गर्दा चर्को पर्न जाने देखिएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. बमोजिम कैद सजाय घटाई सजाय गर्न मनासिब हुने भनी ५ (पाँच) वर्षको कैद सजाय गर्ने भनी पुनरावेदन अदालत, इलामको राय मनासिबै हुँदा प्रतिवादीहरू देउबहादुर मगर र मनबहादुर मगरलाई ५ (पाँच) वर्ष कैद हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल कात्तिक १० गते रोज ४ शुभम् ।

३

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री मीरा खड्का,** ०७२-WO-०७६५, उत्प्रेषण, सुर्मिला देवी यादव वि. रौतहट जिल्ला अदालत गौरसमेत

डाँक लिलाम प्रक्रियामा असहमति जनाएर आफैँले दिएको रिट निवेदनको कारवाही अन्तिम भएर बसेपछि फैसलाबमोजिम लिलामी कारवाही भई दा.खा. नामासारीको लागि मालपोत कार्यालयलाई पुर्जी दिने आदेशले समेत अन्तिमरूप लिएर बसेको अवस्थामा सर्वोच्च अदालतको मिति २०७०।११।१९ गतेको फैसलालगायत हालसम्म भएका सम्पूर्ण कारवाहीलाई परास्त गर्ने गरी बिगो रकम बुझाई लिलाम बदर गराई मेरै नाउँमा दर्ता कायम रहने आदेश गरिपाउँ भनी दिएको निवेदन सफा हातबाट निवेदक आएको मान्न नसकिने ।

लेनदेनको फैसलाबाट सावाँ ब्याजसमेतको रकम बुझाउने कार्यमा कुनै वास्ता गरेको पाइँदैन । अदालतको प्रत्येक आदेशउपर यी रिट निवेदकले उजुरी गरी हरेक प्रक्रियालाई चुनौती दिएको देखिन्छ । यी कुनै चुनौतीले कुनै पनि तहबाट मान्यता

पाएको देखिँदैन । यसबाट रिट निवेदकको उद्देश्य बिगो मुद्दालाई कसरी ढिलो गर्न सकिन्छ भन्नेमा रहेको देखिने ।

बिगो रकम बुझाउन आलटाल गरे पछि मात्र अन्तिम विकल्पको रूपमा मात्र जायजेथा तायदात गरी लिलामको प्रक्रिया अघि बढाउने हो । यी सम्पूर्ण प्रक्रिया पूरा गर्दासमेत ऋणीले ऋण तिर्न इन्कार गरेको अवस्थामा बाध्य भएर लिलामी प्रक्रिया अगाडि बढाएको अवस्थामा अदालतलगायतका यी साहुको धेरै साधन स्रोत व्यय भइसकेको हुन्छ । यति तह तहका प्रक्रिया पूरा गरिसके पछि ती सबै प्रक्रियालाई निस्तेज पार्ने गरी बिगो रकम दाखिल गर्न तत्पर हुने पक्षलाई अदालतले सहयोग गर्ने हो भने मुद्दा अन्तिमताको सिद्धान्तविपरीत हुन जाने ।

निवेदकले जायजात मोलकायम मुचुल्का र डाँक लिलाम बदरको लागि निवेदन गरेकोमा ती सबै निवेदनमाथि विभिन्न तहसहित यस अदालतबाट मिति २०७०।११।१९ गते आदेश हुँदा जायजात, मोल कायम र लिलामी प्रक्रियासमेत बदर नहुने गरी लिलामी प्रक्रियाको कारवाहीको अन्तिम निरूपण भएको देखिन आउँछ । निवेदकको डाँक लिलाम बदरको मागले अन्तिमरूप लिएर विवादको निरूपण भई लेनदेन मुद्दाका वादीले लिलाम सकारसमेत गरी डाँक लिलामउपरको उजुर गर्ने कानूनी म्यादसमेत समाप्त भई बिगो दरखास्त तामेलीमा राख्ने आदेशसमेत भइसकेको अवस्था छ । बिगोको निवेदन तामेलीमा राखिसकेपछि पुन: कानूनको रीत पुर्‍याई बिगोको कारवाही अगाडि बढाउने निवेदन जिकिर लिएको तथ्य र नेकाप २०६७ अङ्क ६ नि.नं.८३९८ को फैसला र प्रस्तुत रिटको तथ्यमा फरक पर्ने हुँदा प्रस्तुत रिटमा उक्त फैसला आकर्षित हुने देखिएन । यसअघि जारी अन्तरिम आदेश निष्क्रिय हुने गरी प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : दुर्गाप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल जेठ २८ गते रोज १ शुभम् ।

४

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०३५८, उत्प्रेषण / परमादेश, *सुरेन्द्र भण्डारी वि. नेपाल सरकारसमेत*

घरजग्गा रजिष्ट्रेशन दस्तुरको व्यवस्था सहकारी ऐन, २०४८ ले व्यवस्थित गर्ने नभई आर्थिक ऐनले गर्ने र यस्तो आर्थिक ऐनबाट गरिने राजस्व दरसम्बन्धी व्यवस्थाहरू प्रत्येक आर्थिक वर्षको लागि सालवसालीरूपमा जारी हुने आर्थिक ऐन वा अध्यादेशबाट निश्चित गरिने हो । नेपाल सरकारको नीतिगत निर्णय वा आदेशबाट सो शुल्क लगाएको नभई अध्यादेशले गरेको व्यवस्थाबाट सो दस्तुर लागेको सम्म हो । तसर्थ नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७(१) बमोजिम आर्थिक अध्यादेशको व्यवस्था सहकारी ऐनको उल्लिखित प्रावधानसँग बाझिएको नदेखिँदा निवेदकको मौलिक हकको हनन् भएको भन्ने देखिन नआउने ।

अतः आर्थिक अध्यादेश २०७०।०७१ को दफा ११ र अनुसुची ४ अन्तर्गतको सेवासम्बन्धी देहाय २ र विविधसम्बन्धी ७ र १६ तथा सहकारी ऐन, २०४८ को दफा ३८(१) र ३८(१) (ख) का व्यवस्थाहरू अवलोकन गर्दा उक्त दफा ३८ ले संस्था वा संघले गरेको अचल सम्पत्तिको लेनदेन वा खरिद बिक्रीसम्बन्धी कागजपत्र वा कुनै किसिमको लिखतमा आय टिकट र दस्तुर नलाग्ने भनी गरेको व्यवस्था दफा ५ अनुसार दर्ता भएको संस्थाको प्रयोजनको लागि मात्र आकर्षित हुने र अन्य व्यापारिक प्रयोजनको हकमा आकर्षित हुने प्रकृतिको नदेखिएकोले अध्यादेशबमोजिम लगाएको दस्तुर लिन मिल्ने नै देखिँदा आर्थिक अध्यादेश २०७०।०७१ सहकारी ऐन, २०४८ को दफा ३८ सँग बाझिएको नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटरः प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १२ गते रोज १ शुभम् ।

- यसै लगाउको ०७१-WO-०३५७, उत्प्रेषण

/ परमादेश, *सुरेन्द्र भण्डारी वि. नेपाल सरकारसमेत* भएको मुद्दामा यसैअनुसार फैसला भएको छ।

५

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-११५८, उत्प्रेषण / परमादेश, डा.पदमराज अधिकारी वि. स्वास्थ्य मन्त्रालय, काठमाडौंसमेत

निवेदकलाई राप्ती अञ्चल अस्पताल तुल्सीपुरबाट जाजरकोट जिल्ला अस्पतालमा सो अस्पतालको प्रमुख मेडिकल सुपरिटेण्डेन्ट पदमा निमित्त प्रमुख भई कामकाज गर्न खटाएकोलाई सरूवा गरेको भनी अर्थ गर्न नमिल्ने हुँदा प्रस्तुत मुद्दामा निवेदकले उल्लेख गरेको स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ३१क.(१) आकर्षित हुनसक्ने नदेखिइ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २०(२)(ख) र २१ को ५(ग) आकर्षित हुने।

नेपाल स्वास्थ्य सेवा ऐनको दफा २०(१)(ख) ले सचिवलाई दिएको अधिकार निज सचिव भन्दा माथिल्लो तहको पदाधिकारी नेपाल सरकार (राज्य मन्त्रीस्तर) बाट प्रयोग भई भएको निर्णयअनुसार सोही ऐनको दफा २१(५)(ग) बमोजिम निवेदकलाई कामकाज गर्न खटाएकोलाई कानूनविपरीतको मान्न नमिल्ने भएकाले प्रस्तुत मुद्दामा नेपाल सरकार (मा. राज्यमन्त्रीस्तर) बाट मिति २०७३।११।१७ मा भएको निर्णय र पत्राचारसमेतका काम कारवाहीबाट निवेदकको संवैधानिक एवम् कानूनी हक हनन हुन्छ भनी तर्क गर्न कानूनसम्मत र विवेकसम्मत नदेखिने।

अतः उल्लिखित आधार र कारणसमेतबाट निवेदकलाई राप्ती अञ्चल अस्पताल तुल्सीपुरबाट जाजरकोट जिल्ला अस्पतालमा कामकाज गर्न खटाउने गरी नेपाल सरकार (मा.राज्यमन्त्रीस्तर) बाट मिति २०७३।११।१७ मा भएको निर्णय र सोसम्बन्धी कामकारवाहीसमेत कानूनविपरीत भएको नदेखिँदा प्रस्तुत मुद्दामा रिट निवेदकको मागबमोजिम उत्प्रेषणको आदेश जारी गरिरहनु पर्ने अवस्था विद्यमान देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर : कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल भदौ १४ गते रोज ४ शुभम्।

६

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७३-WO-०५२१, उत्प्रेषण / परमादेश, राममणि घिमिरे वि. जिल्ला स्वास्थ्य कार्यालय, नुवाकोटसमेत

नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) को कानूनी व्यवस्था एउटा वर्गको क्षेत्रमा कार्यरत कर्मचारीलाई अर्को वर्गमा सरूवा गर्दा तथा एउटा जिल्लाबाट अर्को जिल्लामा सरूवा गर्दा लागू हुने कानूनी व्यवस्था हो। यसमा रिट निवेदकको सरूवा नुवाकोट जिल्लाभित्रै जिल्ला स्वास्थ्य कार्यालयबाट जिल्ला अस्पतालमा भएको तथा जिल्ला तथा वर्गीकृत भौगोलिक क्षेत्रसमेतमा फरक पर्ने गरी सरूवा भएको अवस्था नदेखिएकाले निवेदकको सरूवालाई नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २१(३) विपरीतको सरूवा भनी मान्न मिल्ने नदेखिने।

निवेदकलाई जिल्ला स्वास्थ्य कार्यालय नुवाकोटबाट जिल्ला अस्पतालमा सरूवा गर्दाको सरूवा पत्रमा उल्लेख भएको 'छैटौं तह' भन्नेलाई स्वास्थ्य सेवा विभागको मिति २०७३।९।८ को निर्णय सच्याई सातौं तह कायम गरी निज निवेदकलाई सरूवा गरिएको जिल्ला अस्पताल नुवाकोट र अन्य सम्बन्धित कार्यालयहरूमा समेत मिति २०७३।९।११ मा च.नं. २४५६ को पत्र स्वास्थ्य सेवा विभागले पठाइ सकेको भन्ने सरकारी वकिलबाट पेस भएको सोही च.नं. २४५६ मिति २०७३।९।११ को स्वास्थ्य सेवा विभागको पत्रको फोटोकपीबाट देखिन्छ। निवेदकले आफूलाई घटुवा गरी सरूवा गरेको भन्ने दाबी लिएपनि सो दाबी पुष्टि हुने तथ्ययुक्त प्रमाण पेस गर्नसकेको नदेखिनुका साथै विपक्षीबाट पेस भएको च.नं. २४५६ मिति २०७३।९।११ को पत्र खण्डन हुने विश्वसनीय आधारसमेत निवेदकले पेस गर्नसकेको नपाइएबाट

निजलाई घटुवा गरी सरूवा गरेको र त्यसबाट निजको कानूनी हक हनन् भएको भन्ने दाबी मनासिब मान्न नमिल्ने।

अतः उल्लिखित आधार र कारणसमेतबाट निवेदकलाई स्वास्थ्य सेवा विभागको मिति ०७३।७।२९ को निर्णयले जिल्ला स्वास्थ्य कार्यालय नुवाकोटबाट जिल्ला अस्पताल नुवाकोटमा गरेको सरूवा कानूनविपरीत नदेखिएकोले निवेदकको मागबमोजिम रिट जारी गर्नुपर्ने अवस्थाको विद्यमानता देखिएन। तसर्थः प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: उद्धवप्रसाद गजुरेल

कम्प्युटर: कृष्णमाया खतिवडा

इति संवत् २०७४ साल भदौ १४ गते रोज १ शुभम्।

७

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७१-CR-००४३ र ०७१-CR-२०५६, डाँका, *नेपाल सरकार वि. नुरबहादुर मगरसमेत र नुरबहादुर मगरसमेत वि. नेपाल सरकार*

प्रतिवादीहरूले प्रहरीमा भएको बयान आफ्नो स्वेच्छापूर्वकको बयान होइन भन्ने जिकिर लिई अदालतमा बयान गर्दैमा निजको त्यस्तो इन्कारी बयान मात्रका आधारमा निजहरूलाई निर्दोष मान्न मिल्दैन । प्रहरीमा जबरजस्ती बयान गराएको भए म्याद थपको क्रममा अदालत, ल्याएको बखत सो कुराको जिकिर लिई शारीरिक परीक्षण गराउनु पर्नेमा त्यस्तो जिकिर लिएको वा पछि पनि कुटपिट गरी बयान गराएको जिकिर लिई घा जाँच गराउन निवेदन दिनसकेको देखिँदैन । प्रतिवादीको इन्कारी कथन स्वतन्त्र र तथ्यपूर्ण प्रमाणबाट समर्थित हुन आवश्यक छ। प्रहरीले आफूलाई डर, त्रास देखाई वा धम्की दिई बयान गराएको कारणले प्रहरीमा कसुर स्वीकार गर्नु परेको कुराको जिकिर लिई प्रमाणितसमेत गर्नसक्नु पर्छ । तर प्रतिवादीले आफूलाई बयान गर्न बाध्य पारिएको वा अन्य के कस्तो कारणले आरोपित कसुर स्वीकार गर्नु परेको भन्ने कुरा भन्न नसकेको स्थितिमा यी प्रतिवादीहरूलाई अनुसन्धान अधिकारीसमक्ष डर त्रास इच्छाविपरीत बयान गराएको कुराको पुष्टाई तर्कसम्मत रूपबाट भएको नदेखिने।

जाहेरवालाको जाहेरी दरखास्त, पीडितहरूको मौकाको कागज, सुरू अदालतमा भएको बकपत्र, घा जाँच केस फाराम र यी प्रतिवादीहरूले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको बयानलगायतका मिसिल संलग्न कागजातबाट पीडितहरूलाई कुटपिट गरी घाइते गराई प्रतिवादीहरू नुरबहादुर मगर र पदम तामाङसमेतले सुन डाँका गरी लगेको तथ्यको पुष्ट्याइँ हुन आउने।

अतः प्रतिवादीहरूबाट डाँका गरेकोमा जनही कैद वर्ष ६(छ) हुने साथै सुन ६(छ) तोला चोरी भएकोमा प्रतितोला सुनको मूल्य रू. ३५,०००।– का दरले रू. २,१०,०००।– बिगो कायम हुने र प्रतिवादीहरूलाई मुलुकी ऐन, चोरीको महलको १४ नं. को देहाय ४ बमोजिम जनही बिगो डेढी बढाई रू. ३,१५,०००।– (तीन लाख पन्ध्र हजार) जरिवाना हुने र बिगोको हकमा प्रतिवादीहरूबाट दामासाहीले पीडित इन्द्र कुमारी राईले भराई लिन पाउनेसमेत ठहरी पुनरावेदन अदालत, राजविराजबाट मिति २०६९।३।२० मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: कोशलेश्वर ज्ञवाली

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७३ साल भदौ १४ गते रोज ३ शुभम्।

८

**मा.न्या.श्री ओमप्रकाश मिश्र र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-११६८, उत्प्रेषण / परमादेश, डा. किरणकुमार के.सी. वि. नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत

प्रहरी सेवामा कार्यरत कर्मचारीले अध्ययन बिदा प्राप्त गर्ने सम्बन्धमा भएको उपयुक्त कानूनी व्यवस्थाबमोजिम यी निवेदक सेवा प्रवेश गरेको ३ वर्ष पुगेको मिति २०७१।५।२८ बाट अध्ययन बिदा माग गरेका र निज प्राविधिकतर्फको मेडिकल डाक्टर भएको र निजको सेवासम्बन्धी विषय MD Anesthesiology विषयको अध्ययन निवेदकको सेवासम्बन्धी माथिल्लो

तहको अध्ययन हुँदा उक्त अध्ययनबाट कार्यरत पदको विशेषज्ञ जनशक्ति तयार हुने र प्राविधिक कर्मचारी भएकाले नियम ८८(७) को प्रतिबन्धात्मक वाक्यांशबमोजिम निजले अध्ययन बिदा प्राप्त गर्ने योग्यता नरहेको देखिन नआउने।

निवेदकले माग गरेको बिदा अस्वीकृत भएको कुनै जानकारी दिएको भन्ने विपक्षीको लिखित जवाफसमेतबाट देखिन आएको छैन । बिदाको निवेदन दिई बिदा स्वीकृत होला भन्ने विश्वास राख्नु निवेदकको वैद्य अपेक्षा (Legitimate expectation) हो र त्यसलाई अस्वभाविक सम्झन मिल्ने नदेखिने।

बिदाको प्रक्रियाअगाडि बढाएको अवस्थामा बिदा स्वीकृति हुन नसक्ने भएबाट प्रहरी नियमावली २०७१ को नियम ११३(च) बमोजिम बिदा स्वीकृत नगराई लगातार पैंत्तालीस दिनसम्म आफ्नो कार्यालयमा अनुपस्थित रहेमा सेवाबाट हटाउने वा बर्खास्त गर्न सक्ने कारवाही गर्दा प्रहरी ऐन, २०१२ को दफा १० र नियमावलीको नियम ११५ को कार्यविधिको बाध्यात्मकरूपमा अवलम्बन गर्नुपर्ने।

मिति २०७२।४।२१ को गोरखापत्रमा सूचना प्रकाशन गरी स्पष्टीकरण माग भएकोलाई विपक्षी नेपाल सरकारतर्फबाट उपस्थित विद्वान् सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठीले उल्लिखित ऐनको दफा १० र नियम ११५(१) को लागि पर्याप्त भएको भन्ने जिकिर लिएपनि मिति २०७२।४।२१ को स्पष्टीकरण सूचनापछि पनि अर्थात् गृह मन्त्रालयको मिति २०७२।५।८ को पत्रबाट बिदा स्वीकृतिको प्रक्रिया अगाडि बढाउने निर्णय भएको भन्ने देखिएकोले मिति २०७२।४।२१ मा सोधिएको स्पष्टीकरणको निरन्तरता रहेको मान्न नमिल्ने।

एकातर्फ निवेदकले आफ्नो नोकरीअवधि तीन वर्ष पुगेपछि अध्ययन बिदा माग गरेको अवस्था हुँदा तत्पश्चात् मात्र निज विरूद्ध नोकरीबाट हटाउने प्रयोजनार्थ विभागीय कारवाहीका लागि सूचना प्रकाशन गरे पनि सोही अवधिमा नै निजको उक्त अध्ययन बिदा स्वीकृत गर्नेतर्फ कारवाहीअगाडि बढाएर निज विरूद्धको उक्त कारवाहीलाई कानूनी प्रक्रिया पूरा गरेर पूर्णता दिनमा प्रत्यर्थीहरू इच्छुक नरहेको अवस्था रहेको देखिन्छ भने अर्कोतर्फ कुनै व्यक्तिको विरूद्धमा कुनै काम कारवाहीअगाडि बढाई निजको हकविपरीतको निर्णय गर्दा त्यस्तो व्यक्तिलाई प्राकृतिक न्यायको सिद्धान्तबमोजिम विधि र प्रक्रियाअनुसार अनिवार्यतः सुनुवाइको मौका दिनुपर्नेमा सोको विपरीत प्रहरी नियमावलीको नियम ११५(१) को प्रक्रियासमेत अवलम्बन नगरी निवेदकलाई गरिएको कारवाही त्रुटिपूर्ण देखिन आउने।

निवेदकलाई बिदा अस्वीकृत भएको कुनै जानकारी नै नदिएको अवस्थामा कानूनमा व्यवस्था भएबमोजिम अर्थात् प्रहरी ऐन, २०१२ को दफा १० र प्रहरी नियमावली, २०७१ को नियम ११५(१) को कानूनी व्यवस्थाको परिपालन कानूनसम्मतरूपबाट नगरी निवेदकलाई सरकारी नोकरीको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट बर्खास्त गर्ने गरी भएको मिति २०७१।११।६ को गृह सचिव स्तरीय निर्णय र सो निर्णयलाई सदर गर्ने गरी भएको नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७३।६।६ को निर्णयसमेत प्राकृतिक न्यायको सिद्धान्तविपरीत हुनुका साथै कानूनअनुरूप र औचित्यपूर्ण नभएकोले उक्त निर्णयहरू उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। अब निवेदकलाई साबिक पदमा बहाली गरी बर्खास्त मितिबाट बहाली अवधिसम्मको तलब भत्ता र अन्य सुविधा प्रदान गरी पूर्ववत् कामकाजमा लगाउनु भनी विपक्षीका नाममा परमादेशसमेत जारी हुने।

इजलास अधिकृत: ईश्वरीप्रसाद भण्डारी

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७४ साल असोज १ गते रोज १ शुभम्।

## इजलास नं. ५

१

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री जगदीश शर्मा पौडेल**, ०७०-CR-०७५७, कर्तव्य ज्यान तथा

जातिय छुवाछुतसमेत, *नेपाल सरकार वि. मिमबहादुर शाहीसमेत*

मृतक मुनवीरे सुनार र प्रत्यर्थी प्रतिवादीहरू मिमबहादुर शाही र दीपकबहादुर शाहीबीच चुरोट सल्काउनेसम्बन्धी सामान्य विवादमा मृतकले मा साला ठकुरी डुम भनी परस्पर गालीगलौज गरी उत्तेजित भई लात मुक्काले हानि कुटपिट गरेको देखिँदा तत्काल उठेको रिसबाट भएको आवेशप्रेरित हत्या भएको हो भन्ने तथ्य स्थापित हुन आएको देखिँदा प्रतिवादी मिमबहादुर शाही र दीपकबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम जनही १० वर्ष कैद ठहऱ्याई सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६९।०७।२० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।०२।१९ मा भएको फैसला मिलेको देखिने।

विपक्षी प्रतिवादीहरू जसबहादुर शाही र बालकुमारी शाहीलाई जाहेरवालाले तत्काल मौकामा पोल नगरेको देखिँदा निजहरूको कसुर तथ्ययुक्त आधारमा पुष्टि हुन सकेको पाइँदैन। विपक्षी प्रतिवादीहरू दीपकबहादुर शाही र मिमबहादुर शाहीले अधिकारप्राप्त अधिकारीसमक्ष र अदालतसमक्ष बयान गर्दा यी जसबहादुर शाही र बालकुमारी शाहीलाई पोल गरेको देखिँदैन। मौकामा कागज गर्ने डिल्लीबहादुर शाही र मृतकको श्रीमती रेश्मा सुनार पर्व सुनारले प्रतिवादी जसबहादुर शाहीसमेतले कुटपिट गरेका हुन् भनी मौकामा लेखाए पनि जाहेरवाला वीरभद्र सुनारले अदालतमा बकपत्र गर्दा जसबहादुर शाही र बालकुमारी शाहीले हानेको होइन भनी मृतकका छोराले भनेको थियो भनी लेखाएको देखिँदा जाहेरवालाको जाहेरी र बकपत्रबाट समेत यी प्रतिवादीहरू जसबहादुर शाही र बालकुमारी शाहीको कसुर प्रमाणित हुन नआउने।

शङ्का र अनुमानको भरमा कसैलाई पनि कर्तव्य ज्यानजस्तो संगीन अपराधमा दोषी ठहर गरी सजाय गर्नु फौजदारी न्यायको मान्य सिद्धान्तविपरीत हुन्छ। उनीहरूको घरमा चुरोट सल्काउने निहुँमा विवाद भई जसबहादुर शाहीले घरबाहिर धकेलिदिएपछि विपक्षी प्रतिवादीहरू दीपकबहादुर शाही र मिमबहादुर शाहीले कुटपिट गरी उपचारको क्रममा मृत्यु भएको कारणबाट मात्र दोषी ठहर गर्न मिल्ने अवस्था नदेखिने।

तसर्थ प्रतिवादी जसबहादुर शाहीको कसुर शङ्कारहित प्रमाणहरूबाट पुष्टि हुन नआएकोले जसबहादुर शाहीलाई अभियोग दाबीको कसुरबाट सफाइ दिनुपर्नेमा मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. ले १०(दश) वर्ष कैद सजाय गर्ने गरी सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६९।०७।२० मा निजको हकमा भएको फैसला उल्टी भई प्रतिवादी जसबहादुर शाहीले अभियोग माग दाबीबाट सफाइ पाउने ठहऱ्याई र अर्का प्रतिवादी बालकुमारी शाहीले दाबीको कसुर गरेको पुष्टि हुन नआएकोले निजलाई ज्यानसम्बन्धी महलको कसुरबाट सफाइ दिने गरी सुरू कालिकोट जिल्ला अदालतबाट भएको फैसला निजको हकमा सम्म सदर गरी पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।०२।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

प्रतिवादीहरू उपर जातिय छुवाछुतको मुद्दा चलाउन अनुसन्धान अधिकृतले राय दिए पनि जिल्ला सरकारी वकिल कार्यालय, कालिकोटबाट प्रथम अभियोग दाबी गरी मुद्दा दर्ता गर्दा जातिय छुवाछुतमा कुनै दाबी लिइएको देखिँदैन। दर्ता भइसकेको अभियोगपत्रमा तत्काल खुल्न नआएको प्रतिवादीहरूको हकमा मात्र थप पूरक अभियोगपत्र दायर गर्न पाउने कानूनी व्यवस्थाको विपरीत दायर हुन आएको पूरक अभियोगपत्रको कसुर सम्बन्धमा विचार गर्न नमिल्ने हुँदा सो सम्बन्धमा अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई सुरू कालिकोट जिल्ला अदालतबाट मिति २०६९।०७।२० मा भएको फैसला सदर हुने ठहऱ्याई पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।०२।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

अत: उल्लिखित विवेचित आधार र कारणहरूबाट प्रतिवादीहरू दीपकबहादुर शाही,

मिमबहादुर शाही र जसबहादुर शाहीलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १० वर्ष कैद सजाय हुने विपक्षी प्रतिवादी बालकुमारी शाहीले आरोपित कसुरबाट सफाइ हुने र जातिय छुवाछुततर्फ अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई कालिकोट जिल्ला अदालतबाट मिति २०६९।०७।२० मा भएको फैसला केही उल्टी भई प्रतिवादी जसबहादुर शाहीले अभियोग दाबीको ज्यानसम्बन्धी महलको कसुरबाट सफाइ पाउने ठहऱ्याई प्रतिवादी दीपबहादुर शाही मिमबहादुर शाही र बालकुमारी शाहीको हकमा सुरू सदर हुने र जातिय छुवाछुततर्फको अभियोग दाबी पुग्न नसक्ने ठहऱ्याई पुनरावेदन अदालत, जुम्लाबाट मिति २०७०।०२।१९ मा भएको फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल भदौ २४ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७०-CR-०६३६, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. रामकुमार श्रेष्ठ*

लिखत हेर्दा जाहेरवाला जीवनाथ लम्सालबाट प्रतिवादी शंकर सुब्बाले रू.६,००,०००।– बुझिलिएको ठीक साँचो हो भन्ने व्यहोराको लिखतमा यी प्रतिवादी रामकुमारी श्रेष्ठ साक्षी बसेको देखिन्छ। सो लिखतको पेटबोलीमा निज प्रतिवादी शंकर सुब्बाले नै विदेश नपठाएमा र सम्पर्कमा नआए यी प्रतिवादीले जिम्मेवारी वहन गर्ने भन्ने व्यहोरा परे पनि सो लिखत जाहेरवाला र शंकर सुब्बाबीच भएको देखिने।

लिखतको प्रकृति हेर्दा देवानी दायित्वको जमानीको लिखत जस्तै भए पनि वैदेशिक रोजगारका लागि रकम लिने दिने भएको भन्ने लिखतको मूल आशय रहेकाले उक्त लिखतको कारोबार फौजदारी दायित्वभित्र पर्ने नै भई र सरकार वादी मुद्दाअन्तर्गत पर्ने भएकाले रकम लिने शंकर सुब्बालाई वैदेशिक रोजगारसम्बन्धी कसुर ठहर भएको अवस्थामा सो लिखतमा उल्लेख भएबमोजिम रामकुमार श्रेष्ठले देवानी दायित्व र फौजदारी दुवै दायित्व बहन गर्नुपर्छ भन्न मिल्दैन। अभियोग दाबीबमोजिम रकम लिने र दिने कार्यमा यिनको संलग्नता नदेखिँदा वादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ वादीले यी प्रतिवादी रामकुमार श्रेष्ठउपर लगाएको अभियोग ठोस सबुद प्रमाणबाट प्रमाणित गर्नसक्नुपर्नेमा केवल मिति २०६१।८।१ को लिखतमा साक्षी बसेको र पेटबोलीमा नाम उल्लेख भएको आधारमा दोषी करार गर्न मिल्ने नदेखिँदा निजउपरको अभियोग दाबी पुग्न नसक्ने भई कसुरबाट सफाइ पाउने ठहऱ्याएको मिति २०६८।८।१९ को वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री देवेन्द्र गोपाल श्रेष्ठ र मा.न्या.श्री सारदाप्रसाद घिमिरे**, ०७०-CR-०६१३, वैदेशिक रोजगार कसुर, *नेपाल सरकार वि. लेखनाथ प्रसाई*

प्रतिवादी लेखनाथ प्रसाईले तुलाराम खड्का र घनश्याम खत्रीलाई वैदेशिक रोजगारीमा विदेश पठाउने गरी निजहरूसँग रू. ५,००,०००।– रकम लिएको व्यहोराको मिति २०६७।५।२४ को तमसुक कागज गरिदिएको पाइन्छ। तर आफूलाई मर्का परेको विषयमा नालेस उजुर दिनुपर्ने व्यक्तिको सोबमोजिम उजुर नपरेको अवस्थामा त्यस्ताको बिगो फिर्ता दिलाई, भराई दिनुपर्ने प्रचलित कानूनी व्यवस्था रहे भएको कुरा वादीले खुलाउनसकेको नपाइने।

वैदेशिक रोजगारसम्बन्धी कसुर नेपाल सरकार वादी हुने मुद्दा भए पनि यस्तो मुद्दाको पीडित पक्षले मुद्दाको अनुसन्धान तहकिकातका लागि जाहेरी दिनुपर्ने कुरातर्फ इङ्गित गरेको पाइन्छ। उक्त ऐनको दफा ६० मा उजुरी गर्ने हदम्यादको व्यवस्था गरिएको पाइन्छ भने दफा ६१ मा वैदेशिक रोजगारसम्बन्धी

कसुरमा अनुसन्धान र तहकिकातको प्रारम्भ पनि उजुरी सूचनाबाट हुने व्यवस्था गरिएको पाइने।

वैदेशिक रोजगारसम्बन्धी कसुर फौजदारी अपराधअन्तर्गत पर्ने भए पनि पीडित पक्षलाई बिगो भराउने विषय नितान्त देवानी प्रकृतिको अपराधअन्तर्गत पर्ने भए पनि पीडित पक्षलाई बिगो भराउने विषय नितान्त देवानी प्रकृतिको अपकारभित्र पर्न आउने देखिन्छ । आफूलाई मर्का पर्ने पक्षले प्रतिवादीबाट आफ्नो रकम भराई पाउन उजुर सूचना दिनैपर्ने हुन्छ । यसरी उजुरी पर्न नआएको विषयमा एकातर्फ रकम भराउन सरकार आफैँ क्रियाशील हुनुपर्छ भने अर्कोतर्फ बिगो भराउने विषयमा न्यायिक निकायलाई समेत अलमल पर्न जाने।

तसर्थ माथि विवेचित आधार र कारणबाट प्रतिवादी लेखनाथ प्रसाईबाट जाहेरी उजुरी पर्न नआएका तुलाराम खड्काको बिगो भराउन नमिल्ने ठहरेको हदसम्मको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०६८।११।१ मो फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: इन्द्रबहादुर कठायत

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल माघ २६ गते रोज ४ शुभम्।

## इजलास नं. ६

१

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या.श्री मीरा खड्का,** ०७२-CI-०१९९, उत्प्रेषण, परमादेश र निषेधाज्ञा, रेगनकुमार बस्नेतसमेत वि. काठमाडौं उपत्यका विकास प्राधिकरण केशरमहलसमेत

मापदण्डविपरीत बनेका घर जग्गा टहराबाहेक अरूको हकमा जग्गा प्राप्ति ऐन, २०३४ बमोजिम मुआब्जा र क्षतिपूर्ति दिई सडक विस्तारसम्बन्धी कार्य गर्न सक्ने नै देखिन्छ। साथै सडकको केन्द्रबाट ३/३ मिटर गरी ६ मिटर बाटो कायम गर्ने सम्बन्धमा काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तको कार्यालयले स्थलमा गई माइकिङसमेत गरी सडक विस्तार गर्ने सम्बन्धमा चिह्नसमेत लगाएको र उक्त सडक विस्तार गर्दा पर्ने घरजग्गा टहरा धनीहरूलाई काठमाडौं उपत्यका विकास प्राधिकरण जिल्ला आयुक्तका कार्यालयमा मुआब्जाका लागि दाबी गर्न आउनु भनी मिति २०७०।११।२४ गतेको कान्तिपुर दैनिकमा सार्वजनिक सूचनासमेत प्रकाशित भएको देखिँदा, यी पुनरावेदकहरूले मापदण्डविपरीत निर्माण भएबाहेक आफ्नो हक स्वामित्वको घर जग्गा टहराको कानूनबमोजिम क्षतिपूर्ति वा मुआब्जा दाबी गर्न सक्ने अवस्था विद्यमान रही रहेको देखिँदा पुनरावेदकहरूको पुनरावेदन जिकिरबमोजिमको उत्प्रेषण / परमादेशसमेतको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने नदेखिने।

तसर्थ विवेचित आधार प्रमाणहरूबाट पुनरावेदकहरूको पुनरावेदन जिकिरबमोजिमको उत्प्रेषण / परमादेशसमेतको निषेधाज्ञाको आदेश जारी गर्नुपर्ने अवस्था नहुँदा रिट खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत पाटनबाट मिति २०७१।१०।२८ मा भएको आदेश मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृतः मुकुन्द आचार्य

कम्प्युटरः देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री मीरा खड्का, ०७३**-CI-०४४६, परमादेश, भोलाप्रसाद मिश्र वि. जिल्ला शिक्षा कार्यालय, नेपालगञ्जसमेत

पुनरावेदक भोलाप्रसाद मिश्र जनता माध्यामिक विद्यालय सोनापुर ४ का सहायक शिक्षक पदका शिक्षक देखिन्छन् । निजले २०७० साल माघदेखि प्रधानाध्यापक भई विद्यालय सञ्चालन गरेकोमा मिति २०७२।१।२ विद्यालय व्यवस्थापन समितिको निर्णयबाट उक्त अवधिको निजको नाउँमा रू.४४,०००।– रकम विद्यालयलाई बुझाउनुपर्ने देखिएको निजबाट विद्यालयले पाउनुपर्ने उक्त

४४,०००।– रकम २०७१ वैशाख पछिको तलबबाट क्रमशः भुक्तानी गर्दै जाने निर्णय भई उक्त निर्णयलाई यी पुनरावेदकले स्वीकार गरेको देखियो । यसर्थ यी पुनरावेदक स्वयंले स्वीकार गरी तिर्न बुझाउन सहमत भई हस्ताक्षर गरेको रकम निजबाट विद्यालयले असुलउपर गर्न पाउने नै देखिने ।

निवेदकले विद्यालयबाट के कति रकम लिन तिर्न बाँकी छ भनी सबुद प्रमाण बुझी निर्णय गर्न रिट क्षेत्रबाट मिल्ने देखिएन । पुनरावेदकले विद्यालयलाई तिर्न बुझाउन पर्ने दायित्वभन्दा बढी रकम निजबाट असुलउपर भएमा सो विषयमा आवश्यक हिसाब किताब निज कार्यरत उक्त जनता माध्यमिक विद्यालय सोनपुर ४ बाट हुने नै हुँदा पुनरावेदकको पुनरावेदन मागबमोजिमको आदेश जारी हुनुपर्ने देखिन नआउने ।

अतः यी पुनरावेदकको पुनरावेदन मागबमोजिमको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने ठहर्छ भनी पुनरावेदन अदालत नेपालगञ्जबाट मिति २०७२।१०।०६ मा भएको आदेश मिलेको देखिँदा प्रत्यर्थी झिकाउनु परेन । पुनरावेदन अदालत नेपालगञ्जको फैसला सदर हुने ।

इजलास अधिकृतः मुकुन्द आचार्य

इति संवत् २०७३ साल फागुन २४ गते रोज ३ शुभम् ।

**३**

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा. र मा.न्या. श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७०-CR-०५६०, कर्तव्य ज्यान, *कल्पना लामा (तामाङ) वि. नेपाल सरकार*

प्रतिवादी कल्पना लामा तामाङले मृतक सौतेलो छोराप्रति पहिलेदेखि नै क्रूरतापूर्ण व्यवहार गर्दै आएको तथ्य स्थापित भइरहेको र वारदातको दिन पनि कोठामा ढिलो गरी आएको भनी कुटपिट गर्दा ढली बेहोस भएका मृतकलाई उठाइ नजिकै रहेको कुवामा फाली मारेको भन्ने कुरा सोही घरमा डेरा गरी बस्ने अन्य मानिसहरूले खुलाएको घटना विवरण, प्रतिवादीको मौकाको बयानलगायत अन्य परिस्थितिजन्य प्रमाणहरूबाट पुष्टि हुन आएको हुँदा यी प्रतिवादी कल्पना लामा तामाङ निर्दोष रहेको भन्ने अवस्था देखिएन । यस अवस्थामा निज प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर्‍याएको पुनरावेदन अदालत, पाटनको मिति २०६९।१२।२० को फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिँदा सदर हुने ।

प्रतिवादी तथा मृतक एकै परिवारका सदस्य रहे भएको देखिन्छ । लास जाँच मुचुल्का तथा शव परीक्षण प्रतिवेदनबाट मृतकको शरीरमा कुनै गम्भीर घाउचोट रहेको अवस्था देखिएको छैन । प्रतिवादीले कुनै जोखिमी हतियार प्रयोग गरेको भन्ने देखिँदैन । प्रतिवादी बस्ने कोठाबाट सो वारदातमा प्रयोग भएको भनिएको अमृसोको कुचोबाहेक अन्य हतियार बरामद भएको पाइँदैन । निजले मृतकलाई मार्नेसम्मको पूर्वयोजना बनाएको देखिँदैन । निजले मार्ने मनसायले नै उक्त वारदात घटाएको भन्ने अवस्थासमेत रहेको छैन । प्रस्तुत मुद्दामा वारदातको उठान, वारदात हुँदाको तत्कालीन परिस्थितिसमेतलाई विचार गर्दा भवितव्य परेको हो कि भन्ने जस्तो शंका देखिन आएकोले प्रतिवादीलाई ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय गर्दा चर्को पर्ने भई न्यायोचित नहुने हुँदा निज प्रतिवादी कल्पना लामा तामाङलाई मुलुकी ऐन, अ.ब. १८८ नं. बमोजिम ७ (सात) वर्ष कैद सजाय हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७४ साल जेठ २६ गते रोज ६ शुभम् ।

## इजलास नं. ७

१

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०६९-WO-११५३, उत्प्रेषण/परमादेश, *रामनारायण यादव वि. मध्यक्षेत्रीय प्रहरी कार्यालय, हेटौंडाका नायब प्रहरी प्रहरी महानिरीक्षकसमेत*

कुनै पनि सेवामा काम गर्ने राष्ट्रसेवक कर्मचारीले सेवामा प्रवेश गरेपछि सो सेवामा

तोकिएको आचरण पालन गर्नुपर्दछ । बिदा लिनु परेमा तोकिएबमोजिमको ढाँचामा निवेदन दिई बिदा स्वीकृत गर्ने अधिकारीबाट बिदा स्वीकृत गराएर स्वीकृत बिदापश्चात् कार्यरत कार्यालयमा हाजिर भई आफ्नो कर्तव्य पूरा गरेको हुनुपर्नेमा निवेदक २०६८।२।२९ गते कोही कसैलाई नसोधी जानकारीसमेत नगराई आफूखुसी लाइन छाडी हिँडेको देखिन्छ । बाटाको म्यादबाहेक २४ घन्टाभित्र हाजिर हुन आउने बारेको मुलुकी ऐन, अ.बं. ११० नं. अनुसारको सूचना पुर्जी इलाका प्रहरी कार्यालय, शिवनगर रौतहटमार्फत मिति २०६८।४।१५ गते निवेदकको घरमा सूचना टाँस गरिएको र तोकिएको मितिभित्र निवेदक कार्यरत कार्यालयमा हाजिर हुन नआएकोले राष्ट्रिय गोरखापत्र दैनिक पत्रिकामा मिति २०६८।४।१७ गते सूचना प्रकाशित गरेको र सूचना प्रकाशित मितिले ७ दिनभित्रसमेत हाजिर हुन नआई गैरहाजिर देखिन्छ । यस्तो अवस्थामा निवेदकलाई पर्याप्त सुनुवाइको मौका प्रदान नगरिएको भन्ने निवेदन जिकिर तथ्यमा आधारित नदेखिने ।

सुरक्षाजस्तो २४ सै घन्टा खटिनु पर्ने संवेदनशील अङ्गमा कार्यरत यी निवेदक लामो समयसम्म कार्यालयमा जानकारी नगराई गैरहाजिर रहेको देखिन्छ । यसरी गैरहाजिर हुने प्रहरी नियमावली, २०४९ को परिच्छेद ९ को नियम ८९ को (२)(ग) अनुसार सफाइ पेस गर्ने मौकासमेत दिइरहन नपर्ने कानूनी व्यवस्थासमेत रहेको अवस्थामा सफाइ पेस मौकासमेत प्रदान गरी सोबमोजिमको निर्णय पर्चा खडा गरी निवेदकलाई कारवाही प्रक्रिया अगाडि बढाएको पाइन्छ । यसरी गैरहाजिर यी निवेदकलाई ऐ. नियमावलीको नियम ८८(झ) को कसुरमा को नियम ९३ को ३(ख) ले दिएको अधिकार प्रयोग गरी ऐ. को नियम ८४(छ) अनुसार भविष्यमा सरकारी नोकरीको लागि अयोग्य नठहरिने गरी निवेदकलाई नोकरीबाट हटाउने गरी जिल्ला प्रहरी कार्यालय, धनुषाका प्रहरी उपरीक्षकबाट मिति २०६८।४।२४ मा गरेको निर्णय कानूनसङ्गत नै देखिएकोले पुनरावेदन जिकिर पुग्न नसकेको भनी पुनरावेदन खारेज गर्ने गरी मध्यक्षेत्रीय प्रहरी कार्यालयबाट मिति २०६९।११।१३ मा गरेको निर्णय पर्चा कानूनसम्मत नै देखिँदा उक्त निर्णयबाट निवेदकको कुनै कानूनी तथा संवैधानिक हकमा हनन् भएको नदेखिँदा निवेदन मागबमोजिम उत्प्रेषणको आदेशद्वारा उक्त निर्णय पर्चा बदर गरिरहन परेन । प्रस्तुत निवेदन खारेज हुने ।

इजलास अधिकृत: रामप्रसाद भट्टराई

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम् ।

२

**मा.न्या.श्री जगदीश शर्मा पौडेल र मा.न्या.श्री सपना प्रधान मल्ल,** ०७२-WO-०४३१, उत्प्रेषण, *अधिवक्त रोशनकुमार झासमेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयसमेत*

संविधानको धारा ८३ अनुसार सङ्घीय व्यवस्थापिका भन्नाले प्रतिनिधिसभा र राष्ट्रियसभालाई जनाउने तथा धारा ८४ बमोजिम प्रतिनिधिसभा तथा धारा ८६ बमोजिम राष्ट्रियसभा गठन भएपछि सङ्घीय संसद् गठन हुने देखिन्छ । संविधानको धारा ७६(९) बमोजिमको मन्त्रिपरिषद् गठन हुनको लागि धारा ८४ तथा ८६ बमोजिम प्रतिनिधिसभा तथा राष्ट्रियसभा गठन भएको हुनुपर्ने र हाल सो गठन नभएको अवस्थामा मिति २०७२।९।९ मा विस्तार भएको मन्त्रिपरिषद् संविधानको धारा ७६(९) बमोजिम गठन भएको नभई संविधानको धारा २९८ बमोजिम गठन भएको देखिँदा नेपालको संविधानको धारा ७६(९) बमोजिम सरकार गठन भई मन्त्रिपरिषद् विस्तार भएको भन्ने निवेदन जिकिरसँग सहमत हुन सकिएन । अर्कोतर्फ मिति २०७२।९।९ मा विस्तार भएको मन्त्रिपरिषद् हाल कायम नरही विघटन भई परिस्थिति परिवर्तन भइसकेको र उक्त मन्त्रिपरिषद् क्रियाशील नरहेको अवस्थामा निवेदन मागबमोजिम निवेदन जारी हुने अवस्था नरहने ।

अत: माथि उल्लिखित तथा विवेचित आधार कारणबाट निवेदन दाबीमा उल्लेख गरेको

नेपालको संविधान, २०७२ को धारा ७६(९) बमोजिम मन्त्रिपरिषद् विस्तार नभई नेपालको संविधानको धारा २९८ बमोजिम भएको देखिएको तथा उक्त मन्त्रिपरिषद् विघटन भई परिस्थिति परिवर्तन भइसकेकोसमेत देखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: राप्रसाद भट्टराई

इति संवत् २०७३ साल साउन २६ गते रोज ४ शुभम्।

## इजलास नं. ८

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६६-CI-०७०३, बाटो मिचेको, *प्रताप सिंह रावल वि. नर्वदा थापा भण्डारीसमेत*

पुनरावेदक वादी तथा प्रत्यर्थी प्रतिवादीहरूले रीतपूर्वक नक्सापास गरी घर बनाई कम्पाउण्डवालसमेत लगाई सोबाटोलाई स्वीकार गरी भोग गर्दै आएको देखियो। यसरी यी पुनरावेदक वादी र प्रतिवादी नर्मदा थापा एवम् माधवेन्द्र बिष्टसमेतले उक्त बाटो स्वीकार गरी भोग गर्दै आएको अवस्थामा सो बाटोसम्ममा यी पुनरावेदक वादीको हक प्रचलन हुन आउने देखियो। यसरी वादी प्रतिवादीहरूले स्वीकार गरी आएको कायम रहेको बाटोबाहेक पहिला भएको सर्तनामाको कागजबमोजिमको बाटो प्रत्यर्थी प्रतिवादीहरूले मिची कम्पाउण्डवाल लगाएकोले उक्त कम्पाउण्डवाल भत्काई बाटो कायम गरिपाउँ भन्ने यी पुनरावेदक वादीको जिकिर कानूनसम्मत देखिन नआएको हुनाले आंशिक वादी दाबी पुग्ने ठहऱ्याई गरेको सुरू जिल्ला अदालतको फैसलालाई केही उल्टी गरी वादी दाबी नपुग्ने ठहर गरेको पुनरावेदन अदालत, पाटनको फैसला मनासिब नै देखिँदा सदर हुने।

इजलास अधिकृत: उदविर नेपाली

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७२-CR-१४४२, नकबजनी चोरी, *नेपाल सरकार वि. आलोक यादवसमेत*

जाहेरवालाले निजको सुनचाँदी पसलमा मिति २०६५।५।१० गते राति चोरी भएको हो भनी मिति २०६५।७।२२ मा २ महिना १२ दिनपछि आएर मात्र किटानी गरी जाहेरी दरखास्त दिएको देखिन्छ। जाहेरीको विरूद्ध खण्डमा उल्लिखित प्रतिवादीहरूले नै जाहेरवालाको सुन पसल चोरी गरेका हुन् भन्ने वारदात देख्ने प्रत्यक्षदर्शी साक्षी कोही पनि भएको देखिँदैन। जाहेरवालाले प्रतिवादीहरूले मेरो दोकानबाट चोरी गरी लगेको सुनचाँदीको बाँडफाँड कुरामा वादविवाद गरेको सुनेकोले मेरो नै दोकानको सुनचाँदी चोरेको हो भन्ने थाहा पाई आवाजबाट प्रतिवादीहरूको पहिचान गरेको हो भन्ने कथन यथार्थपरक तथा वास्तविकताको नजिक रहेको भन्ने कुरा वस्तुनिष्ट ढंगले कहिँकतैबाट स्थापित हुन सकेको नदेखिने।

फौजदारी मुद्दामा शंकाको सुविधा अभियुक्तले पाउने भन्ने सर्वमान्य सिद्धान्तसमेत रही आएको छ। सो आधारमा सुरू सिराहा जिल्ला अदालतले प्रतिवादीहरूले कसुर गरेको भनी पुनरावेदक प्रतिवादी आलोक यादव गरचुन भन्ने जिवछ यादवको हकमा सुरू फैसला उल्टी भई अभियोग दाबीबाट सफाइ पाउने हुँदा पुनरावेदन नगर्ने प्रतिवादीहरू गिलगिली भन्ने सुमन यादव, श्रीराम यादव, राजेश यादव, रमेश यादवसमेतको हकमा पुनरावेदन उजुर दिनेसरह मुद्दा उल्टीई निज प्रतिवादीहरूलेसमेत प्रस्तुत मुद्दाबाट सफाइ पाउने अवस्थामा प्रतिवादीहरूलाई सजाय गर्ने गरेको सुरू फैसलालाई उल्टी गरेको पुनरावेदन अदालत, राजविराजको फैसला मनासिब नै देखिन आउने।

जहाँसम्म पुनरावेदक नेपाल सरकारको प्रतिवादीमध्येका रूपेशकुमार यादवले आफू वारदातमा संलग्न रहेको कुरा मौकामा र अदालतमा समेत स्वीकार गरेको, अन्य प्रतिवादीहरूलाई पोल गरेको, आफूलाई ८०००।– दिएको र चाँदीको सिक्रीसमेत दिएको भन्ने तथ्यलाई निजका बाबु किसुन यादवले मौकामा दिएको निवेदन कागज र निजले अदालतमा गरेको बयानबाट

यी प्रतिवादीहरूले नै चोरी गरेको तथ्य पुष्टि भइरहेको अवस्थामा सफाइ दिन मिल्दैन भन्ने पुनरावेदन जिकिर रहेको छ सो सम्बन्धमा विचार गर्दा प्रतिवादी रूपेश यादवका बाबु किसुन यादवले दाखिला गरेको चाँदीजस्तो देखिने सिक्री जाहेरवालाकै पसलको दशी सामान हो भनी कहीँकतैबाट स्वतन्त्र प्रमाणबाट पुष्टि हुन सकेको नदेखिने।

प्रतिवादी रूपेश यादवले सुनको औंठी रू. ८,०००।– बिक्री गरेको हो भनी अधिकारप्राप्त अधिकारीसमक्ष बयान गरे तापनि उक्त औंठीको आधिकारिक निकायबाट पञ्चकृते मुचुल्का नभएको अवस्थामा सो औंठीलाई दशीको रूपमा ग्रहण गर्नसक्ने अवस्था देखिएन । अधिकारप्राप्त अधिकारीसमक्षको साबिती बयानका आधारमा मात्र यी प्रतिवादीहरू उपरको कसुर कायम गराउन कानूनसम्मत देखिँदैन। त्यस्तो बयान अन्य वस्तुनिष्ठ एवम् स्वतन्त्र प्रमाणबाट पुष्टि भएको हुनुपर्ने।

अतः उल्लिखित आधार प्रमाण र कारणसमेतबाट सुरू सिराहा जिल्ला अदालतबाट मिति २०६८।३।२० मा भएको फैसला मिलेको नदेखिँदा उल्टी भई सबै प्रतिवादीहरूले अभियोग माग दाबीबाट सफाइ पाउने ठहऱ्याएको पुनरावेदन अदालत, राजविराजको मिति २०७१।८।९ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७३ साल चैत २ गते रोज ४ शुभम्।

३

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०७०-CR-०६५७, वैदेशिक रोजगार, *नेपाल सरकार वि. बटुकृष्ण कार्कीसमेत*

वादी नेपाल सरकारले मिति २०६१।२।५ गते यी प्रतिवादीहरू केदारबहादुर कार्की र आत्माराम कार्की जमानी बसी पैसा दिएको कागजको आधारमा नै प्रतिवादीहरू उपर अभियोग माग दाबी लिएको देखिन्छ । यसरी जमानी बस्ने यी प्रतिवादी केदारबहादुर कार्की र आत्माराम कार्की वैदेशिक रोजगार व्यवसायी हुन् भन्ने कुरा कहीँकतैबाट पुष्टि हुन सकेको देखिँदैन । प्रतिवादी बटुकृष्ण कार्कीले अधिकारप्राप्त अधिकारीसमक्ष र सुरू जिल्ला अदालतमा आफूले जाहेरवालालाई विदेश पठाउने भनेर कुनै रकम नलिएको र कुनै कागजसमेत नगरी दिएको भनी बयान गरेको देखिन्छ । जाहेरवालाले पेस गरेको मिति २०६१।२।५ गतेको कागजमा प्रतिवादी बटुकृष्ण कार्कीले जाहेरवालालाई विदेश (कोरिया) पठाउँछु भनेर रकम लिई कुनै कागज गरेको देखिँदैन । प्रतिवादीहरू केदारबहादुर कार्की र आत्माराम कार्कीलाई जमानीमा मात्र राखेर बटुकृष्णले रकम लिएको भनी जाहेरवालाले पेस गरेको कागजमा प्रतिवादी बटुकृष्णको सही पनि भएको देखिँदैन। यसरी मिति २०६१।२।५ मा भएको कागजमा प्रतिवादी बटुकृष्ण कार्कीको सही नै नभएको अवस्थामा अरू व्यक्तिले गरी दिएको कागज व्यहोराका आधारमा प्रतिवादी बटुकृष्णले रकम लिएको भनी मान्न मिल्ने देखिएन। प्रतिवादी बटुकृष्ण कार्कीले रकम नै नलिएको देखिँदा उक्त कागजबमोजिमको दायित्व पनि व्यहोर्नु पर्ने देखिन नआउने।

प्रतिवादीहरू उपरको कसुर प्रमाणित गर्नुपर्ने दायित्व वादी पक्षको नै हुन्छ। निजहरू उपर जाहेरी परेकै आधारमा मात्र वैदेशिक रोजगारको कसुर गरेको भन्न सकिँदैन। अनुमानका आधारमा कसुर कायम हुन पनि सक्दैन । प्रतिवादी बटुकृष्णले जाहेरीअनुसारको रकम जाहेरवालालाई विदेश पठाइदिन्छु भनी लिएको देखिँदैन। निज बटुकृष्णले रकम लिई कागज गरिदिएको भन्ने वादी पक्षको पुनरावेदन जिकिर पनि छैन। कुनै कागज नगरी दिएको र जाहेरवालाहरूको भनाइलाई मात्र अन्तिम सत्य मानी प्रस्तुत अभियोगपत्र दायर भएको छ। जाहेरी स्वयम् प्रमाण होइन। सो जाहेरी अन्य प्रमाणबाट समर्थित हुनुपर्छ, त्यस्तो अवस्था विद्यमान नदेखिने।

अतः माथि विवेचित आधार तथा प्रमाणको आधारमा प्रतिवादीहरू बटुकृष्ण कार्की, केदारबहादुर कार्की र आत्माराम कार्कीले आरोपित कसुर गरेको

कुरा पुष्टि हुन आएको नदेखिँदा निजहरूलाई सफाइ दिने गरी भएको काठमाडौँ जिल्ला अदालतको मिति २०६५।१२।१४ को फैसला सदर गर्ने पुनरावेदन अदालत, पाटनको मिति २०६७।११।७ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६७-CI-११७६, लिखत बदर दर्ता नामसारी, *चम्पादेवी चौधरीसमेत वि. चन्द्र शेखर चौधरीसमेत*

मुलुकी ऐन, अंशबन्डाको महलको १९ नं. मा "पिता पुर्खाका पालाको चल अचल गैह्र सम्पत्तिको हकमा चलमा सबै र अचलमा आधीसम्म व्यवहार चलाउन स्वास्नी, छोरा, अविवाहित छोरी वा विधवा बुहारीको मन्जुरी नभए पनि आफूखुश गर्न पाउँछ। अचलमा आधीभन्दा बढी भने व्यवहार चलाउनै परे पनि एक्काइस वर्ष नाघेका स्वास्नी, छोरा, अविवाहित छोरी र विधवा बुहारीहरूको मन्जुरी लिई मात्र खर्च गर्न हुन्छ। मन्जुरी नलिई गरेको सदर हुँदैन" भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ। उक्त कानूनी व्यवस्थालाई हेर्दा चलमा सबै र अचलमा आधासम्म २१ वर्ष नाघेका स्वास्नी, नाबालक छोराछोरीहरूको मन्जुरी नलिई बिक्री गर्न बन्देज लगाएको देखिँदैन। आधाभन्दा बढी बिक्री गरेको भन्ने वादीको जिकिर पनि देखिँदैन। प्रस्तुत मुद्दामा प्रत्यर्थी प्रतिवादीका नाबालक छोराछोरीहरूको उमेर २१ वर्ष ननाघेको देखिन्छ। यस्तो अवस्थामा प्रत्यर्थी प्रतिवादीले नाबालक छोराछोरीहरूको मन्जुरी लिइरहनु पर्ने देखिएन। वादी चम्पादेवीको हकमा लिखत बदर भएकै देखिन्छ। पुनरावेदक वादीहरू तथा प्रत्यर्थी प्रतिवादी गरी जम्मा ४ अंशियाराबाहेक अन्य अंशियार भएको नदेखिँदा नाबालक उदितनारायण चौधरी र मानरूपा चौधरीको हकमा सुरू जिल्ला अदालतको फैसला केही उल्टी गरी पुनरावेदक वादी चम्पादेवी चौधरीको हक लाग्नेसम्मको ४ भागको १ भाग लिखत मात्र बदर हुने गरी भएको पुनरावेदन अदालत, बुटवलको फैसला मिलेकै देखिन आउने।

अतः माथि विवेचित आधार कारणहरूबाट यी प्रत्यर्थी प्रतिवादीले पुनरावेदक वादीहरूमध्ये एकासगोलको पत्नी चम्पादेवी चौधरीको मन्जुरी नलिई आफ्नो नाममा दर्ता रहेको उक्त विवादित जग्गा राजीनामाको लिखतबाट बिक्री व्यवहार गरेको देखिँदा निज चम्पादेवीको हक लाग्नेसम्मको ४ भागको १ भाग लिखत मात्र बदर हुने ठहऱ्याई गरेको पुनरावेदन अदालतको मिति २०६७।३।२८ को फैसला मनासिब देखिँदा सदर हुने।

इजलास अधिकृत: उदविर नेपाली

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम्।

५

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री केदारप्रसाद चालिसे,** ०६८-CI-०२६६, घर हटाई खिचोला मेटाई चलन चलाई पाउँ, *हरिप्रसाद केवट वि. चन्द्र गुजुली केवट*

सुरू जिल्ला अदालतबाट भई आएको मिति २०६७।१।४ मा भएको सर्जमिन मुचुल्काका मानिसहरूले साबिकदेखि नै उक्त जग्गा वादीले भोगचलन गर्दै आएका हुन् प्रतिवादीले घर बनाई खिचोला गरेका हुन् भनी किटानी साथ लेखाइदिएको देखिन्छ। विवादित जग्गा सरकारी ८ नं. भित्रको जग्गा हो भनी यी पुनरावेदक प्रतिवादीका साक्षीले समेत सुरू अदालतमा बकपत्र गरिदिएको देखिन्छ। साबिक वडहरा दुबौलिया गाउँ पञ्चायत कार्यालयको मिति २०३४।९।२७ को घरघडेरी जग्गाको पोत तिरेको रसिद मिसिल संलग्न रहेको देखिन्छ भने मिति २०६७।९।८ को बडहरा दुबौलिया गा.वि.स. कार्यालयले २०२७ सालदेखि २०६५ सालसम्म प्रत्यर्थी वादीले विवादित जग्गा खलिहानको रूपमा भोगचलन गर्दै आएको भनी सर्जमिन व्यहोरा खुलाई सो आधारमा किटान गरी सिफारिस दिएको देखिन्छ। यस्तो अवस्थामा विवादित साबिक जग्गामा प्रत्यर्थी वादीले लामो अवधिदेखि भोगचलन गरेको

देखिन आउने ।

जहाँसम्म पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकिर रहेको छ । सो सम्बन्धमा विचार गर्दा प्रत्यर्थी वादीले साबिक वडहरा दुबौलिया गाउँ पञ्चायत कार्यालयको घरघडेरी जग्गाको पोत तिरेको रसिद, २०२७ सालदेखि २०६५ सालसम्म प्रत्यर्थी वादीले नै भोगचलन गर्दै आएको भनी हालको वडहरा दुबौलिया गा.वि.स. ले दिएको सिफारिस, मिति २०६७।१।४ मा सुरू जिल्ला अदालतबाट भई आएको सर्जमिन मुचुल्काका (साँध सँधियारवालाहरू समेतले) अधिकाशं मानिसहरूले साबिकदेखि नै उक्त जग्गा वादीले भोगचलन गरी आएको भनी लेखाइदिएको व्यहोरा तथा पुनरावेदक प्रतिवादीकै साक्षीसमेतले उक्त जग्गा ८ नं. सरकारी पर्ती जग्गा हो भनी सुरू अदालतमा गरेको बकपत्रलगायतका लिखत प्रमाणबाट प्रत्यर्थी वादीले लामो समयदेखि भोगचलन गर्दै आएको देखिन्छ । यी पुनरावेदक प्रतिवादीले उक्त विवादित जग्गा साबिकदेखि नै आफ्नो भोगचलनमा रहेको हो भनी कुनै वस्तुगत आधार प्रमाण पेस गर्नसकेको अवस्था देखिएन । यसरी प्रत्यर्थी वादीले लामो समयदेखि भोगचलन गर्दै आएको उक्त जग्गामा निज तिर्थस्थानमा बसेको समयमा यी पुनरावेदक प्रतिवादीले अनधिकृतरूपमा कब्जा गरी घर बनाएको देखिन आउने ।

अतः माथि विवेचित आधार तथा प्रमाणबाट यी पुनरावेदक प्रतिवादीले प्रत्यर्थी वादीको भोग चलन गर्दै आएको जग्गा अनधिकृत तवरबाट कब्जा गरी घरसमेत निर्माण गरेको देखिएकोले वादी दाबी पुग्न नसक्ने ठहऱ्याएको सुरू नवलपरासी जिल्ला अदालतको मिति २०६७।१।२९ को फैसलालाई उल्टी गरी वादी दाबीबमोजिम घर हटाई वादीले चलन पाउने ठहऱ्याएको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।१२।१४ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: उदवीर नेपाली

इति संवत् २०७३ साल चैत १५ गते रोज ३ शुभम् ।

६

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६६-CR-०५३८, जबरजस्ती करणी, *विक्रम सिंह ठगुन्ना वि. नेपाल सरकार*

प्रतिवादी बिक्रम सिंह ठगुन्नाले अदालतमा जबरजस्ती करणीमा इन्कारी बयान दिए पनि मौकामा दुवैजनाको सहमति र मन्जुरीमा करणी गरेको हो भनी पीडितलाई करणी गरेको कुरालाई स्वीकारी आफ्नो बयान गरेको देखिन्छ । पीडितले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा निज प्रतिवादीले मेरो मुख थुनी बोल्न नदिई डर धाक धम्की देखाई जबरजस्ती सुरूवाल च्याती मेरो मन्जुरी बेगर करणी गरेका हुन् भनी तथा अदालतमा समेत सोही व्यहोरालाई समर्थन हुने गरी बकपत्र व्यहोरा लेखाएको देखिन्छ । Central Police Forensic Science Laboratory बाट प्राप्त मिसिल संलग्न परीक्षण प्रतिवेदनलाई हेर्दा अभियुक्त विक्रम सिंह ठगुन्नाको पेनिस स्वाव तथा पीडितले लगाएको भनिएको सुरूवालमा Human Semen भेटिएको भनी उल्लेख भएको पाइन्छ । यसप्रकारको घटनामा पीडित नै स्वयम् चश्मदित गवाह मानी आएको र आफ्नो चरित्र र अस्मितामै प्रतिकूल प्रभाव पर्ने विषयमा स्वतन्त्र रूपमा पीडितले अनुसन्धानको रोहमा एवम् अदालतमैसमेत एकै मिलानको बयान दिएको देखिन्छ । हुन त सबै अवस्था परिस्थितिमा पीडित भनिएका व्यक्तिको भनाईलाई एक मात्र आधार लिई आरोपितलाई सजाय गरी हाल्ने सोचलाई न्यायको रोहमा समर्थन गर्न सकिँदैन । प्रत्येक घटना, परिस्थिति, पक्षहरूको बयान, तत्काल गरिएको कारवाही, वस्तुस्थितिमा देखिएका प्रमाण, अभियोग लगाउनेको बयानको विश्वसनीयता इत्यादिलाई समष्टिगत रूपमा विश्लेषण गर्नु आवश्यक हुने । प्रस्तुत मुद्दामा प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा करणी गरेको तथ्यमा साबित भए तापनि सो करणी राजीखुशीले गरेको भनी बयान दिएकोमा अदालतसमक्ष बयान दिँदा कसुरमा ईन्कार रही आफू घरमा नभई वारदातको दिन खलंगा बजारमा डेरामा

रहेको भनेको देखिन्छ भने निज प्रतिवादीका साक्षी गगन सिंहले आफूहरूसँगै बसी बियर खाई राति १० बजे मात्र आफ्नो खलंगाको डेरामा गएको भनी बकपत्र गरेको देखिन्छ । यसबाट प्रतिवादीको अदालतसमक्ष गरेको फरक बयान विश्वसनीय देखिन आएन । अर्कोतर्फ घटनाको तत्कालपछि पीडितले आफ्नो परिवारमा घटनाको जानकारी दिएको र भोलिपल्टै जाहेरी परेबाट समेत पनि पीडित वा पीडितको परिवारबाट पछि नयाँ सोच बनाई (After Thought) आफ्नो र परिवारको इज्जत र अस्मिताको विवाद खडा हुने गरी प्रतिवादीलाई काल्पनिक आरोप लगायो होला भनी विश्वास गर्नुपर्ने मनासिब कारण नदेखिने।

प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष भनेका कुराहरूलाई मिसिल संलग्न प्रमाणहरूबाट अन्यथा भन्नसकेको छैन । प्रतिवादीले गरेको बयान व्यहोरा, पीडितको भनाई, परीक्षण प्रतिवेदन व्यहोरासमेतका आधार र कारणहरूबाट यी प्रतिवादी बिक्रम सिंह ठगुन्नाको यस कसुरमा संलग्नता छैन भन्न मिलेन । तसर्थ पीडितले गरेको बयान तथा निज प्रतिवादीको घटना सम्बन्धमा भएको अन्य परिस्थितिजन्य प्रमाणहरूबाट समेत पुनरावेदन अदालत, महेन्द्रनगरको फैसलालाई अन्यथा भन्न नमिल्ने।

पीडितको उमेर सम्बन्धमा हेर्दा जिल्ला स्वास्थ्य कार्यालय, दार्चुलाको च.नं. ४७२।०६४।६५ मिति २०६४।१२।१२ को उमेर जाँच गरेको पत्रबाट १६-१८ वर्ष भनी लेखी आएको मिसिल संलग्न प्रमाणबाट देखिँदा यी प्रतिवादीलाई जबरजस्ती करणीको महलको दफा ३ को उपदफा ४ बमोजिम ५ वर्ष कैद सजाय र क्षतिपूर्तिको माग सम्बन्धमा विचार गर्दा कसुरको अवस्थाको आधारमा रू. १०,०००।– पीडितले प्रतिवादीबाट क्षतिपूर्तिबापत भराई लिन पाउने गरी भएको पुनरावेदन अदालत, महेन्द्रनगरको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः सुमन पाण्डे

इति संवत् २०७४ साल वैशाख १९ गते रोज ३ शुभम्।

## इजलास नं. ९

१

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०५७४, उत्प्रेषण, *विजयकुमार चौधरी वि. शिक्षक सेवा आयोग, सानोठिमीसमेत*

म निवेदकले कानूनबमोजिम समयमै का.स.मू. भरी पेस गरेकोमा ढिलो गरी का.स.मू. फारम पेस गरेको भनी अङ्क घटाई विपक्षी सञ्जयकुमार यादवको तृतीय श्रेणीको शैक्षिक योग्यतालाई द्वितीय श्रेणीको अङ्क दिई मलाई बढुवा हुनबाट वञ्चित हुने गरी विपक्षी शिक्षा आयोगको मिति २०७०।१०।१० को सूचनाअनुसार विपक्षी सञ्जयकुमार यादवलाई बढुवा सिफारिस गरेको कारवाही नियुक्ति दिएको भए सो नियुक्तिलगायत सम्पूर्ण काम कारवाही बदर गरी म निवेदकलाई नि.मा.वि. द्वितीय श्रेणीको शिक्षक पदमा बढुवा गर्नु भनी विपक्षीहरूको नाममा परमादेशको आदेश जारी गरिपाउँ भन्ने निवेदन माग दाबी रहेकोमा मिति २०७२।६।१५ मा शिक्षक सेवा आयोगबाट गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनाअनुसार यी निवेदक नि.मा.वि. द्वितीय श्रेणीको शिक्षक पदमा बढुवाका लागि सिफारिस भई मिति २०७२।१२।२१ मा जिल्ला शिक्षा कार्यालय, धनुषाबाट मिति २०७२।७।२० देखि जेष्ठता कायम हुने गरी बढुवा नियुक्ति भएको बहसका क्रममा कानून व्यवसायीबाट पेस भएको आयोगबाट गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना र बढुवा नियुक्तिपत्रको प्रतिलिपिबाट देखिएकाले निवेदन मागबमोजिम आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०७५५, उत्प्रेषण, *देवदत्त पन्तसमेत वि. त्रिभुवन विश्ववालय सभा, किर्तिपुरसमेत*

त्रिभुवन विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मूल्याङ्कन तथा कार्य क्षमता अङ्क विभाजन एवम् सिफारिससम्बन्धी प्रक्रिया २०६४ (२०७० पौष १४ गतेसम्म भएका संशोधनहरू सहित) को अनुसूची १ को दफा १.२ मा प्रध्यापक पदको आन्तरिक प्रतियोगिताको प्रयोजनार्थ निर्धारित शैक्षिक योग्यताको अङ्क विभाजन दफा १.३ को अन्य व्यवस्थाको अधीनमा रहने गरी भनी विभिन्न तहको शैक्षिक योग्यताबापत अङ्क निर्धारण गरेको देखिन्छ भने दफा १.३ को (क) र (ख) दुवैमा स्नातकोत्तर तह तृतीय श्रेणीमा उत्तीर्ण भएका उम्मेदवारले अङ्क नपाउने व्यवस्था गरेको हुँदा यी निवेदकले स्नातकोत्तर तह तृतीय श्रेणीभन्दा माथिको श्रेणीमा उत्तीर्ण गरेको भन्न नसकेको र तृतीय श्रेणीमा उत्तीर्ण गरेकाले अङ्क नपाउने भन्ने उल्लिखित व्यवस्थामै रहेको देखिन्छ। पहिलेको विज्ञापन एक पटकलाई मात्र भएको र सो व्यवस्था हाल खारेज भइसकेको भन्ने विपक्षीको लिखित जवाफबाट देखिएको हुँदा खारेज भइसकेको व्यवस्थाअनुसार नै उम्मेदवारी दर्ता गर्न पाउनु पर्छ भन्ने निवेदकहरूको माग कानूनसङ्गत देखिन नआएकोले निवेदन मागबमोजिम उत्पेषणको आदेश जारी गर्नु पर्ने अवस्था विद्यमान नदेखिँदा रिट निवेदन खारेज हुने।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७३-CR-००२६, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *इन्दिरा सुवेदी पोखरेल वि. नेपाल सरकार*

प्रतिवादीउपर साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ एवम् हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ दुवै ऐनको कसुर र सजायको दाबी लिई आरोपपत्र पेस हुन आएको देखिन्छ । हाम्रो कानूनी व्यवस्था हेर्दा कुनै पनि व्यक्तिलाई कसुर गर्दाको अवस्थामा प्रचलित कानूनमा तोकिएभन्दा बढी सजाय दिइने छैन भन्ने प्रचलित नेपालको संविधान तथा स्थापित न्यायको मान्य सिद्धान्त रहेको छ । निज प्रतिवादी इन्दिरा सुवेदी पोखरेलले उक्त प्रमाण सन् १९९२ मा प्राप्त गरी वि.सं. २०५५।८।१ मा पेस गरेको मिसिल संलग्न निजको व्यक्तिगत विवरण फारमबाट देखिँदा सो समयमा साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ प्रचलनमा रहेको र आरोप दाबीमा पनि साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ कोसमेत दाबी लिएको देखिएकोले साबिकको कानूनी व्यवस्था आकर्षित हुने भई यी पुनरावेदक प्रतिवादी इन्दिरा सुवेदी पोखरेलले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ बमोजिमको कसुर गरेको देखिने।

तसर्थ, विवेचित तथ्य कानून एवम् यसै अदालतबाट प्रतिपादित सिद्धान्तसमेतका आधार कारणबाट पुनरावेदक प्रतिवादी इन्दिरा सुवेदी पोखरेलले साबिक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ को कसुर गरेको ठहर्‍याई निज प्रतिवादीलाई सोही ऐनको दफा १२ र २९(२) नं. बमोजिम रू ५००।- (पाँच सय) जरिवाना गर्ने गरेको विशेष अदालत, काठमाडौंको मिति २०७२।१०।२१ को फैसला मिलेको देखिँदा सदर हुने।

इजलास अधिकृत : विदुरकुमार उपाध्याय

कम्प्युटर : संजय जैसवाल

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७२-CR-०९४६, भ्रष्टाचार (नक्कली प्रमाण पत्र), *नेपाल सरकार वि. प्रकाशचन्द्र भट्ट*

अदालतका आदेशानुसार विवादित भनिएका

प्रमाणपत्रहरू पुन: प्रमाणीकरण भई आउँदा निज प्रतिवादीले पेस गरेको Intermediate पास गरेको प्रमाण पत्रबमोजिम तृतीय श्रेणीमा पास गरेको पुष्टि भई आएको निजले पेस गरेको चारित्रिक प्रमाण पत्रसमेतबाट प्रमाणपत्रको व्यहोरा समर्थित भएको छ । पुन: प्रमाणिकरणमा Indian Nationality भन्ने उल्लेख भएको विषय प्रस्तुत आरोपपत्रको विवादको विषय देखिँदैन । अरू कसैको शैक्षिक योग्यताको प्रमाणपत्र पेस गरेको भनी यी प्रतिवादीमाथि आरोप पनि लगाइएको छैन । प्रतिवादीको बाबुको नामसमेत उल्लेख भएको कोड नं. क्रमाङ्क एवम् प्राप्ताङ्कसमेत प्रतिवादीले पेस गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उच्च माध्यामिक शिक्षा परिषद्को मिति २०७२।३।२१ को पत्रबाट प्रमाणीकरण भएको भन्ने देखिएको अवस्थामा प्रमाणिकरणको कैफियतमा Indian Nationality भनी लेखिएकै आधारमा मात्र प्रतिवादीले नक्कली एवम् झुठ्ठा प्रमाणपत्र पेस गरेको भनी प्रतिवादीउपर कसुर स्थापित गरी सजाय गर्न मनासिब नदेखिएको हुँदा पुनरावेदक वादी नेपाल सरकारको तर्फबाट उपस्थित हुनु भएका विद्वान् सहन्यायाधिवक्ताको बहस जिकिर तथा यस अदालतबाट मिति ०७३।११।२४ मा भएको प्रत्यर्थी झिकाउने आदेशसँग सहमत हुन नसकिने ।

तसर्थ माथि विवेचित आधार र कारणबाट उच्च माध्यमिक शिक्षा परिषद् सानोठिमी भक्तपुरको मिति २०७१।१२।१८ को पत्रबाट प्रत्यर्थी, प्रतिवादी प्रकाशचन्द्र भट्टको शैक्षिक प्रमाणपत्र पुष्टित भनी लेखिआएकोले आरोप माग दाबीबमोजिम प्रतिवादीले अनुत्तीर्ण भएको झुठ्ठा नक्कली प्रमाणपत्र पेस गरेको नदेखिएकोले प्रतिवादीलाई सफाइ दिने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको मिति २०७२।५।३१ को फैसला मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृत: विदुरकुमार उपाध्याय

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम् ।

५

**मा.न्या.श्री केदारप्रसाद चालिसे र मा.न्या.श्री सारदाप्रसाद घिमिरे,** ०७०-WO-०१९६, उत्प्रेषण, *अंशु वैद्य वि. शिक्षा मन्त्रालय, सिंहदरबारसमेत*

उमेर, नाम र जात सच्चाउने नियमहरू, २०१७अनुसार उमेर, नाम र जात सच्चाउनु परेमा प्रमाणपत्र पाएका मितिले ६ महिनाभित्र प्रमुख जिल्ला अधिकारीसमक्ष निवेदन दिनु पर्नेछ भन्ने प्रावधानसमेत रहेकोमा तोकिएको हदम्यादभित्र सम्बन्धित निकायमा गई आवश्यक प्रक्रिया पूरा गरेको संलग्न कागजातबाट देखिन नआएको अवस्थामा तपाइँको मागबमोजिम जन्ममिति सच्चाउन सकिने कानूनी आधार नरहेको व्यहोरा जानकारी गराई मिति २०७०।४।८ मा परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरले जानकारी पत्र उपलब्ध गराएको निवेदकले निवेदन साथ पेस गरेका प्रतिलिपि कागजातबाट देखिन्छ । यी निवेदकले मिति २०६९।२।३० मा जारी भएको प्रमाणपत्रमा उल्लिखित जन्ममिति सच्चाई पाउँ भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मिति २०६९।११।१४ मा मात्र निवेदन र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरमा मिति २०७०।३।१४ मा दिएका निवेदनहरू उमेर, नाम र जात सच्चाउने नियमहरू, २०१७ र परीक्षा सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०६८ को दफा ४५(२) मा उल्लिखित प्रमाणपत्र पाएको मितिले ६ महिनाको हदम्यादभित्र परेको नदेखिएकाले निवेदन मागबमोजिम परमादेशको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

उपरजिस्ट्रार: शिवलाल पाण्डेय

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७४ साल वैशाख १२ गते रोज ३ शुभम् ।

## इजलास नं. १०

१

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा,** ०७१-WO-०६७०, उत्प्रेषण, *अशोककुमार चौधरी वि. सप्तरी जिल्ला अदालतसमेत*

निवेदनमा उल्लिखित कि.नं. १७१ र १४८ का जग्गा श्रवणकुमार चौधरीले र.नं. १२५२० बाट

मिति २०६०।३।१३ मा गरिदिएको बकसपत्रको लिखतबाट यी निवेदक अशोककुमार चौधरीले प्राप्त गरेको देखिन्छ । उक्त जग्गा निवेदकले अपुतालीको माध्यमबाट प्राप्त गरेको भन्ने देखिँदैन । यस्तो अवस्थामा यी निवेदकले आफ्नो बाबुबाट अंश अपुताली प्राप्त गरेको सम्पत्तिबाहेक अन्य सम्पत्तिबाट बिगो भराइदिनुपर्ने भन्न मिल्ने नदेखिने ।

बकसपत्रको माध्यमबाट निवेदकले प्राप्त गरेको सम्पत्तिउपर दायित्व रहने गरी भएको तत्कालीन पुनरावेदन अदालत, राजविराजको मिति २०७१।९।२४ को आदेश मिलेको नदेखिँदा उत्प्रेषणको आदेशद्वारा बदर हुन्छ। ऋणी श्यामनारायण चौधरीले मिति २०६१।६।४ मा अंश मुद्दाका सन्दर्भमा तायदाती फाँटवारी पेस गर्दा निजको नाममा सप्तरी जिल्ला सकरपुरा गा.वि.स. वडा नं. १ को कि.नं. ७०, ७३, १९४, ऐ. वडा नं . ६ को कि.नं. १६०, ३४८, ३५६, ३५९, ३६०, १५३, अगाडि गा.वि.स. वडा नं. ७क कि.नं. ४९४, ५८७, ६३०, ६२७ र ऐ वडा नं. ८ कि.नं. ३३२ को समेत जम्मा ज.वि. १-९-१२$^{३}/_{४}$ उल्लेख गरेको भन्ने देखिँदा सोही ज.वि. १-९-१२$^{३}/_{४}$ मध्ये विवादका पक्षको हकभोगमा रहेका जग्गामध्येबाट जो जसको बिगो भरिभराउ गर्नुपर्ने हो निजहरूको बिगो कानूनबमोजिम भराई दिनु भनी विपक्षीहरूको नाममा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कार्तिक १९ गते रोज ६ शुभम्।

२

**मा.न्या.श्री सारदाप्रसाद घिमिरे र मा.न्या. श्री पुरूषोत्तम भण्डारी,** ०७३-WH-००५८, बन्दीप्रत्यक्षीकरण, *ज्ञानु खनाल वि. उच्च अदालत, पाटनसमेत*

निवेदकलाई विभिन्न ४० थान मुद्दामा हरेकमा १ वर्ष ६ महिना कैद र ४० थान मुद्दामा जम्मा रू.४२,९७,७२,४४०।२८ जरिवाना भई कैदको हकमा १ वर्ष ६ महिना र जरिवानाको हकमा ४ वर्ष गरी जम्मा ५ वर्ष ६ महिना कैद गर्नु भनी काठमाडौं जिल्ला अदालतबाट मिति २०७३।११।३ मा पत्र पठाए तापनि निवेदक मिति २०६८।५।१३ देखि थुनामा बसेको भई २०७३।११।१२ सम्म कैदमा बसेको अवधि ५ वर्ष ६ महिना भइसक्दा पनि कैद मुक्त नगरेको मिति २०७३।११।१३ देखि हालसम्मको थुनाको अवधिलाई कानूनअनुरूपको मान्न नसकिने ।

तसर्थ यी निवेदकलाई दण्ड सजायको ३८ र ४१ नं. अनुसार कैदको १ वर्ष ६ महिना र जरिवानाबापतको ४ वर्ष कैद गरी जम्मा ५ वर्ष ६ महिना कैदमा राखी कैद मुक्त गर्नु पर्नेमा सो कैद भुक्तान भइसके तापनि अझै थुनामा राखेको देखिएको र विपक्षीहरूबाट यी निवेदकलाई लागेको उपर्युक्त बैंकिङ कसुर मुद्दाबाहेक अन्य मुद्दामा कैद लागेको भन्नसकेको नदेखिँदा निवेदन मागबमोजिम निवेदकलाई थुनामुक्त गरिदिनु भनी बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने ।

इजलास अधिकृत: भोजराज रेग्मी

इति संवत् २०७३ साल चैत ६ गते रोज १ शुभम् ।

## इजलास नं. ११

**मा.न्या.श्री मीरा खड्का र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७०-CR-०११७, कर्तव्य ज्यान, *नेपाल सरकार वि. प्रमोद सुनुवारसमेत*

प्रतिवादीहरूले मृतकलाई मार्नु पर्ने पूर्वरिसइवी भएको कुरा कहीँकतैबाट पुष्टि हुन नसकेको र निजहरूले सँगै बसी रक्सी खाइसकेपछि विवाद भई उसैबखत निज प्रतिवादीहरूले मानबहादुर लिम्बुलाई बाँस र ढुङ्गाले हान्दा निजको मृत्यु भएकोले उसै बखत उठेको रिस थाम्न नसकी साधारण लाठी र ढुंगाले प्रहार गरेकोमा सोही चोटका कारण निज मानबहादुर लिम्बुको मृत्यु भएको देखिँदा सो वारदातको प्रकृति र अवस्था हेर्दा पुनरावेदक / वादी नेपाल सरकारको पुनरावेदन जिकिरबमोजिम मनसायप्रेरित हत्या हो भन्ने तथ्य प्रमाणित हुन सकेको देखिन नआई आवेशप्रेरित हत्या भएको देखिन आउने ।

अतः उपरोक्त तथ्य र आधार प्रमाणबाट प्रतिवादीहरू प्रमोद सुनुवार र सिताराम खड्कालाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद हुने ठहऱ्याई सुरू मोरङ जिल्ला अदालतबाट भएको फैसला सदर गर्ने गरी पुनरावेदन अदालत, विराटनगरबाट मिति २०६९।३।१२ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः दुर्गाप्रसाद खनाल

इति संवत् २०७४ साल जेठ १० गते रोज ४ शुभम्।

## इजलास नं. १२

१

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०५१४, उत्प्रेषण, *मनकुमारी लिम्बु वि. कृषि विकास बैंक लिमिटेड, क्षेत्रीय कार्यालय, विराटनगरसमेत*

बैंकबाट तोकिएको समयावधिभित्र बैंकको कर्जा नबुझाई भाखा नघाएपछि कर्जाको लागि लेखिदिएको धितो बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७ बमोजिम धितो लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल गर्नसक्ने नै देखिने।

यही विषयवस्तुको सम्बन्धमा जिल्ला अदालतमा मुद्दा गरी निवेदकले अदालतको साधारण अधिकारक्षेत्र स्वीकार गरी तहतह फैसला भई अन्तिम भइरहेको छ। सो तथ्यहरूको बारेमा प्रस्तुत निवेदनमा कुनै कुरा उल्लेख गरेको पाइँदैन। अतः निवेदक सफा हातले अदालतमा प्रवेश गरेको देखिन आएन। सबुद प्रमाण बुझी तल्लो अदालतहरूबाट फैसला भइसकेको हुँदा सोही तथ्य र विषयहरूमा रिट क्षेत्रबाट हस्तक्षेपसमेत गर्न मिल्ने हुँदैन। अतः माथि विवेचित आधार प्रमाणबाट बैंकबाट भएको सम्झौता वा सर्त कबुलियत पालन नगरेमा सुरक्षण बापत रहेको जेथा लिलाम बिक्री गरी बैंकले आफ्नो साँवा ब्याज असुलउपर गर्नेसक्ने नै देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विद्याराज पौडेल

कम्प्युटर: उत्तरमान राई

इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०३४७, उत्प्रेषण, *तरबेनीदेवी संघई वि. जिल्ला प्रशासन कार्यालय, ललितपुरसमेत*

कि.नं. १२४० को जग्गाको पूर्वतर्फ रहेको न.नं. १८ को नक्सामा देखिएको २१'६" (एक्काइस फिट छ इन्च) चौडाई भएको उत्तर सडकदेखि दक्षिण कि.नं. ९६७ सम्म पुग्ने जग्गा बाटोकै रूपमा कायम रहने गरी वादी वसन्तराज मिश्र र विपक्षीहरू समेतले संयुक्तरूपमा प्रयोग गर्न पाउने सोबाहेक कि.नं. १२४० को बाँकी घरजग्गा वादी वसन्तराज मिश्रले निखनाई पाउने ठहर्छ भनी यस अदालतबाट मिति २०७२।१२।४ मा फैसला भएको देखिने।

निवेदकका छोरा सुभाषचन्द्र संघईले वसन्तराज मिश्रलाई विपक्षी बनाई शान्ति सुरक्षा कायम गरिपाउँ भनी जिल्ला प्रशासन कार्यालय, ललितपुरमा मिति २०७२।१।२४ मा निवेदन दिएको र वसन्तराज मिश्रले तरवेनीदेवी संघई, सुभाषचन्द्र संघईसमेतलाई विपक्षी बनाई जिउ, ज्यान, धनको शान्ति सुरक्षा गरिपाउँ भनी मिति २०७२।१।२५ मा निवेदन दिई शान्ति सुरक्षाको दृष्टिकोणबाट विपक्षी जिल्ला प्रशासन कार्यालयको अधिकारक्षेत्रलाई दुवै पक्षले समर्पण गरेको स्थिति देखिन्छ। अदालतबाट फैसला भइसकेपछि प्रत्यर्थी वसन्तराजले निखनाई पाउने ठहरेको घरको चाबी निजलाई बुझाउनुपर्ने हुन्छ। यस अदालतबाट पनि घर तथा जग्गासमेत निखनाई पाउने ठहरी फैसला भइसकेको छ। अतः निखनाई पाउँ भन्ने मुद्दा अन्तिम भई घर जग्गा निखनाई पाउने ठहरी रहेको स्थितिमा विपक्षी कार्यालयले साँचो चाबी दिने गरी भएको पत्रले निवेदकको मौलिक हकमा कुनै आघात पुग्न जाने देखिन आएन। विपक्षी कार्यालयमा निवेदन दिएको र

शान्ति सुरक्षाको आधारबाट भएको पत्राचारसमेत उक्त मुद्दाबाट नै टुङ्गो लागिसकेकोले यो रिट निवेदनको औचित्यसमेत समाप्त भइसकेकोले रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विद्याराज पौडेल
कम्प्युटर : उत्तरमान राई
इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

३

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७२-WO-०००८, उत्प्रेषण, *विनोद्कुमार दवाडी वि. चितवन जिल्ला अदालत, भरतपुरसमेत*

निवेदनमा यी निवेदकको वतनमा म्याद तामेल गर्न पठाउँदा घरद्वार फेला नपरी बेपत्ते तामेल भएपश्चात् जिल्ला अदालत नियमावली, २०५२ को नियम २२क बमोजिम नागरिक राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी निजलाई सूचित गर्न कानूनले निर्धारण गरेको प्रक्रिया र रीत पुऱ्याई कानूनबमोजिम म्याद तामेल भएको देखिन्छ। यस्तो अवस्थामा सो प्रक्रियालाई बेरीत भनी बदर गर्दै पुनः अवसर दिँदै जाने हो भने मुद्दाको कारवाही अनन्तकालसम्म लम्बिन जाने भई न्यायिक अन्यौलताको स्थिति सिर्जना हुन जाने।

अतः माथि विवेचित आधार प्रमाणबाट निवेदकको निवेदनमा उल्लिखित काठमाडौं जिल्ला, का.म.न.पा. वडा नं. ७ चाबहिल वतन नै वास्तविक वतन भएको भन्ने तथ्यमा विवाद देखिँदैन। सोही वतनमा निवेदकको नाउँको म्याद लेखी नागरिक राष्ट्रिय पत्रिकामा म्याद सूचना प्रकाशित भएको देखिँदा निवेदकको नाउँमा सो तामेल भएको म्याद बेरीतको भन्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विद्याराज पौडेल
इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

४

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ,** ०७१-WO-०३०६, उत्प्रेषण, *शंकर पाठक वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

निवेदकले मिति २०५९।४।१६ मा अस्थायी अध्यापन अनुमति पत्र पाएको मिसिल संलग्न अध्यापन अनुमति पत्रको फोटोकपीबाट देखिन्छ। शिक्षा ऐन, २०२८ को दफा ११ड(५) मा भएको कानूनी व्यवस्थाअनुसार यी निवेदकले ५ वर्ष र सोभन्दा बढी समय व्यतित हुँदा पनि स्थायी अध्यापन अनुमति पत्र प्राप्त गर्नसकेको मिसिल संलग्न प्रमाणबाट देखिएन। मिति २०७१ श्रावणदेखि निवेदक जिल्ला शिक्षा कार्यालय, मकवानपुरको रेकर्डअनुसार शिक्षक पदमा कायम नरहेकोले निवेदकले निवेदनमा आफू श्री महेन्द्र किरण माध्यमिक विद्यालयमा कार्यरत भनी उल्लेख गरे पनि निवेदक त्यस विद्यालयमा कार्यरत रहनु भएको छैन भनी लिखित जवाफको व्यहोराबाट देखिएको छ। शिक्षकको रूपमा रही पेसा गर्ने निवेदकको रोजगारीको अधिकार निरपेक्ष नभएको र कानूनबमोजिम अध्यापन अनुमति लिएको अवस्थामा मात्र पूर्ण हुने हो। यी निवेदकले निवेदनमा आफ्नो मौलिक हक विपक्षीहरूको काम कारवाहीबाट हनन् भएको भनी उल्लेख गरे तापनि कानूनले तोकेको योग्यता प्राप्त गरेको छु भनी देखाउन नसकेको अवस्थामा निवेदकको मौलिक अधिकारमा आघात परेको हो भनी मान्न मिल्ने अवस्था नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट शिक्षा ऐन, २०२८ को दफा ११ड को कानूनी व्यवस्थाअनुसार निवेदकले स्थायी अध्यापन अनुमतिपत्र प्राप्त गर्नसकेको पाइएन। कानूनले तोकेको योग्यता नै नलिई कार्यविधि नपुऱ्याई अस्थायी शिक्षकलाई निरन्तर लामो समयसम्म शिक्षक पदमा कायम राखी राख्न सो कानूनी व्यवस्थाले मिल्ने नदेखिँदा रिट निवेदन खारेज हुने।

इजलास अधिकृतः विद्याराज पौडेल
कम्प्युटर: उत्तरमान राई
इति संवत् २०७४ साल असार १३ गते रोज ३ शुभम्।

## इजलास नं. १३

१

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०६२ सालको स.फौ. नं.३६४०, भ्रष्टाचार, *नेपाल सरकार वि. केशवप्रसाद भट्टराईसमेत*

पहिलो स्थानीय प्रतितपत्रको रकम भुक्तानी गरी डकुमेन्ट छुटाउन बाँकी छँदै र एकै समूहको फर्मको अन्य शीर्षकमा भाखा नाघेको साँवा ब्याजको ठूलो रकम बाँकी हुँदाहुँदै कुनै धितो सुरक्षण नलिई प्रतिवादी शेरबहादुर थापाको ठाडो तोक आदेशबाट उक्त तीनवटै स्थानीय प्रतितपत्र खोलिदिएको देखिन्छ। जानीजानी बैंकको नीति निर्देशनविपरीत हुने गरी, भाखा नाघेको अन्य कर्जा बाँकी छँदाछँदै, कुनै धितो सुरक्षण नै नलिई, स्थानीय प्रतितपत्र खोली दिनु, प्रतितपत्र खोलेको भोलिपल्टै अख्तियारी बेगर बिल पर्चेजको डकुमेन्ट निगोसिएट गरी ठूलो रकमको भुक्तानी दिनु र सो रकमको साँवा ब्याज असुल नहुनुबाट प्रतिवादी शेरबहादुर थापा र उत्तमकुमार नेपालको बैंकलाई गैरकानूनी हानी र सम्बन्धित पार्टीलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियत रहेको प्रस्ट हुने।

नेपाल बैंकको मिति २०५४।३।२ को परिपत्रअनुसार २०५५ सालमा लगानी गरेको उक्त हाइपोथिकेशन कर्जाको लागि मात्र कर्जाको १५० प्रतिशतले हुने रू. २ करोड ९२ लाख ५ हजार बराबरको अचल सम्पत्ति धितो सुरक्षणमा लिनुपर्ने देखिन आउँछ। सुरक्षण स्वरूप राखिएको विश्वास इन्टरप्राइजेजका नाउँमा तत्कालकै अवधिमा खरिद गरेको जग्गाको लिखत मूल्य एवम् स्थानीय चलनचल्तीको मूल्य तथा कानूनी हैसियतसमेत केही नहेरी नबुझी अस्वाभाविकरूपमा बढी मूल्याङ्कन गरी गराई पेस गरेको मूल्याङ्कन प्रतिवेदनलाई आधार बनाई धितो सुरक्षणबाट असुल हुन नसक्ने किसिमले असुरक्षित कर्जा प्रवाह गरेको, त्यसरी कर्जा प्रवाह गर्दा पुरानो कर्जा तिर्न नयाँ कर्जा सिर्जना गरेको र एउटै समूह वा नियन्त्रणको फर्मका नाउँमा अन्य शीर्षकमा भाखा नाघेको पुरानो कर्जाको ठूलो रकम बाँकी हुँदाहुँदै पनि पटकपटक नयाँ कर्जा प्रवाह गरेको भन्ने वादी पक्षको अभियोगलाई होइन भन्नसकेको पनि नपाइने।

फर्म / कम्पनीहरूले सुरक्षण स्वरूप राखेको जग्गाको खरिद गर्दाको लिखत मूल्य र चलनचल्तीको मूल्य एवम् बैंकले धितो पारित गराई दिँदा कायम गरेको मूल्यबीच ठूलो अन्तर देखिएको, किनेको एक साताभित्र जग्गाको खरिद मूल्यभन्दा अत्यधिक मूल्याङ्कन गरेको देखिएको विषयमा पनि त्यसो गर्नुपर्नाको आधार र कारण प्रतिवादीहरूले खुलाउन सकेकोसमेत नपाइँदा प्रतिवादीहरू शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, महन्तबहादुर महर्जन र रजनीलोचन प्रसाद तण्डुकारले बैंकको हितमा दाबीको कर्जा प्रवाह, स्वीकृत एवम् समर्थन गरे गराएको नभई नेपाल बैंकलाई गैरकानूनी हानि र ऋणी प्रतिवादीहरूलाई गैरकानूनी लाभ पुर्‍याउने बद्नियतले जानीजानी नेपाल बैंकको नीति, निर्देशन एवम् परिपत्रहरूको उल्लङ्घन हुनेगरी दाबीको कर्जा प्रवाह गर्ने गराउने कार्य गरेको भन्ने तथ्यको पुष्टि हुन आउने।

प्रतिवादीहरूबाट भए गरेका स्थानीय प्रतितपत्रको कारोबार हेर्दा प्रो.केशवप्रसाद भट्टराई रहेको सिद्धी इन्टरप्राइजेजको लागि महेन्द्रप्रसाद गर्तौलाले आफ्नो नाउँको जग्गा धितो सुरक्षणमा दिएको, व्यक्तिगत धनजमानी बसेको, हाइपोथिकेशन कर्जा एवम् स्थानीय प्रतितपत्रको बिल पर्चेजबाट उक्त इन्टरप्राइजेजको चल्ती खातामा जम्मा भएको रकममध्ये करिब ६० प्रतिशत रकम भुक्तानी लिएको देखिँदा सिद्धी इन्टरप्राइजेज पनि प्रतिवादी महेन्द्रप्रसाद गर्तौलाकै नियन्त्रणमा रहे भएको देखिन्छ। प्रतिवादीहरू आपसमा मिली बैंकको कर्मचारीहरू समेतलाई मिलाई बनावटी स्थानीय प्रतितपत्र खोली खोल्न लगाई तत्काले डकुमेन्ट निगोसियसन गरी बैंकबाट ठूलो रकम आफूहरूले

भुक्तानी लिने र बिलको रकम तिरी डकुमेन्ट नछुट्टयाई आफूलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बद्नियत राखेको भन्ने वादी पक्षको दाबी सम्बन्धमा माथि उल्लिखित प्रतितपत्रसम्बन्धी विश्लेषणबाट पनि देखिन आएको पाइने।

स्थानीय प्रतितपत्रको कारोबारबाहेक प्रतिवादीहरूले लिएका अन्य कर्जाको सम्बन्धमा हेर्दा विभिन्न बहानामा कर्जा लिने तर भाखा नाघेको कर्जाको साँवा ब्याज तिर्ने बुझाउनेतर्फ उदासिन रहने गरेको भन्ने देखिन आउँछ । उक्त कर्जाको लागि प्रतिवादीहरूले दिएको धितोको जग्गाको मूल्य, मूल्याङ्कन र कानूनी हैसियतका सम्बन्धमा माथि उजागर भएका तथ्यलाई हेर्दा कम मूल्यको कमसल जग्गा तत्कालै खरिद गर्ने, धितोको सम्पत्तिबाट कर्जा असुल हुन नसक्ने किसिमले अस्वाभाविक रूपमा अत्यधिक बढी मूल्याङ्कन गराउने, विभिन्न शीर्षकमा पटकपटक ठूलो रकम कर्जा लिने र नतिर्नेसमेतको कार्य गरी आफूहरूलाई गैरकानूनी लाभ र बैंकलाई गैरकानूनी हानि पुऱ्याउने बद्नियतले उल्लिखित कर्जा लिएको भन्ने वादी पक्षको अभियोग समर्थित हुन आउने।

प्रतिवादीहरू आफूले विवादित धितो सुरक्षणको जग्गा मूल्याङ्कन र स्टक जाँच गरी प्रतिवेदन पेस गरेकोमा अन्यथा भन्न नसकी स्वीकार गरेका छन्। बैंकले लगानी गर्ने कर्जाको सुरक्षा र जोखिम बहन गर्ने उद्देश्यले सुरक्षणको लागि धितो पारित गरी लिइने र ऋणीले कर्जा नतिरेमा सोही धितोबाट बैंकले कर्जा असुल गरी लिनुपर्ने हुन्छ। यसकारण कर्जा प्रवाह गर्नुपूर्व धितो सम्बन्धमा विभिन्न कोणबाट विभिन्न चरणमा मूल्याङ्कन गर्ने गरिन्छ, जसको प्रक्रिया बैंकसम्बन्धी ऐन, नियम, निर्देशिका तथा परिपत्रहरूले निर्धारण गरेको हुन्छ । मूल्याङ्कन गर्ने मूल्याङ्कनकर्ताले बैंकको सोही नीति निर्देशनको अधीनमा रही बैंकको हितमा कर्जा सुरक्षणलाई दृष्टिगत गरी मूल्याङ्कन गर्नुपर्ने हुन आउने । स्टक आफैँ सुरक्षण नभए पनि स्टकले कर्जावालाको शाख, हैसियत र कारोबार निर्धारण गर्ने र सोही अधारमा हाइपोथिकेशन कर्जा प्रवाह हुने भएकोले लगानी सुरक्षाको लागि स्टक जाँच पनि तथ्यमा आधारित हुनुपर्ने हुन्छ। प्रतिवादीहरूबाट पेस भएको प्रतिवेदनमा मूल्याङ्कन गर्दा हेरिएको विषय र लिएको आधार, स्थिति र अवस्था कुनै उल्लेख भएको पाइँदैन। सम्बन्धित फर्मको धितो मूल्याङ्कन गर्ने र स्टक जाँच गर्ने बैंकका कर्मचारी एउटै रहेको पनि पाइने।

प्रतिवादी इन्दीरा गुरूङले मिति २०५५।१२।१२ को कर्जा कमिटीको निर्णयमा मिति २०५५।१२।१९ मा मात्र सबै सदस्यले सही गरिसकेपछि आफूलाई सहिछाप गराउन ल्याएकोले दबाबमा परी सही गरेको भन्ने देखिएकोबाट निजले कर्जा कमिटीको बैठकमा बसी, दाबीको कर्जा बैंकको नीति निर्देशनविपरीत हुनेगरी गैरकानूनी तरीकाले प्रवाह गरेको छ भन्ने जानीबुझी बद्नियत राखी निर्णयमा सही गरेको रहेछ भन्नसकिने अवस्था मिसिल प्रमाणबाट पुष्टि हुन नआउने।

प्रतिवादी शान्ता मानन्धरको हकमा उजुरी प्रतिवेदन हेर्दा यो यस्तो कार्य गरी स्थानीय प्रतितपत्रको बिल नेगोसिएट हुन गई भुक्तानी गएको भन्न स्वयम् वादीले सकेको पाइँदैन। टिप्पणी नलेखी सहमति जनाई सही गरेको भन्नेसम्म अभियोग छ । प्रतिवादीसमक्ष पेस भएका डकुमेन्टहरूमा डिस्क्रिपेन्सी भए नभएको जनाई पेस गरेकै देखिँदा प्रतिवादी शेरबहादुर थापा र उत्तमकुमार नेपालले डकुमेन्ट नेगोसियट गरेको कार्यमा प्रतिवादी शान्ता मानन्धरले पनि सहमति जनाई मतियारको कसुर गरेको तथ्य पुष्टि भएको भन्न नमिल्ने।

प्रतिवादी लक्ष्मण के.सी.को हकमा विचार गर्दा आफ्ना नाउँको जग्गा धितो राख्न दिएको र व्यक्तिगत धन जमानी बसिदिएको भन्नेबाहेक दाबीको कर्जा दिने लिने अन्य कार्यमा पनि सम्लग्न भएको भन्ने दाबी छैन। धितोको जग्गाको मूल्याङ्कन प्रतिवादीले गरे गराएको भन्ने पनि मिसिल प्रमाणबाट देखिँदैन । दाबीको कर्जा लिने खाने बद्नियतले आफ्नै जग्गा

धितो सुरक्षणमा दिएको र व्यक्तिगत जमानी बसेको भन्ने सबुद प्रमाणहरूबाट पुष्टि नभएको अवस्थामा धितो सुरक्षणको लागि प्रतिवादी लक्ष्मण के.सी. ले पनि बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याउने बद्नियतले मतियारको कसुर गरेको भन्ने तथ्य पुष्टि भएको भन्न नमिल्ने।

अतः उल्लिखित आधार, कारणहरूबाट प्रतिवादीमध्येका शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, महन्तबहादुर महर्जन, रजनीलोचन प्रसाद तण्डुकार, महेन्द्रप्रसाद गर्तौला, केशवप्रसाद भट्टराई, विजयप्रसाद लोहनी, उज्वलकुमार ढकाल, केशवलाल श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित, विष्णुराम श्रेष्ठ र नरेन्द्रमेहर श्रेष्ठले उजुरी प्रतिवेदन मागदाबीबमोजिमको कार्य गरी भ्रष्टाचारको कसुर गरेको ठहऱ्याई प्रतिवादीमध्येका इन्दीरा गुरूङ, शान्ता मानन्धर र लक्ष्मण के.सी.ले भने दाबीको कसुरबाट सफाइ पाउने ठहऱ्याएको विशेष अदालत, काठमाडौंको फैसला मनासिब देखिने।

प्रतिवादी बनाइएका शेरबहादुर थापासमेतलाई बिगोबमोजिम जरिवाना हुनुपर्नेमा रू.५०००।– मात्र जरिवाना हुने ठहरेको विशेष अदालतको फैसला मिलेको छैन भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९(२) मा *परिच्छेद २ अन्तर्गत सजाय हुने कसुरको सम्बन्धमा जरिवाना तोक्दा जरिवानाको माथिल्लो हद रू.५०००।– हुनेछ* भन्ने उल्लेख भएको पाइन्छ। सोही दफाको प्रतिबन्धात्मक वाक्यांशमा *बिगो रू.५०००।– भन्दा बढी भएमा सो बिगोबमोजिम जरिवाना हुनेछ* भनी उल्लेख भएको देखिन्छ। प्रतिवादी बनाइएका बैंक कर्मचारी एवम् मूल्याङ्कनकर्ताहरू समेतका हकमा वादी पक्षले अभियोगमा यो यति बिगो हिनामिना गरेको वा भ्रष्टाचार गरेको भन्ने स्पष्ट दाबीको अभावमा उक्त दफा २९(२) को हदभन्दा बढी जरिवाना गर्न नमिल्ने भनी विशेष अदालतको फैसला मिलेको देखिन आउने।

बिगोको रकम तिर्नुपर्ने ठहर भएका प्रतिवादीहरूबाट असुली हुन नसकेको अवस्थामा शेरबहादुर थापाबाट असुल गर्ने फैसला न्यायसङ्गत भएन भन्ने शेरबहादुर थापाको पुनरावेदन जिकिर सम्बन्धमा हेर्दा उजुरी प्रतिवेदनमा सजायको हकमा प्रतिवादीहरूउपर एउटै कसुरको सजायमा दाबी नभई केहीलाई मुख्य कसुरदारमा र केहीलाई मतियारमा दाबी रहेको तर बिगोको हकमा नेपाल बैंक लिमिटेडलाई २०५८ फागुन मसान्तसम्म गैरकानूनी हानि भएको सावाँ ब्याजको रकम रू.९,६१,२८,५३२।०१ र भरिभराउ हुँदाका दिनसम्मको हानिसमेत विपक्षीहरूबाट नेपाल बैंक लिमिटेडलाई भराइपाउँ सबै प्रतिवादीहरूउपर एउटै दाबी लिएको पाइन्छ। बैंकलाई भएको गैरकानूनी हानि नोक्सानीको लाभ सबै प्रतिवादीले बराबर पाएको वा प्रतिवादीमध्ये यसले यति पाएको भन्ने उजुरी प्रतिवेदनबाट नखुल्ने।

दाबीको कर्जा प्रवाह गरी बिल पर्चेज गरी प्रतिवादी महेन्द्रप्रसाद गर्तौला, विजयप्रसाद लोहनी र केशवप्रसाद भट्टराईलाई गैरकानूनी लाभ पुऱ्याएको भन्नेसम्म उजुरी प्रतिवेदनबाट देखिन्छ। सबुद प्रमाणहरूबाट पनि दाबीको बिगो प्रतिवादी महेन्द्रप्रसाद गर्तौला, विजयप्रसाद लोहनी र केशवप्रसाद भट्टराईले लिई उपभोग गरेको पुष्टि भएको अवस्थामा प्रतिवादीहरू सबैबाट भराउन न्यायसङ्गत हुने नदेखिने।

दाबीको कर्जा प्रवाह गर्ने गराउने एवम् बिल पर्चेज गर्ने कार्यमा कसुरदार देखिएका सबै प्रतिवादीहरूको कामको प्रकृति र संलग्नता एकै किसिमको नभई अलगअलग भएको र बिगोको दाबी एउटै भएको हुँदा अलगअलग बिगो कायम हुनसक्ने अवस्था पनि देखिँदैन। दाबीको कर्जा प्रवाह गर्दा एवम् स्थानीय प्रतितपत्र खोली बिल पर्चेज गर्दा पदीय दायित्वको आधारमा निर्वाह गरेको भूमिकाको आधारमा कर्जा स्वीकृत गर्ने अन्तिम अख्तियारीप्राप्त शेरबहादुर

थापा रहेको एवम् निजले बैंक र यसका कर्मचारीहरूबाट सम्पादित कार्यको मूल्याङ्कन, निरीक्षण, सुपरिवेक्षण गर्नुपर्ने एवम् कैफियत देखिन आएमा कर्जा प्रवाहमा अंकुश लगाउन सक्नेसम्मको अधिकार प्रयोग गर्न पाउनेमा त्यसो नगरी ठाडो तोक आदेशको भरमा कर्जा प्रवाह गर्ने, कर्जा प्रवाह गर्दा धितोको मूल्याङ्कन सही तवरले भए नभएको तथा धितो असल वा कमसल के हो हेर्दै नहेरी बैंकको कर्जा लगानीसम्बन्धी ऐन, नियम, निर्देशिका एवम् परिपत्रहरूको उल्लङ्घन गरी कर्जा प्रवाह गरेको, नियमितरूपमा राख्नुपर्ने कर्जा कमिटीको बैठक नगराई एकमुष्ठरूपमा कर्जा कमिटीबाट पास गराउने गरेकोसमेतबाट बैंकको कर्जा प्रवाहबाट भएको नोक्सानीको अन्तिम जिम्मेवारी पनि निजले नै लिनुपर्ने हुन आउने।

अतः दाबीको कर्जा एवम् बिल पर्चेजको रकम लिई उपभोग गर्ने प्रतिवादी महेन्द्रप्रसाद गर्तौला, विजयप्रसाद लोहनी र केशवप्रसाद भट्टराईबाट उपभोग गरेअनुसारको बिगो असुलउपर गर्ने र निजहरूबाट असुल हुन नसकेको बिगोजति प्रतिवादी शेरबहादुर थापाबाट असुल ठहर गरेको विशेष अदालतको फैसला न्यायसङ्गत देखिन आउने।

तसर्थ मिसिल संलग्न सबुद प्रमाण एवम् माथि उल्लिखित आधार र कारणहरूबाट उजुरी प्रतिवेदन माग दाबीबमोजिमको कार्य गरी प्रतिवादीमध्येका शेरबहादुर थापा, उत्तमकुमार नेपाल, पुरूषोत्तमप्रसाद श्रेष्ठ, उज्वलकुमार ढकाल, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित, महन्तबहादुर महर्जन, रजनीलोचन प्रसाद तण्डुकार र नरेन्द्रमेहर श्रेष्ठले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) अन्तर्गतको, प्रतिवादी केशवलाल श्रेष्ठले सोही ऐनको दफा ७(१) अन्तर्गतको, प्रतिवादी केशवप्रसाद भट्टराई, विजयप्रसाद लोहनी र महेन्द्रप्रसाद गर्तौलाले सोही ऐनको दफा ८ अन्तर्गतको कसुर गरी नेपाल बैंक लिमिटेडलाई जम्मा रू. ९,६१,२८,५३२।०१ गैरकानूनी हानि नोक्सानी र प्रतिवादी महेन्द्रप्रसाद गर्तौला, केशवप्रसाद भट्टराई र विजयप्रसाद लोहनीलाई गैरकानूनी लाभ पुऱ्याएको ठहऱ्याई हानि नोक्सानी पुऱ्याएको बिगोमध्ये प्रतिवादी महेन्द्रप्रसाद गर्तौलाबाट रू.३,९०,५३,१३७।३३, प्रतिवादी महेन्द्रप्रसाद गर्तौला तथा केशवप्रसाद भट्टराईबाट रू.४,१७,४८,१८८।६८, प्रतिवादी महेन्द्रप्रसाद गर्तैला तथा विजयप्रसाद लोहनीबाट रू. १,५३,२७,२०६।– र निजहरू तिनैजनाबाट असुल हुन नसकेको बिगो जतिको रकम कर्जा लगानी गर्दा मुख्य जिम्मेवार देखिएका व्यक्ति प्रतिवादी शेरबहादुर थापाबाट भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा २९ बमोजिम नेपाल बैंक लिमिटेडलाई भराइदिने, अन्य प्रतिवादीहरू इन्दिरा गुरूङ, शान्ता मानन्धर र लक्ष्मण के.सी.ले दाबीको कसुरबाट सफाइ पाउने, सो ठहर्नाले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९(२) को प्रतिबन्धात्मक वाक्यांशअनुसार प्रतिवादी महेन्द्रप्रसाद गर्तौलालाई रू.६,७५,९०,८३४।६७, प्रतिवादी केशवप्रसाद भट्टराईलाई रू.२,०८,७४,०९४।३४ र प्रतिवादी विजयप्रसाद लोहनीलाई रू.७६,६३,६०३।- जरिवाना हुने, सोही ऐनको दफा ७(२) र २९ बमोजिम कसुरको मात्राअनुसार प्रतिवादी शेरबहादुर थापालाई २ वर्ष कैद र जरिवाना रू.५,०००।-, प्रतिवादी उत्तमकुमार नेपाललाई १ वर्ष कैद र रू.५०००।- जरिवाना, प्रतिवादी पुरूषोत्तमप्रसाद श्रेष्ठलाई ९ महिना कैद र जरिवाना रू.५,०००।-, प्रतिवादी रजनीलोचन प्रसाद तण्डुकारलाई ६ महिना कैद र जरिवाना रू.५,०००।-, प्रतिवादी महन्तबहादुर महर्जनलाई ६ महिना कैद र जरिवाना रू.५,०००।- प्रतिवादीहरू उज्वलकुमार ढकाल, विष्णुराम श्रेष्ठ, लोकबहादुर श्रेष्ठ, कृष्णबहादुर कारन्जित र नरेन्द्रमेहर श्रेष्ठलाई जनही रू. ५,०००।- का दरले जरिवाना हुने, अर्का प्रतिवादी केशवलाल श्रेष्ठलाई सोही ऐनको दफा ७(१) र २९ बमोजिम रू. ५,०००।– जरिवाना हुने ठहऱ्याएको विशेष अदालतको मिति २०६२।७।१३ को फैसला मिलेको देखिँदा सदर हुने ठहर्छ। पुनरावेदक वादी एवम् प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न

नसक्ने।

इजलास अधिकृतः आत्मदेव जोशी

कम्प्युटरः मन्जिता ढुंगाना

इति संवत् २०७३ साल कात्तिक २२ गते रोज २ शुभम्।

- यसै लगाउको ०६३ सालको रिट नं.३४३१, उत्प्रेषण / परमादेश, *महन्तबहादुर महर्जन वि. कृष्णराज लामिछानेसमेत*

२

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०७०-RC-००२०, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिश्री सहनीसमेत*

घटनास्थल प्रकृति मुचुल्का, लास जाँच मुचुल्का, प्रतिवादीहरूको अधिकारप्राप्त अधिकारीसमक्षको बयानसमेतका मिसिल संलग्न प्रमाणहरूको विश्लेशण गर्दा यी प्रतिवादी भोला सहनी भन्ने मिश्री सहनी र जितेन्द्र महतो जनतान्त्रिक तराइ मुक्ति मोर्चा ज्वाला समूहको संगठित आपराधिक समूहका सदस्य भएको र मृतकले निजहरूको सुराकी गरेको भनी योजनावद्ध तरिकाबाट यी प्रतिवादीहरूले सो समूहको नामबाट विभिन्न व्यक्तिहरूलाई हत्या गर्ने क्रममा प्रस्तुत मुद्दाका मृतक सहदेव चौलागाईंलाई धारिलो हतियार प्रयोग गरी निर्ममतापूर्वक घाँटी रेटी कर्तव्य गरी मारेको पुष्टि हुन आउने।

मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. मा धार भएको वा नभएको जोखिमी हतियार गैह्रले हानी, रोपी, घोची ज्यान मारेमा जतिजना भई हतियार छाडेको छ उतिजना ज्यानमारा ठहर्छन्। सर्वस्वसहित जन्मकैदको सजाय गर्नुपर्छ भन्ने कानूनी व्यवस्था भएको पाइन्छ। प्रस्तुत मुद्दामा यी प्रतिवादीहरू जितेन्द्र महतो कोइरी र भोला भन्ने मिश्री सहनीसमेतले मृतक सहदेव चौलागाईंलाई योजनावद्धरूपमा मार्ने नियत लिई धारिलो हतियारले घाँटी रेटी कर्तव्य गरी मारेको पुष्टि भएकोले निजहरूलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको पुनरावेदन अदालतको फैसला अन्यथा देखिन नआउने।

तसर्थ, प्रतिवादीहरू जितेन्द्र महतो कोइरी र भोला भन्ने मिश्री सहनीले आरोपित कसुर गरेको पुष्टि हुन आएकोले निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गरेको सुरू जिल्ला अदालतको फैसला सदर गरेको पुनरावेदन अदालत, हेटौंडाको मिति २०६९।१०।२ को फैसला मिलेकै देखिँदा साधक सदर हुने।

इजलास अधिकृतः भोजराज रेग्मी

इति संवत् २०७४ साल असार २५ गते रोज १ शुभम्।

- यसै लगाउको ०७०-RC-००२६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. मिश्री सहनीसमेत* भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

३

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-११४३, उत्प्रेषण, *प्रा.डा. अशोकरत्न बज्राचार्य वि. चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, वीर अस्पतालसमेत*

यस अदालतको मिति २०६९।०९।०९ को अन्तरिम आदेशले निवेदक अनिवार्य अवकाश प्राप्त गर्नुभन्दा अगाडिसम्म अर्थोपेडिक विभागको प्रमुखको हैसियतले कार्य गर्नुभएको देखिन्छ। निवेदक वीर अस्पतालको सेवा अवधिबाट अनिवार्य अवकाश प्राप्त भएको मितिबाट ३ (तीन) वर्षको लागि अर्थोपेडिक विभागमा विशेषज्ञको रूपमा नेपाल सरकारबाट नियुक्त हुनुभएकोमा सो अवधिसमेत समाप्त भएको देखिन्छ। निवेदक अर्थोपेडिक विभागको सेवा अवधिबाट नै समाप्त भई सेवामा नरहेको देखिएकोले अब प्रस्तुत निवेदन निवेदकको हकमा औचित्य समाप्त भइसकेको देखियो। निवेदकको हकमा प्रस्तुत निवेदनको औचित्य समाप्त भइसकेकोले प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर: अर्जुन पोख्रेल

इति संवत् २०७३ साल भदौ ०६ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:

- ०६९-MS-००१९, अदालतको अवहेलना, *प्रा.डा. अशोकरत्न बज्राचार्य वि. डा. बुलन्द थापासमेत*
- ०६९-WO-०६३३, उत्प्रेषण, *प्रा.डा. अशोकरत्न बज्राचार्य वि. डा. बुलन्द थापासमेत*

४

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६८-WO-०५२०, उत्प्रेषण, *चन्द्रमान गुरूङ वि. पुनरावेदन अदालत, पोखरासमेत*

लेनदेन मुद्दामा प्रतिउत्तर फिराई फैसला हुँदाको मितिसम्म तारेखमा रहेका प्रतिवादीले सो लेनदेन मुद्दाको कारवाही फैसला के भएछ भनी आफैँले चासो चिन्ता लिई फैसलाउपर पुनरावेदन गर्न म्याद जारी हुन्छ भन्ने जानकारी हुन्छ । यदि वास्तवमा प्रतिउत्तरमा लेखिएको वतन परिवर्तन भएको भए वा सो स्थानबाट बसोबास सरेको भए स्वयम् निवेदकले नै कुनै न कुनै माध्यमबाट जानकारी गराउनु छिटो छरितो न्याय प्रदान गर्ने कार्यमा अदालतलाई सहयोग हुन्थ्यो । रीतपूर्वक तामेल भएको पुनरावेदनको म्यादसमेत बेरीतको भनी केवल लेनदेन मुद्दाको फैसला कार्यान्वयनलाई ढिलाई गर्ने उद्देश्य रहनु उचित नहुने।

प्राविधिक र कानूनी छिद्र खोजी मुद्दाको फैसला र कारवाहीको बारेमा थाहा जानकारी राख्नुपर्ने आफ्नो कर्तव्यतर्फ उदासिनतामा देखाई लामो समयपछि आएर तामेल भएको पुनरावेदन म्याद गैरकानूनी भनी निवेदक सफाहात लिई अदालतमा प्रवेश गरेको देखिन नआउने।

तसर्थ उल्लिखित तथ्य एवम् आधार प्रमाणहरूबाट निवेदक चन्द्रमान गुरूङ नाउँको मिति २०६५।१२।२ को पुनरावेदनको म्याद रीतपूर्वक नै रहेको देखिँदा सो म्यादलाई बदर नगर्ने गरी पुनरावेदन अदालत, पोखराले मिति २०६८।३।३० मा गरेको आदेश कानूनबमोजिम एवम् रीतपूर्वक नै भएको देखियो । निवेदकको पुनरावेदन अदालत, पोखराले मिति २०६८।३।३० मा गरेको आदेश बदर गरिपाउँ भन्ने निवेदन दाबी पुग्ने देखिएन। तसर्थ प्रस्तुत निवेदन खारेज हुने।

इजलास अधिकृत : प्रेम खड्का

कम्प्युटर: रमेश आचार्य

इति संवत् २०७३ साल भदौ ५ गते रोज २ शुभम्।

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएका छन:

- ०६८-WO-०५१९, उत्प्रेषण, *चन्द्रमान गुरूङ वि. पुनरावेदन अदालत, पोखरासमेत*
- ०६९-WO-१२७१, उत्प्रेषण, *चन्द्रमान गुरूङ वि. कास्की जिल्ला अदालत, पोखरासमेत*

५

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री प्रकाशमान सिंह राउत,** ०६७-WO-०२९५, उत्प्रेषण, *विक्रमादित्य पाण्डे वि. पुनरावेदन अदालत, बुटवलसमेत*

फैसलाको ठहर खण्डमा उल्लेख भएको कुराहरूले विवादित सम्पत्तिमा हक निर्धारण गरेको हुनुपर्दछ । ठहर खण्डमा निवेदक २०१७ सालमा नै छुट्टी भिन्न बसेको भनी निजलाई बाहेक गरी अरू ५ जना अंशियारलाई मात्र सगोलको अंशियार कायम गरिएको छ । अंश मुद्दाको ठहर खण्डमा उल्लिखित व्यहोराबाट निवेदकको नाउँमा रहेको सम्पत्ति बन्डा लाग्ने अवस्था नै देखिन नआउने।

अंश मुद्दाको ठहर खण्डको भावनाविपरीत निवेदकले पेस गरेको तायदातीको सम्पत्तिसमेत समावेश हुने गरी फैसलाको तपसिल खण्डमा उल्लेख हुन पुगेको देखियो । सो भुलवश उल्लेख भएको तपसिल खण्डसमेत झिकिदिने भनी जिल्ला अदालतबाट मिति २०६६।११।२८ मा संशोधन आदेशसमेत भई सो संशोधित आदेशले फैसलाकै अंगको हैसियत ग्रहण गरिसकेको छ । यसप्रकार उक्त

दे.नं. २१८८ को अंश मुद्दाको फैसलाले निवेदक २०१७ सालमा नै छुट्टी भिन्न भई वेगल भइसकेकोले निजको सम्पत्ति बन्डा नलाग्ने भनी फैसला भई अन्तिम रहेको भन्ने देखियो । फैसलाबमोजिम नै कार्यान्वयन हुनुपर्दछ । फैसलाले बाहेक गरेको विषय भुलवश लेखिएको तपसिल खण्डको आधारले त्यसमा पनि सो तपसिल खण्ड झिकिदिने गरी संशोधित आदेश भएको स्थितिमा विपक्षी हृदय पाण्डेको निवेदकको सम्पत्तिमा हक समाविष्ट हुन नसक्ने ।

अतः निवेदक विक्रमादित्यको देखिएको हाटीवनगाई गा.वि.स. मिन्ही जग्गा ०-५-० को घरजग्गा बन्डा नगरी अरू फैसलाबमोजिम बन्डा छुट्टयाई दिने गरी सुरू रूपन्देही जिल्ला अदालतबाट भएको मिति २०६६।११।१८ को आदेश कानूनबमोजिम नै रहेको देखिँदा सो आदेश बदर गर्ने गरेको पुनरावेदन अदालत, बुटवलको मिति २०६७।४।१७ को आदेश कानूनसङ्गत देखिन नआएकोले उत्प्रेषणको आदेशद्वारा बदर हुने ।

निवेदकको अंश मुद्दाको फैसलाबाट निवेदकको देखिएको बन्डा गर्न नपर्ने भनी उल्लेख भएको घरजग्गाबाहेक अरू सम्पत्तिबाट अंश मुद्दाको फैसला कानूनबमोजिम कार्यान्वयन गर्नु भनी प्रत्यर्थीहरूको नाउँमा परमादेशको आदेशसमेत जारी हुने ।

इजलास अधिकृत: यमप्रसाद बास्कोटा

कम्प्युटर: मन्जिता ढुंगाना

इति संवत् २०७३ साल असोज ११ गते रोज ३ शुभम् ।

## इजलास नं. १४

१

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.डा. आनन्दमोहन भट्टराई,** ०७३-RC-००६६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. रमेश वि.क.*

पुनरावेदक प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष बयान गर्दा मिति २०७२।४।७ गते राति देवकी वि.क.लाई सुतेको अवस्थामा घाँटी रेटी कर्तव्य गरी मारेपछि मलाई देखाएको बिँडसहितको हसिया थान-१ मैले घटनास्थलमा नै छोडी गएको र मबाट बरामद भएको धारिलो हतियार खुकुरी मेरो साथबाट बरामद भएको हो र मृतक देवकी वि.क. को टाउको काटी मैले साथमा लिई जिल्ला दाङ घोराही न.पा. वडा नं. ४ स्थित भरतनाथ योगीको मकैबारीमा गाडेको हुँ । त्यसपछि म त्यहाँबाट भागी जिल्ला दाङ सतबरिया गा.वि.स. वडा नं. २ कप्तानगंजमा गई बसेको हुँ, प्रहरीले मलाई पक्राउ गरी ल्याएपछि मृतक देवकी वि.क. को टाउको मैले गाडेको स्थानमा गई देखाएपछि प्रहरीले उक्त टाउको उत्खनन् गरी ल्याएको हो भनी कसुरमा साबित भई बयान गरेको पाइयो । निजको उक्त साबिती बयान निजले भनेकै ठाउँबाट मृतकको टाउको बरामद भएको बरामदी मुचुल्का तथा वादी पक्षका साक्षीहरूको बकपत्र व्यहोरालगायतका स्वतन्त्र प्रमाणबाट समर्थित भएको देखिन्छ । अनुसन्धानका क्रममा प्रतिवादी रमेश वि.क. ले गरेको साबिती बयान प्रमाण ऐन, २०३१ को दफा ९ बमोजिम प्रमाणमा लिन नमिल्ने कुनै पनि चित्तबुझ्दो आधार, कारण प्रस्तुत हुन आएको पाइएन । तसर्थ प्रतिवादीले अनुसन्धान अधिकारीसमक्ष गरेको साबिती बयानलाई प्रमाणमा लिन मिल्ने नै देखिन आउने ।

प्रतिवादी रमेश वि.क. का दाजु तथा जाहेरवाला रूपलाल वि.क.ले आफूले दिएको जाहेरीको व्यहोरालाई समर्थन गर्ने गरी अदालतमा उपस्थित भई प्रतिवादीउपर किटानी गरी बकपत्र गरेको देखियो । अनुसन्धानको सिलसिलामा उत्खनन् गरी बरामद हुन आएको मृतक देवकी वि.क. को टाउको परीक्षणको लागि पठाइएकोमा उक्त टाउको मृतक देवकी वि.क. को नै भएको भन्ने तथ्य समर्थित हुने गरी परीक्षण प्रतिवेदन प्राप्त भई मिसिल सामेल रहेको देखिन्छ । मृतक देवकी वि.क. को शव परीक्षण गर्दा निजको टाउको नभएको, अत्याधिक मात्रामा रगत बगेकोले निजको मुटु र फोक्सोले काम नगर्दा मृत्यु भएको र निजको फोक्सो, कलेजो र आन्द्रा नभएको उल्लेख भई शव

परीक्षण प्रतिवेदन प्राप्त भएको देखिन्छ । शव परीक्षण गर्ने डा. अभय पोखरेलले सुरू जिल्ला अदालतसमक्ष बकपत्र गर्दासमेत शव परीक्षण प्रतिवेदनको व्यहोरालाई समर्थन गर्दै मृतकको घाउ खुकुरीले हानेको जस्तो थियो भनी बकपत्र गरेको देखिन्छ । यसरी माथि विवेचित प्रमाण, आधार र कारणबाट प्रतिवादी रमेश वि.क. ले मृतक देवकी वि.क.लाई कर्तव्य गरी मारेको कुरा शंकारहित तवरबाट प्रमाणित हुन आएको देखिँदा निज रमेश वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहऱ्याई सुरू जिल्ला अदालत, दाङ देउखुरीबाट भएको फैसलालाई सदर गरेको पुनरावेदन अदालत, तुलसीपुरको फैसला मिलेकै देखिन आउने।

अतः प्रतिवादी रमेश वि.क.लाई मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहर गरेको पुनरावेदन अदालत, तुलसीपुरको मिति २०७३।२।१२ को फैसला मनासिब देखिँदा सदर हुने ।

इजलास अधिकृतः उदवीर नेपाली

इति संवत् २०७३ साल फागुन १७ गते रोज ३ शुभम्।

२

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. डा.आनन्दमोहन भट्टराई,** ०६७-WO-०९५५, उत्प्रेषण / परमादेश, *विन्देश्वर इसरसमेत वि. जलस्रोत मन्त्रालयसमेत*

नेपाल सरकारले आफ्नो नीति तथा कार्यक्रमअनुसारका कार्यहरू गर्न सम्बन्धित निकायहरूलाई जिम्मेवारी दिएको हुन्छ । आफ्नो जिम्मेवारीअनुसारको कार्य गर्दा सम्बन्धित निकायहरूले आवश्यक समन्वय गरेर नै कार्य गरेका हुन्छन् भनी मान्नु पर्दछ । मोरङ सुनसरी सिंचाई आयोजना र पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. २ बीच हुने कार्यहरूको सम्बन्धमा कमाण्डक्षेत्र तोक्ने र स्वीकृत दिने समन्वयकारी निकाय सिंचाई विभाग हो भन्ने देखिन्छ । विपक्षीहरूबाट भएको निर्माण कार्यबाट रिट निवेदकहरूले भनेजस्तो दोहोरो र अनावश्यक कार्य विपक्षीहरूबाट भएको भन्ने देखिँदैन । कानूनबमोजिम स्थापित निकायहरूबाट सरकारको नीति तथा कार्यक्रमभित्र रहेर कानूनबमोजिम सञ्चालन गरेको आयोजनाको कार्यले रिट निवेदकहरूको कुनै मौलिक हकमा असर परेको नदेखिने।

मूल नहर तथा शाखा नहर बिना विवाद किसानहरू तथा जल उपभोक्ता संस्थाको रोहबरमा खन्ने काम समाप्त भई हाल सोलिङ तथा Blinding P.C.C करिब ७०% भागमा सम्पन्न भइसकेको अवस्था छ। रिट निवेदनमा उल्लिखित व्यक्तिहरूमध्ये दुई जना व्यक्तिहरूको जग्गा मूल नहरमा परेको छ । उक्त दुई जनाकै रोहबर र सहमतिमा नहरमा Soiling तथा Blinding P.C.C. सम्पन्न भइसकेको छ भनी पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. २ इनरूवाको लिखित जवाफ रहेको देखिन्छ । यसबाट पुनः निर्माणबाट नहरमा जग्गै नपर्ने व्यक्तिहरूले आफ्नो जग्गा क्षतविक्षत हुने भन्ने जिकिर लिएबाट रिट निवेदकहरूको कथन विश्वासयोग्य मान्न सकिएन । २०५१।०५२ सालमा नहर निर्माण भई किसानहरूको हकभोग स्थापित भइसकेको ठाउँमा पुनर्निर्माण गरी पानी सञ्चालन गर्ने उद्देश्यले सुरु गरिएको कामले रिट निवेदकहरूको यो यस हक अधिकारमा असर परेको भनी स्पष्ट गराउनसकेको अवस्था देखिँदैन । विपक्षी पूर्वाञ्चल सिंचाई विकास डिभिजन नं. २ इनरूवाले आयोजना स्थलमा फित्ता लिई नाप्न थालेको भन्ने आधारमा मात्र रिट निवेदकहरूको हक अधिकारमा असर पर्नसक्ने भनी रिट निवेदन दाबी लिएको देखियो । आयोजनाको कार्यबाट रिट निवेदकहरूको हक अधिकारमा प्रत्यक्ष असर परेको नभई केवल असर पर्नसक्ने अनुमानकै आधारमा रिट निवेदन दायर गरेको अवस्था देखिने।

विपक्षीहरूबाट पुनर्निर्माणको कार्य गरी कोशीको बाढीले क्षतिग्रस्त बनाएको सिंचाई नहरलाई सुधार गरी त्यहाँको असिंचित जग्गाहरूलाई सिंचाईयोग्य बनाउने उद्देश्यबाट अधिकारप्राप्त निकायहरूले

गरेको काम कारवाहीले यी रिट निवेदकहरूको हक अधिकारमा कुनै असर परेको देखिँदैन । सो सिंचाई योजनाबाट निवेदकहरू समेत लाभान्वित नै हुने देखिने।

कुन आयोजनामा कति खर्च गर्ने, आयोजना सञ्चालन गर्नुपर्ने नपर्ने सोसम्बन्धी कार्यको जिम्मेवारी सम्बन्धित सरकारी निकायको हो । जनताको माग तथा आवश्यकतालाई विचार गरेर विकास निर्माणसँग सम्बन्धित आयोजना छनौट तथा सञ्चालन गर्ने जिम्मेवारी सम्बन्धित सरकारी निकायमा रहन्छ। कोशी नदीमा आएको बाढीले बाँध तोडी क्षतिग्रस्त बनाएकोले जग्गामा बालुवा थुपारी तथा माटो कटान गरी संरचनामा परिवर्तन भएको छ भनी रिट निवेदकहरू स्वयम्ले रिट निवेदनमा जग्गा क्षति पुऱ्याएको भनी स्वीकार गरेको देखिन्छ। यसरी बाढीले क्षति पुगी संरचनामा परिवर्तन आएपछि सुधारका आवश्यक योजना ल्याउन सरकारी निकायहरूलाई कानूनद्वारा रोक लगाएको देखिँदैन । यिनै रिट निवेदकहरू समेतको सार्वजनिक हकहितको लागि विकास निर्माण गर्ने उद्देश्यले सम्बन्धित निकायबाट आयोजना छनौट गरेको अवस्था हुँदा त्यस्तो कार्यबाट निवेदकहरूको मौलिक हकमा असर परेको भन्ने अवस्था पनि नदेखिने।

पश्चिम कुशाहा जल उपभोक्ता संस्थाको मिति २०६७।७।६ मा बसेको साधारणसभाले प्रस्तुत निवेदनका अधिकांश व्यक्तिहरू र सेक्टर सिचाईसँग सम्बन्धित किसानहरूको उपस्थिति भेलाले सिंचाई सेक्टर कार्य अविलम्ब सुरू गर्ने, पुनरावेदन अदालतमा दिएको निवेदन फिर्ता गर्ने, अबदेखि कुनै किसिमको वादविवाद नगर्ने निर्णय गरी निर्माण कार्य र योजनालाई स्वीकार गरेको देखियो । तसर्थ विपक्षीहरूले गरेको पुनर्निर्माण कार्यबाट आम उपभोक्ताहरूको जग्गा सिंचित भई सार्वजनिकरूपमा लाभ प्राप्त हुनसक्ने अवस्था देखिएकोले विपक्षीहरूबाट कानूनबमोजिम भएगरिएको कार्यबाट दाबीबमोजिम रिट निवेदकहरूको हक अधिकारमा अनुचित तवरबाट असर पर्ने अवस्था नदेखिँदा निवेदन मागबमोजिम रिट आदेश जारी गर्न मिलेन प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: गेहेन्द्रराज रेग्मी
कम्प्युटर: मन्जिता ढुंगाना
इति संवत् २०७३ साल मङ्सिर १९ गते रोज १ शुभम्।

## इजलास नं. १५

१

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-CR-०८९२, ०७०-CR-००३६ र ०७०-CR-०३७२, कर्तव्य ज्यान, *नानीमैया सार्की वि. नेपाल सरकार, पातली सार्की वि. नेपाल सरकार र नेपाल सरकार वि. विन्दा सार्की*

प्रतिवादीमध्येकी विन्दा सार्की वारदातस्थलमा उपस्थित भएको देखिए पनि निजले मृतकलाई कुटपिट गरेको भन्ने तथ्य स्थापित हुन सकेको छैन। निज विन्दा सार्की अनुसन्धान अधिकारीसमक्षको बयान कागज तथा अदालतसमक्षको बयान गर्दा आरोपित कसुरमा पूर्णरूपमा इन्कार रहेको देखिन्छ। प्रतिवादीहरू पातली सार्की र नानीमैया सार्कीले मौकाको बयानमा प्रतिवादी विन्दा सार्कीले झगडा गर्नु हुँदैन भनी छुट्याएकी थिइन् भनी उल्लेख गरेको देखिन्छ । प्रत्यक्षदर्शीमध्येकी सीता तोलाङ्गे र सानीकाली सार्कीले विन्दाले कुटपिट गरेको होइन भनी अदालतमा बकपत्र गरेको देखिन्छ। निज विन्दा सार्कीले मृतकलाई कुटपिट गर्नुपर्नेसम्मको कुनै कारण देखिँदैन । निजको मृतकसँग पूर्वरिसइवी रहे भएको देखिएको छैन। निजले मृतकलाई कुटपिट गरेको भन्ने तथ्य पुष्टि हुन नसकेको हुँदा निजलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्ने भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीले मृतकलाई मार्नुपर्नेसम्मको इवी तथा मनसाय रहेको नदेखिएको र मृतकले आफ्नो छोरीहरूको चारित्रिक विषयमा भनेको कुराबाट विवाद भई तत्काल उठेको रिस थाम्न नसकी प्रतिक्रियास्वरूप सामान्य हातपात गर्दा सोही चोट पीरसमेतबाट ऐनका

म्यादभित्र मृतकको मृत्यु भएको देखिन आएकोले प्रतिवादीहरूले ज्यानसम्बन्धीको १४ नं. अन्तर्गतको कसुर गरेको मान्नुपर्ने देखियो। सुरू तथा पुनरावेदन अदातलबाट निजहरूलाई ज्यानसम्बन्धीको १३(३) बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सो हदसम्मको फैसला मिलेको देखिन नआउने।

अतः उल्लिखित आधार कारणबाट प्रतिवादी विन्दा सार्कीको हकमा निजलाई अभियोग दाबीबाट सफाई दिएको सुरू अदालतको फैसला सदर गरेको तत्कालीन पुनरावेदन अदालत, पाटनको मिति २०६९।८।१९ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ। प्रतिवादी विन्दा सार्कीलाई समेत अभियोग दाबीबमोजिम सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्दैन। अन्य प्रतिवादीहरू पातली सार्की र नानीमैया सार्कीको हकमा निजहरूलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम जन्मकैद हुने गरी भएको सुरू फैसला सदर गरेको पुनरावेदन अदालत, पाटनको उक्त फैसला मिलेको नदेखिँदा सो हदसम्म केही उल्टी भई निज प्रतिवादीहरू पातली सार्की र नानीमैया सार्कीलाई ज्यानसम्बन्धीको महलको १४ नं. बमोजिम १०(दश) वर्ष कैद सजाय हुने।

इजलास अधिकृतः महेश खनाल

कम्प्युटरः हर्क माया राई

इति संवत् २०७४ साल साउन १६ गते रोज २ शुभम्।

२

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०७१-WO-०७७०, उत्प्रेषण, *उपनाम ए कार्की वि. महान्यायाधिवक्ताको कार्यालय रामशाहपथसमेत*

महान्यायाधिवक्ता मुद्दा चल्ने वा नचल्ने र पुनरावेदन गर्ने वा नगर्ने अन्तिम निर्णय गर्न स्वायत्त र स्वतन्त्र भए पनि त्यस्तो निर्णय स्वेच्छाचारी तथा बद्नियतपूर्वक गरेको भने हुनु हुँदैन। स्वेच्छाचारी निर्णयको लोकतन्त्रमा कुनै स्थान रहँदैन। महान्यायाधिवक्ताले गर्ने निर्णय कानूनद्वारा निर्दिष्ट प्रक्रियाअनुरूप विवेकपरक तथा तर्क, प्रमाण र कानूनका आधारमा औचित्यता पुष्टि हुनसक्ने गरिएको हुनुपर्दछ। स्वेच्छाचारी तथा आत्मनिष्ठ आधारमा यस्तो निर्णय गरिएमा सो निर्णयलाई चुनौती दिन र त्यसको यस अदालतबाट परीक्षण हुनसक्ने।

विपक्षीको लिखित जवाफहरू हेर्दा कानूनले निर्दिष्ट गरेको प्रक्रियाहरू अपनाएर नै पुनरावेदन नगर्ने गरी निर्णय भएको पाइएको छ। यस्तो पुनरावेदन गर्ने आधार कारण नभएको देखी कानूनको प्रक्रिया अपनाई आफूले व्यावसायिकरूपमा संविधान र कानूनद्वारा प्राप्त अधिकारको प्रयोग गरी भए गरेको निर्णय तथा सो सम्बन्धित कार्यलाई अन्यथा भन्न मिलेन। उक्त फैसलाअनुसार यी निवेदक ए कार्कीले मुद्दा सकार गरेमा निजलाई वादी कायम गरी मुलुकी ऐन, आशय करणीको महलको १ नं.को कसुरमा मुद्दा चली ठहरेबमोजिम हुने नै देखिन्छ। यस्तो कानूनबमोजिम नै भएको निर्णय तथा कार्यबाट यी निवेदकको हकहितमा आघात परी निवेदक अन्यायमा परेको भनी रिट जारी गर्न मिल्ने नदेखिने।

अतः माथि विवेचित आधार प्रमाणबाट विपक्षीहरूले आफूले संविधान र कानूनद्वारा प्रदत्त अख्तियारी तथा आफ्नो कार्यगत स्वायत्तता प्रयोग गर्दै कानूनद्वारा निर्दिष्ट प्रक्रियाको अवलम्बन गरी रिट निवेदनमा चुनौती दिइएको जबरजस्ती करणी उद्योग मुद्दामा सुरू संखुवासभा जिल्ला अदालतबाट भएको फैसलाउपर पुनरावेदन नगर्ने गरी गरेको निर्णयमा कुनै कानूनी त्रुटि देखिएन। तसर्थ, प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: यदुराज शर्मा

कम्प्युटर: सिजन रेग्मी

इति संवत् २०७३ साल माघ १० गते रोज २ शुभम्।

३

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६९-WO-०५१७, उत्प्रेषण, *कृष्णप्रसाद रिमाल वि. जिल्ला प्रशासन कार्यालय,*

*काठमाडौंसमेत*

सामान्यतः शान्ति सुरक्षाको प्रश्नमा जिल्ला प्रशासन कार्यालयको पनि सरोकारको प्रश्न हो। आफ्नो कुनै हक नै नभएको र अदालतबाट समेत दाबी जिकिर टुङ्गिसकेको विषयमा जिल्ला प्रशासन कार्यालयले पत्र काटेको देखियो। यी निवेदकले काठमाडौं जिल्ला अदालतमा निषेधाज्ञाको निवेदन दिई सो निवेदन खारेज भएको भन्ने मिसिल संलग्न विभिन्न कागजातहरूबाट देखिन आएको छ। शुद्ध आत्मा र सफा हात रिटका पूर्वसर्त हुन्। सफा हात नलिई अदालतलाई गुमराहमा राखी आफ्नो पक्षमा आदेश जारी गराउन खोज्ने उक्त पक्षको कुरा सुन्न कुनै जरूरी हुँदैन। तसर्थ निवेदनको मागबमोजिम उत्प्रेषणको आदेश जारी गर्न मिलेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

४

**मा.न्या. डा.आनन्दमोहन भट्टराई र मा.न्या.श्री अनिलकुमार सिन्हा,** ०६८-WO-०१४३, उत्प्रेषण / परमादेश, *रामनाथ शाह वि. श्रम अदालत, अनामनगर, काठमाडौंसमेत*

आफू प्रतिष्ठानको लेखाको जिम्मेवारी लिई बसेको अवस्थामा प्रतिष्ठानको नामबाट जारी भएको बिजकबमोजिमको रकम बुझी लिएपछि अनधिकृत रूपमा सो रकम आफैँले लग्नु र त्यस्तो कार्य लेखा परीक्षणको माध्यमबाट प्रकाशमा आएपछि मात्र रकम फिर्ता गर्न स्वीकार गरेकोलाई खराब आचरण देखाएको मान्नु पर्ने हुन्छ। यी निवेदकले प्रतिष्ठानको तर्फबाट जारी भएको बिजकको रकम उठाई तत्पश्चात् बिजक रद्द गरी प्रतिष्ठानलाई बुझाउने रकम विश्वासको भरमा निवेदकको जिम्मा रहेकोमा रू.८,३१,४५७।५७ खाई मासेको भनी स्वीकार गरेको देखिन्छ। यसरी आफ्नो हक नपुग्ने सम्पत्ति रोजगारदाता कम्पनीलाई थाहा नदिई अनधिकृत रूपमा खाई मासेकोमा बेइमानीको नियत प्रस्ट देखिन्छ, यस्तो आचरणको कारण निजलाई प्रतिष्ठानले सोही दफाबमोजिम सेवाबाट हटाउने गरी गरेको निर्णयलाई अन्यथा भन्नु पर्ने देखिन नआउने।

एक पटक आफूले प्रतिष्ठानको नामबाट आधिकारिक बिजक जारी गरी सेवाग्राहीबाट रकम उठाई तत्पश्चात् बिजक रद्द गरी सेवाग्राहीले लिएको सेवाबापत प्रतिष्ठानले पाउने प्रतिष्ठानको स्वामित्वको रकम आफैँले राखी मासेको तथ्य आफैँले स्वीकार गरेको अवस्थामा त्यस्ता कर्मचारी विश्वासयोग्य हुन नसक्ने। विश्वासको घेराभन्दा बाहिर रहेको र प्रतिष्ठानको अहित हुने कार्यमा अग्रसर हुने कर्मचारीलाई पूर्ण विश्वाससाथ कुनै जिम्मेवारी, त्यस्मा पनि आर्थिक जिम्मेवारी दिनुपर्छ भन्ने माग न्यायोचित हुन सक्दैन। यस प्रकृतिले प्रतिष्ठानको सम्पत्ति आफैँ खाई मासेको तथ्य उजागर भएपछि केही रकम फिर्ता गर्ने र बाँकी रकम एकैपटक दिन सक्दिन भनी आफ्नो असक्षमता प्रदर्शन गर्ने व्यक्तिले पुनः सोही पदमा बहालीको माग गरी रिट निवेदन पेस गर्नुलाई सफा हात लिएर अदालतसमक्ष उपस्थित भएको पनि मान्न मिल्ने नदेखिने।

तसर्थ विवेचित आधार कारणहरू समेतबाट निवेदकलाई निलम्बन भएको अवधिभरिको खाईपाई आएको तलब भत्ता तथा उपदानसमेत दिई सेवाबाट हटाउने गरी भएको श्रम अदालतको फैसला मिलेकै देखिँदा उत्प्रेषणको आदेशले बदर गर्न मिलेन। रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: देवीमाया खतिवडा

इति संवत् २०७३ साल फागुन ३ गते रोज ३ शुभम्।

## इजलास नं. १६

१

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०६८-CR-००३६, कर्तव्य ज्यान, *नेपाल सरकार वि. कमल राईसमेत*

भवितव्य ज्यानसम्बन्धी कसुर हुन मुख्यतः ज्यान मार्ने कुनै इवीलाग वा मनसाय नभएको हुनुपर्ने, आफूले गरेको कामबाट मानिस मर्ला भन्ने जस्तो नदेखिएको वा परिणामको पूर्वज्ञान वा ईच्छा नभएको हुनुपर्ने, ज्यान मर्नसक्छ भन्ने पूर्वज्ञान तथा इच्छासमेत नभएको अवस्थामा कुनै काम सावधानीपूर्वक गर्दा अरूलाई लाग्न गई अप्रत्यासितरूपमा मानिस मर्न गएको देखिएको अवस्थामा मात्र भवितव्य मान्न सकिने।

मृतकले रक्सी खाई गाउँ घरका मानिसहरूलाई कुटपिट गर्दै हिँडेकोमा यी प्रतिवादी देशबहादुर राईले दाउराले टाउको र शरीरको विभिन्न भागमा प्रहार गरेको पाईन्छ। दाउराजस्तो कडा वस्तुले टाउको जस्तो संवेदनशील अङ्गमा प्रहार गर्दा मृत्यु हुनसक्छ भन्ने कुरा जोसुकै सामान्य सुझबुझ भएको मानिसको जानकारीमा रहने नै देखिन्छ । प्रतिवादी पनि त्यस्तो जानकारी राख्न नसक्ने तथा सोको पूर्वानुमान गर्न नसक्ने अवस्थामा रहे भएको थिए भनी भन्नसकिने देखिँदैन। यी प्रतिवादीमा मृतकलाई मार्नेसम्मको पूर्वरिसइवी रही सोअनुसारको तयारी तथा योजना बनाएको नदेखिए तापनि यस्तो परिणामको पूर्व जानकारी रहन सक्ने पर्याप्त अवस्था रहेको स्थितिमा गरेको कार्यलाई मनसाय नभएको मान्न सकिँदैन । यस्तो परिणामको पूर्वजानकारी भएको प्रमाणित हुने अवस्थाले नै तत्काल मात्र भए पनि यी प्रतिवादीमा मार्नेसम्मको मनसाय तत्त्वको सिर्जना भएको स्वतः प्रमाणित हुन आउने । बिनाकारण गाउँलेहरूलाई कुटपिट गर्दै हिँडेकोमा यी मृतकउपर रिस तथा आक्रोश उठेको पनि सहजै अनुमान गर्न सकिन्छ । टाउको जस्तो संवेदनशील अङ्गमा दाउरा जस्तो कडा वस्तुले हिर्काएको देखिएकोबाट प्रतिवादीले कुनै कार्य सावधानीपूर्वक गर्दा अप्रत्यासितरूपमा लाग्न गएको भनेर पनि मान्न सकिने देखिँदैन। यसरी वारदातको सन्दर्भ, परिस्थिति तथा आपराधिक कार्य गर्दाको समग्र स्थिति हेर्दा यी प्रतिवादीबाट भएको कार्यलाई भवितव्य ज्यानको कोटीमा राख्न मिल्ने देखिएन। माथि विवेचना गरेअनुरूप यी प्रतिवादीमा मार्नेसम्मको मनसाय मृतककै क्रियाको कारण र तत्काल भए पनि सिर्जना भएको नै देखिन आउँछ। यदि त्यस्तो मनसाय सिर्जना नभएको भए निजले टाउकोमा ताकी दाउराजस्तो कडा वस्तुले प्रहार गर्ने नै थिएनन्। तर्साई भगाउन खोजेको भए अन्य उपाय पनि अपनाउन सकिने हुन्थ्यो। वारदात सांयोगिकरूपमा वा होस् पुऱ्याई कुनै अरू कार्य गर्दा अकस्मात् लाग्न गई भएको भए के काम सावधानीपूर्वक गर्दा कसरी अर्कोलाई लाग्न गएको हो भन्ने स्पष्ट देखिनुपर्ने हुन्छ । त्यस्तो कुनै अवस्था नदेखिई मृतकलाई टाउकोमा हिर्काएको देखिएबाट भवितव्य ज्यानको कसुर मान्न सकिने अवस्था देखिन नआउने।

अतः माथि विवेचित आधार प्रमाणबाट यी प्रतिवादी देशबहादुर राईले कुटपिट गरी सोही चोटपीरबाट राजु परियारको मृत्यु भएको तथ्य स्थापित भएको हुँदा निज प्रतिवादी देशबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १ नं. तथा १३(३) नं. विपरीतको कसुरमा सोही महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय गर्नु पर्नेमा सो नगरी सोही महलको ६(२) नं. बमोजिम २ वर्ष कैद सजाय गर्ने गरी कास्की जिल्ला अदालतबाट मिति २०६६।१२।९ मा भएको फैसला केही फरक गरी सोही महलको ६(४) नं. बमोजिम २ वर्ष कैद सजाय हुने ठहरी पुनरावेदन अदालत, पोखराबाट मिति २०६८।११।१ मा भएको फैसला सो हदसम्म नमिलेकोले निज प्रतिवादी देशबहादुर राईको हकमा उल्टी भई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने।

मृतक राजु परियारले रातको समयमा मादक पदार्थ सेवन गरी गाउँ घरका मानिसहरूलाई कुटपिट गर्दै हिँडेकोमा मृतक प्रतिवादीको कोठामा लुकीछिपी बसेको र निजले उल्टै प्रतिवादीलाई चक्कु देखाएकोले आगो बाल्न ल्याएको चिलाउनेको दाउराले कुटपिट गरेको देखिन्छ। मृतकलाई मार्नै पर्ने भन्ने पूर्वरिसइवी

वा वैमनस्यताको कारण प्रतिवादीले कुटपिट गरेको भन्ने मिसिल संलग्न कुनै पनि तथ्य प्रमाणहरूबाट खुल्न आएको देखिँदैन । निज प्रतिवादीले मृतकलाई मार्छु नै भनी कुटपिट गरेको होइन भनी बयान गरेको देखिएबाट मार्ने योजना, पूर्वरिसइवीको अभाव रहेको अवस्थामा वारदातस्थलमा भएको घटनाको कारण उठेको रिस थाम्न नसकी तत्कालै गरेको कुटपिटको कारण राजु परियारको मृत्यु भएको देखिँदा प्रतिवादी देशबहादुर राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्दा कसुरको मात्राअनुसार सजाय गर्दा चर्को पर्ने देखिएबाट अपराध हुँदाको अवस्था, परिस्थिति, मृतकको कार्य कारणबाट उक्त परिस्थितिको सिर्जना भएको देखिएबाट ४ वर्ष कैद सजाय गर्दा पनि सजाय पर्याप्त हुने हुँदा ४ वर्ष कैद गर्ने गरी मुलकी ऐन, अदालती बन्दोबस्तको १८८ नं. अनुसार प्रतिवादी देशबहादुर राईलाई ४ वर्ष कैद हुने ।

प्रतिवादीहरू पूर्णबहादुर पौडेल, कमल राई र कुविर राईको साथबाट कसुरसित सम्बन्धित कुनै दशी बरामद हुन सकेको पनि छैन । जाहेरवालालगायतका घटना विवरणका मानिसहरूलाई अदालतबाट पटकपटक आदेश हुँदासमेत वादी पक्षले अदालतमा उपस्थित गराई बकपत्र गराउन सकेकोसमेत देखिँदैन । प्रमाणको भार शंकारहित तवरले पुष्टि गर्ने भार वादी पक्षमा रहने भएकोले यी प्रतिवादीहरू पूर्णबहादुर पौडेल, कमल राई र कुविर राईले कसुर गरेको कुरा वस्तुनिष्ठ रूपमा वादी पक्षले पुष्टि गर्नसकेको नदेखिँदा सुरू कास्की जिल्ला अदालतले निज प्रतिवादीहरू पूर्णबहादुर पौडेल, कमल राई र कुविर राईलाई अभियोग दाबीबाट सफाइ दिने गरी ठहऱ्याएको फैसला सदर हुने ठहऱ्याएको पुनरावेदन अदालत, पोखराबाट मिति २०६७।११।१ मा भएको फैसला मनासिब भएकोले सदर हुने ।

इजलास अधिकृत: जगतबहादुर पौडेल

कम्प्युटर: प्रेमबहादुर थापा

इति संवत् २०७४ साल मङ्सिर १४ गते रोज ५ शुभम् ।

२

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री टंकबहादुर मोक्तान,** ०७३-CR-१०६१, अदालतको अवहेलना, *नागरिक उड्डयन प्राधिकरण, बबरमहल वि. कम्प्लिट कन्ट्र्याक्ट कम्पनी प्रा.लि.समेत*

उच्च अदालत, पाटनबाट मिति २०७२।१०।१३ मा भएको आदेशले कुनै समयावधि नतोकी कानूनबमोजिम सम्पन्न गर्नु, गराउनु भनी निर्देशन गरेकोले उक्त बोलपत्रसम्बन्धी प्रक्रिया प्रचलित कानूनको अधीनमा रही टुङ्गो लगाउनु भन्ने प्रक्रियाबाट कार्यान्वयन गर्नुपर्ने हुन्छ । कानूनद्वारा सृजित निकायले कानूनले दिएको दायरा, अधिकार तथा कार्यविधि पूरा गर्नुपर्ने हुन्छ । त्यस्तो कानूनबमोजिम गर्नुपर्ने कार्यलाई उच्च अदालतबाट अवधि तोकी ठेक्का नै प्रदान गर्नु भनी आदेश गरेको भनी व्याख्या गर्नु कानूनसङ्गत देखिँदैन । ठेक्कापट्टासम्बन्धी कार्य सम्बन्धित पक्षको आवश्यकताको आधारमा गरिने र आवश्यकता एवम् सुविधाका आधारमा कानूनबमोजिम सम्झौता गर्ने वा नगर्ने विषय पक्षहरूको अधिकारभित्र समेत पर्ने भएकोले यस्तो विषयमा उच्च अदालतले एक महिनाभित्र ठेक्का दिनु भनी आदेश गरेको अर्थमा लिन नमिल्ने ।

०७२-WO-०३८८ को उत्प्रेषणसमेत मुद्दामा तत्कालीन पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।१०।१३ मा जारी भएको परमादेशको विषयलाई नै लिएर पुनरावेदक प्रतिवादीहरू विरूद्ध परेको ०७३-FJ-००२५ को अदालतको अवहेलना मुद्दामा मिति २०७२।१०।१३ को आदेशबमोजिम काम अगाडि नबढाएको भनी परेको अदालतको अवहेलना मुद्दा सोही आदेशको मूल मर्मसँग नै जोडिएको अवस्थामा मिति २०७३।८।१५ पुनरावेदन अदालत, पाटनबाट भएको बोलपत्रसम्बन्धी प्रक्रियाअन्तर्गत सम्पन्न गर्न बाँकी कार्यहरू सम्पन्न गरी यस अदालतलाई जानकारी गराउनु भनी जारी भएको आदेशलाई अन्यथा भन्न नमिल्ने ।

पुनरावेदन अदालत, पाटनको आदेशमा एक

महिनाभित्र बोलपत्रसम्बन्धी सम्पूर्ण कार्य सम्पन्न गर्न भनी आदेश दिइएको छ, त्यस्तो अर्थ कानूनमा उल्लिखित विधि र प्रक्रिया पूरा गर्नबाट उन्मुक्ति दिएको भन्ने अर्थ गर्न नमिल्ने र कुनै कारणवश सार्वजनिक निकायले खरिद कारवाहीमा पालन गर्नुपर्ने कर्तव्य पालन नगरेकोले आफूलाई क्षति पुग्ने वा पुग्नसक्ने भएको अवस्थामा प्रचलित कानूनबमोजिम वास्तविक उपचार खोज्न सक्ने नै हुँदा अदालतको अवहेलना जस्तो गम्भीर विषयको आडमा कानूनको कार्यविधि छाडी एक महिनाभित्र सम्झौता नै सम्पन्न गर्नु भनी परमादेशसरहको आदेश दिएको अर्थ गर्न नमिल्ने । ठेक्कापट्टा वा सम्झौताको विषय पक्षहरूको आवश्यकता तथा समयानुकूल सन्दर्भलाई हेरी निर्णय गर्नुपर्ने विषय भएकोले कुनै निश्चित पक्षसँग सम्झौता गर्नैपर्छ भनी अदालतले आदेश दिने विषय होइन । अदालतको फैसला वा आदेशको अर्थ गर्दा अदालतले तोकेको समयलाई कानूनबमोजिम पूरा गर्नुपर्ने कार्यविधि पूरा भएको मितिपश्चात् अदालतलाई जानकारी दिने समयको म्यादमा हेरिनुपर्ने हुँदा एक महिनाको समयावधि तोकिनुको अर्थ ठेक्का नै दिनुपर्ने भन्ने नभई प्रक्रियालाई यथास्थितिमा नराख्नु भन्ने उद्देश्य राखिएको मान्नुपर्ने ।

तसर्थ, पुनरावेदन अदालत, पाटनबाट मिति २०७२।१०।१३ मा बोलपत्रसम्बन्धी प्रक्रिया कानूनबमोजिम सम्पन्न गर्न आदेश जारी भइरहेको परिप्रेक्ष्यमा नेपाल नागरिक उड्डयन प्राधिकरण सेवा शुल्क नियमावली, २०६७ एवम् अन्य प्रचलित कानूनी प्रक्रियासमेत पूरा गरी कार्य यथाशीघ्र सम्पन्न गर्नुपर्ने हुँदा त्यसरी वैधानिक प्रक्रियाहरू पूरा गरी अदालतलाई जानकारी दिनुपर्ने गरी पुनरावेदन अदालत, पाटनबाट मिति २०७३।८।१५ मा भएको आदेश मिलेकै देखिँदा सदर हुने ।

इजलास अधिकृतः हिरा डंगोल

कम्प्युटर: अभिषेककुमार राय

इति संवत् २०७४ साल मङ्सिर १३ गते रोज ४ शुभम् ।

## इजलास नं.१९

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** ०७३-WO-११२२, उत्प्रेषण, *सागर शर्मा वि. उच्च अदालत, पाटनसमेत*

बैंक तथा वित्तीय संस्थाहरूबाट अंशियारको मन्जुरी बेगर कम्पनी वा सगोलको सम्पत्ति घरको मुख्य व्यक्तिले धितो राखी लिएको ऋणमा रहने र भएका लिलामी काम कारवाही र लिलामीको कार्यमा अन्य अंशियारले हाम्रोसमेत अंश लाग्ने सम्पत्ति हो भनी दाबी गरेको अवस्थामा धितोमा राखेको सम्पत्ति कस्तो प्रकृतिको हो ? धितो राख्ने व्यक्ति परिवारमा कुन हैसियतमा रहेका छन ? अंशियारले अन्य सम्पत्तिबाट अंश पाउने अवस्था छ छैन ? बैंक एवम् वित्तीय संस्थाबाट दिए लिएको ऋण सुरक्षणबापतको धितो लिलामी कारवाही एवम् अंशियारले दिएका अंश र लिखत बदर मुद्दाहरू कुन अघिपछि हुन ? बैंक तथा वित्तीय संस्थाको ऋण असुलीको कामकारवाही निष्कृय हुने गरी त्यस विरूद्ध अंशियार वा जुनसुकै व्यक्ति निकाय वा संस्थाबाट दिइने जुनसुकै मुद्दाहरू पनि मिलोमतोबाट बैंक तथा वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट दिएको हो होइन ? भनी कानूनी आधारमा नै अति गौण रूपमा हेर्नुपर्ने ।

यति डेभलपमेन्ट बैंकबाट जग्गा सम्बन्धमा भएको लिलामी बदरतर्फ "लिलाम बदर" र साथै अंश मुद्दा दिई ती मुद्दाहरू कारवाहीयुक्त अवस्थामा रहेको हुँदा साबिकका कि.नं.का जग्गाहरूको सम्बन्धमा पछि जहाँ जुन अवस्थामा रहे पनि मातहतका अदालतबाट हुने फैसलामा ठहरेबमोजिम हुने नै हुँदा दुई अलग कम्पनीका संयुक्त नाममा रहेको जग्गा अर्को कम्पनीको सञ्चालकको व्यक्तिगत जमानीमा दृष्टिबन्धक पारित भई बैकमा धित्तो रहेको र उक्त पारित लिखत पनि जेठो रहेको र बैंकबाट कम्पनीको सम्पत्ति धितो राखी लिएको ऋणमा बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन,

२०६३ बमोजिम लिलाम कारवाही गरी ऋण असुली गरिएको अवस्थामा ऋणीको श्रीमती छोराछोरीले पूर्णत: अंशबापत कुनै सम्पत्ति नै प्राप्त गर्न नसक्ने अवस्था रहेकोमा बाहेक बैंक एवम् वित्तीय संस्थाहरूलाई मात्र नोक्सानी पार्ने नियतबाट मात्र मिलोमतोमा दिइने निजहरूको अंशसम्बन्धी मुद्दाका जिकिर गौण हुन पुग्दछ र बैंकबाट धितो राखी लिएको ऋणमा बैक तथा बितिय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५७(१)(२)(४)(५)(६)(७)(८) र (११) नं. बमोजिमको कर्जा असुलीसम्बन्धी कारवाहीले नै प्राथमिकता प्राप्त गर्ने देखिन आउने।

अत: माथि विवेचित आधार र प्रमाणहरूबाट प्रत्यर्थी रामहरी थापा सञ्चालक रहेको अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि. र केशव अधिकारी सञ्चालक रहेको सक्सेस कन्स्ट्रक्सन कम्पनी प्रा.लि. को संयुक्त नाममा दर्ता रहेका कि.नं. ११९,३४९ र १६४ का जग्गा सक्सेस कम्पनी प्रा.लि. का सञ्चालक केशव अधिकारिको व्यक्तिगत जमानीमा निवेदक यति डेभलपमेन्ट बैंकबाट अम्लेश्वर कन्स्ट्रक्सन कम्पनी प्रा.लि.ले ०६७ सालमा नै दृष्टिबन्धक पारित गरी दिई लिएको ऋणमा लिलामी कारवाही भएको देखिन आउँछ भने बैंक तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ को दफा ५६ अनुसार कर्जा प्रवाह भएको र उक्त कर्जा असुली सम्बन्धमा सोही ऐनको दफा ५७(१)(२)(४)(५)(६)(७)(८)(११) नं. बमोजिम कर्जा असुली गर्नसक्ने प्रस्ट कानूनी व्यवस्था भइरहेको देखिएबाट उक्त कि.नं.का जग्गाहरू रोक्का राख्ने गरी उच्च अदालत, पाटनबाट मिति २०७३।११।१९ मा र करदाता सेवा कार्यालय, कलंकी काठमाडौंको च.नं. ४१२९ मिति २०७३।१।१२ मा रोक्का राख्ने गरी भएको आदेश एवम् पत्राचार नमिलेको हुँदा उत्प्रेषणको आदेशले बदर हुने ठहर्छ। उपरोक्त कि.नं. का जग्गाहरू फुकुवा गरिदिई बोलपत्रदाताको नाममा दा.खा. नामसारी गरिदिनु भनी सम्बन्धित मालपोत कार्यालयमा लेखी पठाइदिनु होला भनी परमादेशको आदेश जारी हुने।

इजलास अधिकृत: डिल्लीराम प्रसाई

इति संवत् २०७४ साल पुस २१ गते रोज ६ शुभम्।

## एकल इजलास

**मा.न्या.श्री चोलेन्द्र शमशेर ज.ब.रा.,** ०७४-WO-०१२०, उत्प्रेषण / परमादेश, *विनोद गोहियार यादव वि. उच्च अदालत, जनकपुरसमेत*

रिट क्षेत्राधिकार कुनै पनि व्यक्तिको गुमेको कानूनी हक अधिकारको उपचारको लागि अन्य वैकल्पिक व्यवस्था नभएको वा भए पनि अपर्याप्त र प्रभावहीन रहेको अवस्थामा त्यस्तो हक अधिकारको प्रचलनका लागि आकर्षित हुन्छ। रिट क्षेत्राधिकार ग्रहण गरी तल्ला अदालतहरूबाट तथ्य र प्रमाणको मूल्याङ्कन गरी भए गरेका निर्णयउपर पुनरावेदन हेरेसरह रिटक्षेत्रबाट प्रवेश गरी प्रमाणहरू बुझी तल्ला अदालतहरूबाट भएका कामकारवाहीलाई हस्तक्षेप गर्न मिल्दैन। तहतह निर्णय भई विचाराधीन रहेको मुद्दामा रिट निवेदकको संलग्नता रहे नरहेको भन्ने तथ्यको विवेचना गरी प्रस्तुत निवेदनबाट हेरी निर्णय हुनसक्ने देखिएन। उक्त मुद्दामा रिट निवेदक दोषी वा निर्दोष के हुन् भनी धनुषा जिल्ला अदालतमा विचाराधीन रहेको आगजनी तथा संगठित अपराधसम्बन्धी मुद्दामा फैसला हुँदाका बखत निर्णय हुने नै हुँदा उक्त विचाराधीन रहेको मुद्दामा असर पर्ने गरी आदेश गर्न कानूनत: मिल्ने हुँदैन। अत: निवेदकको मागबमोजिम आदेश जारी हुनसक्ने अवस्था नरहेकोले विपक्षीहरूबाट लिखित जवाफ मगाइरहन परेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: इन्दिरा शर्मा

इति संवत् २०७४ साल भदौ १५ गते रोज ५ शुभम्।

- यसै प्रकृतिको ०७४-WO-०१२१, उत्प्रेषण / परमादेश, *जसलाल यादव वि. उच्च अदालत जनकपुरसमेत* भएको मुद्दामा पनि यसैअनुसार आदेश भएको छ।